"विविधतायुक्त गाउँशहर : समृद्ध मेरो व्यास नगर"

**"Rural Urban Diversity, My Prosperous Vyas Municipality"**

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहुँ
### गण्डकी प्रदेश, नेपाल
२०४८ (पुनसंरचना २०७३)




वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट पुस्तिका

(रातो किताब)

आ.व.२०८३/०८४

# दुई शब्द



वैकुण्ठ न्यौपाने
नगर प्रमुख

व्यास नगरपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन गर्न पाउँदा गौरवको अनुभूति भएको छ । नगरवासीका आवश्यकता, आकांक्षा र प्राथमिकतालाई सम्बोधन गर्दै उपलब्ध स्रोत-साधनको प्रभावकारी परिचालनमार्फत समुन्नत, समृद्ध र दिगो व्यास नगरपालिका निर्माण गर्ने उद्देश्यका साथ यस वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

आ.व. २०८३/०८४ का योजना तथा कार्यक्रम छनोट गर्दा बजेट दिग्दर्शन, २०७८ लाई आधार मानी योजनाको आवश्यकता, औचित्य, प्राथमिकता, सम्भाव्यता, प्रतिफल तथा उपलब्ध स्रोत-साधनलाई ध्यान दिइएको छ । वडाबाट प्राप्त योजना तथा कार्यक्रम, नगरपालिकाका विषयगत समितिका सिफारिस, विगतका अनुभव तथा नगरवासीका आवश्यकता र सुझावलाई समेत समेट्दै नागरिकको जीवनस्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने, उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने र दिगो विकासमा योगदान पुऱ्याउने योजनालाई प्राथमिकता दिने प्रयास गरिएको छ ।

यस पुस्तिकामा आ.व. २०८३/०८४ को नीति, बजेट तथा कार्यक्रम, साझेदारी विकास कोषको बजेट, गैरसरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रम, गण्डकी प्रदेश सरकार तथा संघीय सरकारबाट विनियोजित बजेट तथा कार्यक्रम, साथै वडाबाट छनोट भई आएका नगर, प्रदेश तथा संघस्तरीय योजना तथा कार्यक्रमहरू समावेश गरिएका छन् । विभिन्न विषयगत तथा सम्बन्धित समितिका प्रतिवेदनहरूलाई समेत समेटिएको हुँदा यो पुस्तिका व्यास नगरपालिकाको वार्षिक विकास गतिविधिको एकीकृत दस्तावेजका रूपमा उपयोगी हुने विश्वास लिएको छु ।

संघीय शासन व्यवस्थाको मर्मअनुसार संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य, समन्वय र सहअस्तित्वलाई सुदृढ गर्दै उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्नु आजको आवश्यकता हो। संघीय सरकार, गण्डकी प्रदेश सरकार, वडा कार्यालय, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज तथा स्थानीय समुदायसँगको सहकार्य र साझेदारीमार्फत विकासका प्रयासलाई एकीकृत, प्रभावकारी र परिणाममुखी बनाउनेतर्फ नगरपालिका प्रतिबद्ध रहेको छ ।

गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, दिगो पूर्वाधार, कृषि तथा पर्यटनको विकास, उद्यमशीलता र रोजगारी सिर्जना, सामाजिक समावेशिता, वातावरण संरक्षण, सूचना प्रविधिको प्रयोग, प्रभावकारी सेवा प्रवाह तथा सुशासनलाई प्राथमिकतामा राख्दै नगरपालिकाको विकास यात्रालाई थप गतिशील बनाउने हाम्रो प्रयास निरन्तर रहनेछ। योजना र बजेटको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र र आम नगरवासीबीचको सहकार्य र सहभागिता अपरिहार्य छ ।

प्रस्तुत वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका तयार गर्ने क्रममा सहयोग गर्नुहुने उपप्रमुखज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, विकास साझेदार लगायत नागरिक समाज, सञ्चारकर्मी, सम्पूर्ण नगरवासीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, "विविधता युक्त गाउँशहर, समृद्ध मेरो व्यास नगर" भन्ने मान्यतालाई आत्मसाथ गरी विगतका उपलब्धिलाई संस्थागत गर्दै पारदर्शी, जवाफदेही, सुशासित र परिणाममुखी विकासमार्फत व्यास नगरपालिकालाई अझ समृद्ध र नागरिकमैत्री नगरका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । "हामी सबैको साझा प्रयास, सहकार्य र सहभागिताबाट मात्र समृद्ध व्यास निर्माण सम्भव छ" भन्ने विश्वासका साथ आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि सबैको साथ, सहयोग र रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

# मेरो भनाई



इन्दिरा दरै
उपप्रमुख

ब्यास नगरपालिकाको आ.ब. २०८३/०८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशनको यस महत्वपूर्ण अवसरमा आफ्ना केही विचार प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । नगरपालिकाको समग्र विकासलाई नागरिकको आवश्यकता, समान अवसर, सामाजिक न्याय र समावेशी विकाससँग जोड्दै हरेक वर्ग, समुदाय र क्षेत्रको अर्थपूर्ण सहभागितामार्फत समृद्ध ब्यास निर्माण गर्ने हाम्रो साझा उद्देश्य रहेको छ ।

आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नगरवासीका आवश्यकता र प्राथमिकतालाई केन्द्रमा राख्दै समावेशिता, समानता, सामाजिक उत्तरदायित्व र जनसहभागितालाई विशेष महत्व दिइएको छ । विकासको प्रतिफल समाजका सबै वर्ग, क्षेत्र र समुदायसम्म समान रूपमा पुग्न सक्ने गरी कार्यक्रम तथा योजनाको कार्यान्वयनमा जोड दिनु आवश्यक छ । विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा सीमान्तकृत समुदायको संरक्षण, सशक्तीकरण र मूलप्रवाहीकरणलाई विकासको अभिन्न अंगका रूपमा अघि बढाउनुपर्ने आवश्यकता छ ।

नगरपालिकाको सेवा प्रवाहलाई थप नागरिकमैत्री, पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउँदै सुशासन कायम गर्नु हाम्रो प्रमुख दायित्व हो । यसका लागि सार्वजनिक सेवा तथा विकास कार्यक्रमको कार्यान्वयनमा नागरिकको सहभागिता, अनुगमन र सामाजिक उत्तरदायित्वलाई प्रभावकारी बनाउँदै लैजान आवश्यक छ। नगरपालिकाको न्यायिक समितिमार्फत स्थानीय विवादको न्यायोचित, सरल र सहज समाधान, महिला तथा बालबालिकाको संरक्षण, लैङ्गिक समानता तथा सामाजिक सद्भाव प्रवर्द्धनका कार्यलाई समेत प्राथमिकताका साथ अघि बढाइनेछ ।

समृद्ध नगर निर्माण केवल भौतिक पूर्वाधारको विकासबाट मात्र सम्भव हुँदैन । शिक्षित, स्वस्थ, सक्षम, सुरक्षित, आत्मनिर्भर र सम्मानपूर्वक जीवनयापन गर्न सक्ने नगरवासी नै समृद्ध नगरका वास्तविक आधार हुन् । त्यसैले आर्थिक विकाससँगै सामाजिक विकास, मानव विकास, रोजगारी तथा उद्यमशीलता, महिला सशक्तीकरण, बालमैत्री वातावरण, ज्येष्ठ नागरिकको सम्मान, सामाजिक सुरक्षा तथा वातावरणीय संरक्षणका विषयलाई समान महत्वका साथ अघि बढाउनु आवश्यक छ ।

आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि नगर सभा, नगर कार्यपालिका, वडा कार्यालय, विषयगत समिति, कर्मचारी, संघ तथा प्रदेश सरकार, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र तथा आम नगरवासीबीच निरन्तर सहकार्य, समन्वय र सकारात्मक सहभागिता आवश्यक छ। यसका लागि सबै पक्षबाट प्राप्त हुने रचनात्मक सुझाव, सहयोग र सहकार्यलाई नगरपालिका सदैव स्वागत गर्दछ ।

अन्त्यमा, यस बार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका तयार गर्ने क्रममा सहयोग पुर्‍याउनुहुने नगर प्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, विषयगत समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारीहरू, वडा कार्यालयहरू, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र, सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै समावेशी विकास, सामाजिक न्याय, सुशासन र नागरिकको सम्मानजनक जीवनलाई विकासको मूल आधार बनाउँदै ब्यास नगरपालिकालाई अझ न्यायपूर्ण, समतामूलक र नागरिकमैत्री नगरका रूपमा विकास गर्ने हाम्रो संकल्पलाई व्यवहारमा रूपान्तरण गर्न सबैको निरन्तर साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

# प्रतिवद्धता



सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

व्यास नगरपालिकाको व्यवस्थापिकाको रूपमा रहेको नगर सभाको पैतालीसौं अधिवेशनले नेपालको संविधानको अनुसूची ८ मा रहेका एकल अधिकार र अनुसूची ९ मा रहेका साझा अधिकारहरुको कार्यान्वयनको लागि नगर सभामा पेश भएका नीति तथा कार्यक्रम, योजना र बजेटहरुमा व्यापक रुपमा छलफल गरी संशोधन सहित सर्वसम्मत रुपले पारित गरेको छ। पारित नीति तथा कार्यक्रम, योजना र बजेट छर्लङ्ग हुने गरी यो नगर विकास योजना पुस्तिका प्रकाशन गरिएको छ ।

नेपालको संविधान, दीगो विकास लक्ष्य, सोह्रौं आवधिक योजना, गण्डकी प्रदेशको आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन परिमार्जन सहित २०७५ ले गरेका व्यवस्था अनुसार टोल/बस्ती हुँदै वडा तहबाट गरिएको कार्यक्रम तयारी एवं नगरपालिकामा क्रियाशील स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, ५ वटै विषयगत समितिहरुका निर्णयहरू एवं यस क्षेत्रबाट निर्वाचित भई जाने संघीय एवं प्रदेश माननीयज्यूहरु र नगरका बिज्ञहरूको सुझाव समेतका आधारमा आ.व.२०८३।०८४ को अवधिका लागि बिकास नीति, कार्यक्रम, योजना र बजेट निर्धारण गर्ने कार्य गरिएको छ । सभाले निर्धारण गरेका सबै योजना तथा कार्यक्रमहरु यथासमयमा कार्यान्वयन गर्ने गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।

यो पुस्तिकामा नगरपालिकाका नगरस्तरीय योजनाहरु, वडास्तरीय योजनाहरू, गण्डकी प्रदेश सरकारबाट प्राप्त सशर्त, विशेष र समपूरक तर्फका योजनाहरु, संघीय सरकारबाट प्राप्त सशर्त, विशेष र समपूरक तर्फका योजनाहरु समेत छुट्टाछुट्टै रुपमा समेटिएका छन् । गत बर्ष लिइएका नीतिहरूको समीक्षा गर्दै यस बर्ष तय गरिएका क्षेत्रगत नीतिहरू समेत पुस्तिकामा समेटिएका छन् ।

नीति, कार्यक्रम, योजना र बजेट निर्धारण गर्न अमूल्य सुझाव दिनुहुने माननीय सांसदज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुखज्यू, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू लगायत विभिन्न कार्यालयका प्रमुखज्यूहरु, नगरका विज्ञ सल्लाहाकारज्यूहरु, शिक्षक बुद्धिजीवीहरु, टोल विकास संस्थाहरु, आमा समूहहरु, नागरिक समाज, गैरसरकारी संघसंस्थाहरु, पत्रकारहरु सबैमा आभार प्रकट गर्दछु । नगर सभालाई भव्य रुपमा सम्पन्न गर्न लाग्नुहुने स्थानीय जनप्रतिनिधिज्यूहरु एवं अहोरात्र खट्ने कर्मचारी परिवार सबैमा मूरी मूरी धन्यवाद दिंदै निर्धारित कार्यक्रमहरूको प्रभावकारी कार्यान्यन मार्फत "विवधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर" को दीर्घकालीन लक्ष्य प्राप्तिमा सबै नागरिक समुदाय एवं सरोकारवाला सबैको सदाझैं साथ, सहयोग र समन्वयको अपेक्षा गर्दछु ।

धन्यवाद !

# विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम | ७ |
| २. | आ.व.२०८३/०८४ को बजेट तथा कार्यक्रम | ३८ |
| ३. | आ.व. २०८३।०८४ को अनुमानित आय विवरण | ४३ |
| ४. | आ.व. २०८३।०८४ को अनुमानित व्यय विवरण | ४५ |
| ५. | आ.व.२०८३।०८४ को साझेदारी कोषतर्फको आयव्यय अनुमान | ९० |
| ६. | व्यास नगरपालिका क्षेत्रभित्र आ.व.२०८३/०८४ मा सञ्चालन हुने गैर सरकारी संस्थाको वार्षिक बजेट विवरण | ९० |
| ७. | दिगो विकासका लक्ष्य अनुसार आ.व.२०८३।०८४ को बजेट सांकेतीकरण | ९१ |
| ८. | व्यास नगरपालिका विनियोजन ऐन, २०८३ | ९३ |
| ९. | आ.व.२०८३/०८४ मा गण्डकी प्रदेश सरकारबाट प्रस्तावित योजना तथा कार्यक्रम | ९५ |
| १०. | आ.व.२०८३/०८४ मा संघ सरकारबाट प्रस्तावित योजना तथा कार्यक्रम | ९८ |
| ११. | नगर, प्रदेश र संघ स्तरीय योजना तथा कार्यक्रमहरु (योजना बैंक) | १०० |
| १२. | ४५ औं नगर सभामा प्रस्तुत न्यायिक समितिको प्रतिवेदन | १०७ |
| १३. | ४५ औं नगर सभामा प्रस्तुत लेखा समितिको प्रतिवेदन | ११० |
| १४. | ४५ औं नगर सभामा प्रस्तुत आर्थिक विकास समितिको प्रतिवेदन | ११४ |
| १५. | ४५ औं नगर सभामा प्रस्तुत सामाजिक विकास समितिको प्रतिवेदन | १२१ |
| १६. | ४५ औं नगर सभामा पूर्वाधार विकास समितिबाट प्रस्तुत प्रतिवेदन | १३० |
| १७. | ४५ औं नगर सभामा सार्वजनिक सेवा तथा सुशासन समितिको प्रतिवेदन | १३३ |
| १८. | ४५ औं नगर सभामा प्रस्तुत वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन | १३५ |
| १९. | ४५ औं नगर सभामा विधायन समितिबाट प्रस्तुत प्रतिवेदन | १३८ |
| २०. | ४५ औं नगर सभामा जलश्रोत समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन | १४० |
| २१. | ४५ औं नगर सभामा अनुगमन तथा सुपरीवेक्षण समितिबाट प्रस्तुत प्रतिवेदन | १४१ |

“विविधतायुक्त गाउँशहर समृद्ध मेरो व्यास नगर”

# नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूले पैतालीसौं नगर सभामा  प्रस्तुत गर्नु भएको वार्षिक नीति तथा कार्यक्रम

# आ.व.२०८३।०८४

## व्यास नगरपालिका, तनहुँ

## गण्डकी प्रदेश

## २०८३ असार १० गते

# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

१. गण्डकी प्रदेश तनहुँ जिल्लाको सदरमुकाममा २०४८ चैत्र ३० गते स्थापना भएको व्यासको अवतरण भूमि, पराशर ऋषिको तपोभूमि- व्यास नगरपालिकाको पैतालीसौं नगर सभामा उपस्थित भएर यस नगर सभाको ५ वर्षे कार्यकालको अन्तिम वर्ष आ.व.२०८३।०८४ का लागि नगरपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरेका छौ ।

२. आधुनिक नेपाल निर्माणमा विधिको शासन, प्रजातन्त्रको स्थापनाका लागि २००४ सालदेखिको अभियान, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, २०८२ सालको सुशासन वहालीको लागि भएको आन्दोलनका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहिदहरुका प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै लोकतन्त्र, कानुनी शासन, सुशासनको वहालीका लागि नेतृत्व गर्नुहुने अग्रज, वेपत्ता परिवार, घाइते अपाङ्गताका प्रति हार्दिक सम्मान व्यक्त गर्दछौं । साथै व्यास नगरपालिकाको स्थापना र विकासमा अमूल्य योगदान पुऱ्याउनु हुने हाल दिवंगत भइसक्नु भएका पूर्व जनप्रतिनिधिहरु प्रति श्रद्धासुनम व्यक्त गर्दै सम्पूण पूर्व जनप्रतिनिधिहरु प्रति उच्च सम्मान व्यक्त गर्दछौं ।

३. आर्थिक वर्ष २०८३।०८४ का लागि व्यास नगरपालिकाले नीति तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, नेपाल सरकारको सोह्रौं योजना, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, संयुक्त राष्ट्र संघबाट उद्घोष भएको ( २०३० प्रस्ताव) दीगो विकासका लक्ष्यहरु (SDG), व्यास नगरपालिकाको प्रथम आवधिक योजनाले प्रत्याभूत गरेका नीतिको सीमा भित्र रही “विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर” भन्ने मुल नारालाई सार्थकता दिने गरी तयार गरिएको छ ।

४. व्यास नगरपालिकाको स्थापनाकालदेखि आजसम्म हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुको जगमा रही यस नगरपालिकाप्रति नगरवासीको भरोसा, स्थानीयता, कानुनी र श्रोतगत सीमाहरुलाई ध्यानमा राखी आ.व.२०८२।०८३ मा यस नगरपालिकाले गरेका उपलब्धिहरु सम्मानित सभामा जानकारीका लागि प्रस्तुत गर्दछौं ।

**आ.व.२०८२।८३ को नीति तथा कार्यक्रमको उपलब्धिहरु :**

५. योजनाबद्ध विकासबाट मात्रै वाञ्छित लक्ष्य प्राप्ति गर्न सकिन्छ भन्ने उद्देश्यले व्यास नगरपालिकाले यसअघि तयार गरेको प्रथम आवधिक योजनाको अवधि सम्पन्न भई दोस्रो आवधिक योजना निर्माण कार्य चालु वर्षभित्रै सम्पन्न हुने चरण पुगेको छ । आवधिक योजनाले लिएका लक्ष्यहरु पूरा गर्न पञ्च वर्षीय शैक्षिक योजना, नगर सडक यातायात गुरुयोजना, नगरको भू-उपयोग वर्गीकरण नक्सा तयार भएको छ ।

६. नगरको गौरबका आयोजनाहरुको रुपमा रहेको बैरेनी जग्गा एकीकरण आयोजना अन्तिम चरणमा पुगेको छ । व्यास नगर समता आवासीय विद्यालय व्यवस्थित रुपमा सञ्चालन हुँदै

आएको छ । पराशर मार्गको १० किलोमिटर मध्ये करिब ६ किलोमिटर खण्ड यसै वर्ष पूरा हुने चरण रहेको छ ।

७. बहुवर्षीय योजनाको रुपमा रहेका पानीको स्रोत पुनर्भरण योजना अन्तर्गतको नारेश्वर ताल, सनातन धर्म संरक्षणका लागि गौ संरक्षण केन्द्र, शहरीकरण विकासका लागि खड्गकाली मार्ग, शहिद कालिका मार्ग द्रुत गतिमा निर्माण भइरहेका छन् । केशवटार मार्ग र माहेन्द्री मार्गलाई संघ, प्रदेश सरकार समेतको सहभागितामा अघि बढाइएकोछ ।

८. नगरको मुख्य बजार क्षेत्रमा सडक बत्ती जडानको काम द्रुत गतिमा भइरहेको छ । सि.सि. क्यामरा जडानका कामहरु निरन्तर रुपमा कार्यान्वयन भइरहेको छ ।

९. सामुदायिक विद्यालयतर्फ गतविगत वर्षको तुलनामा पछिल्ला वर्षहरुमा विद्यालय भर्ना दर, टिकाउ दर तथा उत्तीर्ण दरमा उल्लेख्य वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार आएको छ । सामुदायिक विद्यालयमा रहेका बालकक्षादेखि ५ कक्षासम्म अध्ययनरत ३,५४१ जना बालबालिकाहरुलाई संघ सरकारको सहयोगमा दिवा खाजाको व्यवस्था गरिएको छ ।

१०. ३८ वटा संस्थागत विद्यालयहरुमा पढ्ने १० प्रतिशत बालबालिकाहरुका लागि छात्रबृत्ति प्रदान गर्ने गराउने व्यवस्था मिलाइएकोछ । पूर्व प्राथमिक कक्षादेखि १० कक्षासम्म अध्ययन गर्ने विद्यार्थीले सुविधा प्राप्त गरेका छन् । त्यसैगरी कक्षा ११ र १२ मा अध्ययन गर्ने १० प्रतिशत विद्यार्थीले छात्रबृत्तिको सुविधा प्राप्त गरेका छन् ।

११. खेलकुदका क्षेत्रमा मेयर कप फुटवल प्रतियोगिता, व्याड्मिन्टन प्रतियोगिता, वडास्तरीय भलिवल प्रतियोगिता, राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, उपमेयर कप छात्रा भलिवल प्रतियोगिता, अल्ट्रा म्यारथन प्रतियोगिता जस्ता ठूला साना गरी २२१ इभेन्टमा खेल प्रतिभाहरुको विकास, संरक्षण, प्रवर्द्धन गर्ने कार्य गरिएको र खेल सामग्री हस्तारणका कार्यक्रम सञ्चालन भएका छन् । जिल्लास्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा व्यास नगरपालिकाले ८ स्वर्णपदक सहित जिल्लाकै दोस्रो हुन सफल भएको छ । ७० जना युवालाई युवा परिषद् अन्तर्गत AI तालिम प्रदान गरिएको छ ।

१२. आमा र गर्भ भित्रको बच्चाको संरक्षणको लागि वडावडामा AI भिडियो एक्सरे प्रिलिमिनरी सेवा प्रदान गरी दुवैको संरक्षणमा सहयोग पुऱ्याइएको छ । प्रोटोकल अनुसार गर्भवती आमाहरुको हालसम्म २,२४९ जनालाई सेवा पुऱ्याइएको छ । यसवर्ष पनि पूर्णखोपको दीगोपना सुनिश्चित नगर घोषणा भइसकेको छ ।

१३. दीर्घरोगी नागरिकहरुलाई मासिक उपचार खर्च वापत रु.५,०००। दिंइदै आइएकोमा हालसम्म २६६ जनाले सेवा लिएको अवस्था छ । प्रयोगशाला सेवा भएका स्वास्थ्य संस्थामार्फत निशुल्क रुपमा विभिन्न प्रकारका प्रयोगशाला सेवा लिनेको संख्या ६२२ पुगेको छ ।

१४. पाठेरको मुखको क्यान्सरसम्बन्धी VIA जाँच १४ वटै वडामा सञ्चालन भएकोमा ६२५ जनाले सेवा लिएको अवस्था छ । AI एक्सरेद्वारा नगरका विभिन्न स्थानमा क्षयरोगको स्क्रिनङ्ग गरिएको छ, जसबाट ७६६ जनाले सेवा लिएका छन् । नगरका विभिन्न क्षेत्रमा गरिएको अन्य स्वास्थ्य शिविरहरुबाट १,७५६ जना नागरिकले सेवा लिनुभएको छ ।

१५. व्यवसायीहरुलाई व्यवसाय दर्ता, नवीकरण र वार्षिक कर बुझाउन सहजीकरण गर्न चालु आ.व.२०८२।०८३ पछिल्लो ३ महिना घरदैलोमा सेवा जारी राखिएको छ । चालु आर्थिक वर्षमा मात्रै सबै वडा र नगरका विभिन्न शाखाहरुले समेत गरी ४३१ जनालाई व्युटिसिन, सिलाइबुनाइ, चप्पल बनाउने, चुरा पोते बनाउने, अचार बनाउने, मोवाइल मर्मत, कपाल काट्ने, मादल बजाउने, झोला बनाउने, मह उत्पादन, ट्याक्टर मर्मत जस्ता तालिम उपलब्ध गराई सीप विकास एवं आयआर्जन गर्न सक्षम बनाइएको छ । कराँते, बारिष्टा, बुटिक, भान्सा सुधार, साइवर क्राइमबाट जोगिने सम्बन्धी तालिमहरु वडावडामा सञ्चालन गरिएका छन् ।

१६. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई पूर्जा वितरण गर्ने कार्यका लागि ७,०८३ निस्सा प्राप्त भएको मध्ये अव्यवस्थित बसोबासी ६,१८४ भूमिहिन दलित २६५ र भूमिहिन सुकुम्बासी ६३४ भएकोमा हालसम्म ३,४०८ कित्ताको नापी सर्जमिन मुचुल्का उठाइसकिएको अवस्था छ । प्रमाणीकरण भइसकेका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुलाई जिल्ला भूमि समस्या समाधान समितिमार्फत हाम्रै कार्यकालमा लालपूर्जा वितरण आरम्भ गरिनेछ । यस क्रममा वडा नं.९ देखि १४ सम्मका निस्सा प्राप्त व्यक्तिहरुको नापी कार्य अन्तिम चरणमा पुगेको छ ।

१७. तरकारी खेतीको आधुनिकीकरण तथा व्यवसायीकरण प्रवर्द्धन गर्ने उद्देश्यले ३४० रोपनी क्षेत्रफलमा तरकारी खेती विस्तार, २० वटा टनेल निर्माणमा अनुदान, ८७ टन उन्नत आलु बीउ वितरण गरी करिब १,४०० रोपनी क्षेत्रफलमा उन्नत जातको आलु खेती विस्तार, ८ वटा कृषक समूह/सहकारीहरूलाई ५०% अनुदानमा २१ थान कम्बाइन मिल र १७ थान हाते ट्याक्टर, १६ वटा साना सिँचाई कुलोको निर्माण तथा मर्मत, २०० कृषक घरधुरीलाई मौरीपालन सम्बन्धी आधारभूत तालिम प्रदान, ७५१ माटो नमूना परीक्षण गरी खाद्यतत्व पहिचान, उपयुक्त मल सिफारिस, माटो सुधारका लागि कृषि चुन वितरण कार्यक्रम अघि बढाइएको छ । उत्पादित कृषि उपजको सुरक्षित भण्डारण, मूल्य श्रृङ्खलाको विकास तथा बजार व्यवस्थापन सुदृढीकरण गर्ने उद्देश्यले चिस्यान केन्द्र (Cold Store) सञ्चालनमा ल्याइएकोमा हालसम्म करिब २० टन आलु भण्डारण गरिएको छ । ७,७९० कृषक घरधुरीहरूको विवरण किसान सूचीकरण प्रणालीमा प्रविष्ट भएको छ । २४ वटा कृषक समूह/कृषि सहकारीहरूलाई १५२ टन धानको उन्नत बीउ वितरण गरिएको छ, जसबाट कृषकहरूमा ४,५०० हेक्टर क्षेत्रफलमा उन्नत जातको धान खेती विस्तार भई उत्पादन तथा उत्पादकत्व वृद्धि / गुणस्तरीय बीउको पहुँचमा सहयोग पुगेको छ । आर्थिक वर्ष २०८२/०८३ मा ९,८२९ वटा पशुहरूलाई विभिन्न रोग विरुद्धको खोप लगाइएको, ७,३५९ ओटा गाई/भैंसीमा कृत्रिम गर्भाधान सेवा, ७०८ ओटा छाडा, सामुदायिक तथा घरपालुवा कुकुरहरूमा रेविज रोग विरुद्धको खोप एवं बन्ध्याकरण कार्य सम्पन्न गरिएको छ । ८,२८० ओटा पशुपन्छीहरूलाई विभिन्न समस्या अनुसार औषधीउपचार सेवा एवं निशुल्क औषधी वितरण कार्य भएको छ । व्यास ६ मा कफी खेती प्रवर्द्धन, व्यास ५ चिन्तुटारमा लिची आँपका विरुवा वितरण गरी बगैंचाको लागि तयारी भएको छ ।

१८. नगर अन्तर्गतका सबै कार्यालयहरुमा अनलाइनबाटै हाजिरी लिने र बिदा स्वीकृत गर्ने, अनुगनमन गर्ने अभ्यासको शुरुवात गरिएको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका बीच नतिजाका लागि कार्यसम्पादन सम्झौता गरिएको छ । प्रमुख प्रशासकीय अधिकृतसँग

शाखा प्रमुखहरु र वडा सचिवहरुले कार्यसम्पादनमा सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्ने प्रयास गरिएको छ ।

१९. यस नगरपालिका स्थापना भएको दिनको खुशीयालीमा नगर दिवस मनाउन थालिकोमा ३४ औं नगरपालिका स्थापना दिवसको अवसरमा नगरमा काम गर्ने पूर्व जनप्रतिनिधि, कर्मचारी, करदाता, उपभोक्ता समिति, कृषकलाई पुरस्कार एवं सम्मान गरिएको छ ।

२०. सुशासनको मर्मलाई आत्मसात गर्दै हरेक महिना खर्च सार्वजनिक, प्रत्येक त्रैमासिकमा स्वतः प्रकाशन, योजनाको त्रैमासिक समीक्षा र हरेक चौमासिकमा सार्वजनिक सुनुवाई गरिएको छ । सार्वजनिक सेवालाई प्रभावकारी, जवाफदेही र उत्तरदायी बनाउन नागरिक सन्तुष्टि सर्वेक्षण, वार्षिक प्रगति समीक्षा, सामाजिक परीक्षण, GC/GRB अडिट गरी प्राप्त सुझावहरुको कार्यान्वयन अघि बढाइएको छ । लेखा प्रणालीलाई EFT बाट सोझै भुक्तानी पाउनेको खातामा पुग्ने व्यवस्था मिलाइएको छ भने जिन्सीमा PAMS प्रणालीको शुरुवात गरी सरकारी खर्च नियन्त्रण गरिएको छ ।

२१. नगरको संशोधित संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरी स्वीकृत दरबन्दी बमोजिमका कर्मचारी मात्र बहाल रहेको अवस्था छ । रिक्त र करार पदमा प्रदेश लोकसेवा आयोगमा पदपूर्तिको लागि पठाइएको र लोकसेवा आयोगबाट स्थायी कर्मचारीहरु आउने क्रम भइरहेको छ ।

२२. यस नगरपालिकाको न्यायिक समितिमा ७९ वटा मुद्दा दर्ता भएकोमा न्यायिक समितिमार्फत मिलापत्र २० र निर्णय भएको संख्या ४० भने १९ वटा प्रकृयामा रहेको अवस्था छ । नगरपालिकामा रहेको आप्रवासी स्रोत केन्द्रमार्फत व्यास नगरापालिकाका १,५०१ सहित ७,७०१ जनालाई परामर्श सेवा प्रदान गरिएको छ ।

२३. भौतिक पूर्वाधारतर्फ नगरबाट वडा नं.८, १०, १२ बाहेकका वडाहरुमा कालोपत्रे सडकले जोडिएको छ, बाँकी वडासम्म पुग्ने सडक कालोपत्रेको अन्तिम तयारीमा छौं । साथै नगरका महत्वपूर्ण रणनैतिक सडकहरु कालोपत्रे तथा स्तरीकरण कार्य भइरहेको छ ।

२४. १२ वटा वडा कार्यालय भवन निर्माण स्तरोन्नति गरी प्रविधिमैत्री रुपमा विकास गरिएको छ भने वडा नं.३ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेको छ । साथै वडा नं.२ को वडा कार्यालय भवन आगामी आर्थिक वर्षमा निर्माण गर्न जग्गा व्यवस्थापनको प्रकृया अघि बढाइएकोछ ।

२५. अधिकांश वडाहरुमा आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गर्न स्वास्थ्य सेवा केन्द्र भवनहरु निर्माण गरी सेवा प्रवाह भइरहेको छ भने वडा नं.८, ११ र १४ मा भवन निर्माण कार्य सम्पन्नताको चरणमा रहेका छन् । व्यास १० मा व्यास नगर अस्पतालको भवन निर्माण कार्य सम्पन्न भई स्वास्थ्य सेवा प्रवाह भइरहेको छ ।

२६. नगरवासीहरुलाई सुरक्षित र स्वस्थ्य खानेपानीको प्रत्याभूति गर्न खानेपानी योजनालाई पहिलो प्राथमिकतामा राखिएको छ । चालु आर्थिक वर्षमा देवीडाँडा खानेपानी योजना व्यास १०, मानहुँकोट खानेपानी योजना व्यास ५, केशवटार गर्जौडी मूल खानेपानी योजना व्यास १४,

कमेरेपानी साँधखोला खानेपानी योजना र झांक्रिथान खानेपानी योजना व्यास १३ जस्ता महत्वपूर्ण योजनाहरु सम्पन्नताको चरणमा रहेका छन् । व्यास १, २, ३, ४ मा रहेका खानेपानी उपभोक्ता समितिसँग खानेपानी व्यवस्थापनमा सहकार्य गरिएको छ ।

२७. नगर क्षेत्रभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको पूर्वाधार विकासलाई प्राथमिकताको साथ अगाडि बढाइएकोछ ।

२८. आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अवलम्बन गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको संस्थागत विकास, जनशक्तिको क्षमता विकास, स्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न आगामी आ.व.२०८३।०८४ का लागि कार्यसम्पादनमा आधारित वडाको सिलिङ्ग बजेटमा न्यून बृद्धि गर्ने नीति लिएका छौ । पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेका छौ । अब म व्यास नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छौ ।

## आर्थिक विकासतर्फ

### (क) कृषि तथा पशुपन्छी :

२९. “मल बीउ पानी, कृषिमा लगानी” भन्ने नारा सहित व्यास नगरपालिकामा सहज र सरल बीउ विजन, मलखाद र सिँचाई प्रणालीको व्यवस्था गरिनेछ । बढ्दो रासायनिक मल र विषादीको प्रयोगबाट जनस्वास्थ्य, पशुस्वास्थ्य र वातावरणमा परेको प्रतिकूल असरलाई निरुत्साहित गर्न कृषक अभिमुखीकरण, माटो परीक्षण, कृषि चुन, प्राङ्गरिक मल तथा जैविक बिषादीको प्रयोगलाई प्रोत्साहान दिंदै कृषकहरुलाई प्राङ्गारिक खेतीतर्फ आकर्षण गर्न प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. कृषकहरुको डिजिटल तथ्याङ्क लिई किसान प्रोफाइल तयार गरी परिचयपत्र व्यवस्थापन गरिनेछ। पशुहरुलाई संक्रामक एवं आर्थिक महत्वका रोगहरुबाट जोगाउन पूर्णखोप कार्यक्रम सञ्चालन गरिनेछ । दुध र मासु उत्पादनमा आधारित अनुदान प्रणालीको विकास र प्रवर्द्धन गरिनेछ ।

३१. “गोठ गोठमा भेटेरिनरी र खेत खेतमा कृषि” भन्ने नाराका साथ प्राविधिक सेवालाई सञ्चालन गरी Cow Lifting Machine सहयोग, भिडियो एक्सरे मार्फत गर्भ परीक्षण, hoof cutter सेवा, पशु स्वास्थ्य जाँच र सोसँग सम्बन्धित औषधीहरु, बाली रोग निदानको लागी आवश्यक बिषादी र पासोहरु उपलब्ध गराई कृषकहरुलाई सेवा पुर्‍याइनेछ ।

३२. कृषिको यान्त्रीकरण, कृषि हाट बजारको सञ्चालन तथा उत्पादन र बजारीकरणमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ ।

३३. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्यूनीकरणका प्रविधिहरुको प्रयोग, फार्म सुधार र यान्त्रीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

३४. व्यास नगरपालिकामा रहेका एग्रोभेटहरुको नियमन गरिनेछ । व्यास नगरपालिका कै उत्पादन, “नगर मै खपत, नगर मै बचत” भन्ने नारा अभियान सहित कृषि उत्पादन र बजारीकरणमा सहयोग गरिनेछ । विद्यार्थीहरुको दिवाखाजामा स्थानीयस्तरमा उत्पादित कृषिजन्य खाद्यवस्तुको प्रयोगलाई प्रवर्द्धन गरिनेछ ।

३५. नागरिक स्तरमा बिमासम्बन्धी चेतनाको अभावका कारणले धेरै कृषकहरुले जोखिममै रहनुपर्ने अवस्थालाई मनन गर्दै कृषिबाली तथा पशुपन्छी बिमाको प्रवर्द्धनका सरोकारवाला लक्षित गरी बिमा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।

३६. नगरपालिका भित्र पर्ने पृथ्वी राजमार्ग तथा प्रमुख सडकहरुलाई स्थानीय आर्थिक विकास, कृषि पर्यटन तथा बजार प्रवर्द्धनको प्रमुख करिडोरको रुपमा विकास गरिनेछ । रैथाने बाली, कृषि तथा पशुजन्य वस्तुको उत्पादनलाई प्रवर्द्धन गरी राजमार्गको सहज पहुँच र बढ्दो यातायात आगमनलाई उपयोग गर्दै प्रशोधन ब्राण्डिङ्ग र बजारीकरणलाई प्रोत्साहन गरिनेछ ।

३७. नगरपालिकाद्वारा वितरण गरिने कृषि तथा पशुपालन सम्बन्धी अनुदानहरु वितरण गर्दा अनिवार्य रुपमा बिमा गरेर मात्र दिइने नीति लिइनेछ ।

३८. कृषि प्रणालीमा रुपान्तरण, स्थान विशेष अनुकुल कृषि किास सहकार्य र साझेदारी मार्फत कृषि विस्तार, स्थानीय श्रोत उपयोगको समुचित कृषि, पशुपालन प्रवर्द्धन, जलश्रोत, माटो र वातावरण संरक्षण, उत्पादनमा आधारित अनुदान, उत्पादन बजारीकरणमा सहयोग, विपद् तयारी अनुकुलन रणनीतिलाई निरन्तरता दिइने नीति लिइनेछ ।

३९. गोवर्धन शर्मा कृषि अनुसन्धान केन्द्रसँगै सहकार्य गरी प्राङ्गारिक खेती प्रणाली एवं परम्परागत बीउ विजन संरक्षण, सम्वर्द्धनका कार्यलाई निरन्तरता दिइनेछ ।

४०. किसानहरुको उत्पादनलाई बजारीकरण गर्नका लागि संघ तथा प्रदेश सरकारको सहकार्यमा कृषि एम्बुलेन्सको व्यवस्था मिलाइनेछ ।

४१. किसानका पशुपन्छीबाट आउने मल एवं कुहिने फोहोर सङ्कलनबाट प्राङ्गारिक मल उत्पादन गर्न सहकारी वा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**(ख) <u>सहकारी</u> :**

४२. सहकारीहरुमा रहेको सर्वसाधारणको बचत सुरक्षित गर्न, सुशासन प्रवर्द्धन र नियमनलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँगको समन्वयमा रही सहकारी संस्थाहरुको अनुगमनलाई निरन्तरता दिइनेछ । ऋण बचत सहकारी संस्थाहरुले दिने ब्याज र लिने ब्याज संघ तथा प्रदेश सरकारको नीति अनुरुप बनाइनेछ ।

४३. सहकारी संस्थाहरुसँगको साझेदारीमा सहकारी संस्थाहरुका लागि सहकारी शिक्षा तथा वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. लामो समयसम्म निस्क्रिय रहेका, २ वर्षसम्म साधारण सभा नगर्ने र सहकारी एकीकृत सूचना प्रणाली (COPOMIS) मा आवद्ध नहुने र यस नगरपालिकामा माग भएका प्रतिवेदन कानुन बमोजिम नदिने सहकारी संस्थाहरुलाई कारबाहीको प्रक्रियामा लगिनेछ ।

४५. नगर क्षेत्रमा रहेका सबै सहकारीहरुलाई वार्षिक रुपमा अध्यावधिक हुनुपर्ने व्यवस्था गरिनेछ । साथै सहकारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने नीति लिइनेछ ।

४६. जिल्ला सहकारी संघसँगको सहकार्यमा दमौली क्षेत्रभित्र व्यास ८ पुलिमऱ्याङकै सहकारी अभियानका संस्थापक स्व.बखान सिंह गुरुङको शालिक निर्माण गरी संस्थापकको सम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

**(ग) उद्योग तथा वाणिज्य :**

४७. नगरपालिकामा एकीकृत रुपमा साना तथा मझौला उद्योग स्थापना तथा विकास गर्न व्यास ५ चिन्तुटारमा प्रस्तावित औद्योगिकग्राम निर्माणका लागि संघ, प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

४८. साना तथा मझौला उद्यमीहरुलाई उत्पादकत्व बढाउन आवश्यक सहयोग पुऱ्याई नगर भित्रका उत्पादनलाई ब्रान्डिङ गरी नगरको पहिचान बनाइनेछ ।

४९. नगर क्षेत्रमा रहेका उद्योग तथा व्यवसायको प्रोफाइल तयार गरिनेछ । दर्ता नभएका व्यवसायीलाई अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ । दर्ता नवीकरणलाई सहजीकरण गर्दै व्यवसायको स्तरका आधारमा व्यवसायीलाई विविधीकरण गर्ने नीति लिइनेछ । वडाहरुमा दर्ता भएका उद्योग व्यवसायको अभिलेख नगरपालिकामा समेत व्यवस्थित गरिनेछ ।

५०. जग्गाको वर्गीकरण गर्दा औद्योगिक क्षेत्रमा वर्गीकरण भएका जग्गाको एकीकृत अभिलेख तयार गरी उद्योग स्थापनाको लागि निजी क्षेत्रसँग सहकार्य गरी आवश्यक पूर्वाधार विकास गरिनेछ ।

५१. बजार क्षेत्रको सुरक्षाका लागि बजार क्षेत्रमा सि.सि. क्यामराको व्यवस्था गरिनेछ । शहरको सौन्दर्यकरणमा विशेष ध्यान पुऱ्याइनेछ ।

५२. नवप्रवर्तनीय उद्यमशीलता, महिला उद्यमशीलता, रोजगारी प्रवर्द्धनमा र व्यवसायिक परामर्श सेवा सहयोगलाई निरन्तरता दिइनेछ ।

५३. व्यास नगरपालिका भित्र सञ्चालित ग्रिल उद्योग, फिर्निचर उद्योग, इट्टा उद्योग, ब्लक उद्योग, प्लाई उद्योग जस्ता उद्योग तथा ग्यारेजहरुलाई उपयुक्त मापदण्ड बनाई व्यवस्थापन गरिनेछ ।

५४. नगरपालिकामा व्यवसाय दर्ता गर्न आउनेहरुलाई उद्योग वाणिज्य संघ र टोल विकास संस्थाको सिफारिसमा व्यवसाय दर्ता गर्ने नीति लिइनेछ । व्यवसाय दर्ता नवीकरणलाई सहजीकरण गरी व्यवसायको आधारमा व्यवसाय कर लिने नीति लिइनेछ । साथै व्यास नगरपालिकामा दर्ता वा सूचीकृत भएका व्यवसायीलाई मात्र अनुदान दिने व्यवस्था मिलाइनेछ ।

**(घ) पर्यटन :**

५५. पर्यटकीय क्षेत्रको प्रचारप्रसारको कार्यक्रमलाई निरन्तरता दिइनेछ । "सांस्कृतिक शहर, व्यास नगर भ्रमण वर्ष २०८४" को अवधारणा अगाडि ल्याइ सरोकारवालासँग समन्वय गरी पूर्वतयारीका कार्यहरु अघि बढाइनेछ ।

५६. पर्यटकीय क्षेत्रको पहिचान, विकास, तथा विविधिकरण गर्न सरोकारवाला पक्ष तथा संस्था, निजी क्षेत्र, सामुदायिक वन र सहकारीहरुसँग सहकार्य र साझेदारी विकास गरिनेछ ।

५७. सार्वजनिक निजी साझेदारीमा पार्क, पर्यटकीय गन्तव्य स्थलहरुको निर्माण, सम्बर्द्धन तथा सञ्चालन गरिनेछ । विभिन्न स्थानमा बाल उद्यान्न, पार्क, वनभोज स्थल, संग्रहालय, भ्यूप्वाइट, पोखरी, पर्यटक विश्रामस्थल, होमस्टे आदि निर्माण गरी वन्यजन्तु पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन जस्ता क्षेत्रको विकासमा टेवा पुऱ्याइनेछ ।

५८. यस नगरपालिकामा रहेका ऐतिहासिक एवं धार्मिक स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

५९. मेला महोत्सव, दमौली महोत्सव, जातीय महोत्सव, सांस्कृति महोत्सव, फुड फेस्टिवल जस्ता कार्यक्रमहरुलाई उपयुक्त स्थान उपलब्ध गराई प्रवर्द्धन गरिनेछ ।

६०. संघ प्रदेश सरकारको समेत सहकार्यमा घर आवास प्रवर्द्धन (Home Stay), प्राकृतिक, ऐतिहासिक क्षेत्रको संरक्षण एवं पर्यटकीय महत्वलाई अघि बढाइनेछ । व्यास नगरपालिकाका विभिन्न टोल अन्तर्गतका गाउँ बजार क्षेत्रका सरसफाई, पर्यटन आकर्षणका कार्यहरुमा सहयोग पुऱ्याइनेछ ।

६१. व्यास पराशर क्षेत्रको धार्मिक पर्यटकीय विकासका लागि व्यासको मूर्ति निर्माण एवं व्यास शिवपाञ्चायन क्षेत्रमा योग तथा प्रवचन भवनको निर्माण कार्य अघि बढाइनेछ ।

६२. व्यास नगरपालिकामा रहेका पर्यटकीय सम्पदा एवं उपजहरुको एकीकृत रुपमा तथ्याङ्क सङ्कलन गरी डिजिटल प्रविधि मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाइनेछ ।

६३. नगरपालिका भित्र पर्यटकहरुका लागि बास, खाना उपलब्ध गराउने होटलहरुको गुणस्तर अभिवृद्धिका लागि सम्बन्धित नियकायसँग समन्वय गरी अनुगमन, प्रशिक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

६४. व्यास नगरपालिका भएर बग्ने मादी नदीको बहुउद्देश्यीय विकासका लागि निर्मित गुरुयोजना अनुसार मादीनदी एकीकृत विकास परियोजना अघि बढाइनेछ ।

६५. तनहुँ जिल्लाको सदरमुकाम समेत रहेको व्यास नगरपालिका पोखरा महानगरपालिका र भरतपुर महानगरपालिका बीचमा रहेको हुँदा पर्यटन प्रवर्द्धनका विविध सम्भावनाहरुलाई समन्वयका साथ अघि बढाइनेछ ।

## सामाजिक विकासतर्फ :

### (क) शिक्षा :

६६. "बालबालिकालाई अनिवार्य तथा निशुल्क शिक्षा" भन्ने नाराका साथ सामुदायिक विद्यालयमा आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्यरुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

६७. विद्यालय बाहिर रहेका र विद्यालय छोडी आधारभूत तहको शिक्षाको प्रमाणपत्र प्राप्त गर्नबाट बञ्चित बालबालिकालाई वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गरी आधारभूत तहको शिक्षा प्राप्तिको प्रमाणीकरण गरिनेछ ।

६८. नगरपालिका भित्रका अनाथ, असहाय, विपन्न बालबालिकाहरुलाई आधारभूत शिक्षाको सुनिश्चितताका लागि सञ्चालित व्यास नगर समता आवासीय विद्यालयलाई निरन्तरता दिइ थप क्षमता विकास गरिनेछ ।

६९. आवश्यकताको आधारमा विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयको भौतिक संरचना निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री संरचना निर्माणमा प्राथमिकता दिइनेछ ।

७०. "जहाँ विद्यार्थी त्यहाँ शिक्षक" भन्ने अवधारणा कार्यान्वयन गर्न विद्यालय समायोजन र दरबन्दी मिलान गरी विद्यार्थी संख्याको अनुपातमा विषयगत तथा तहगत शिक्षकको व्यवस्थापन गरिनेछ ।

७१. शिक्षकको पेशागत क्षमता, प्रविधिमैत्री सीप, अनुसन्धान संस्कृतिको विकास, कार्यसम्पादनमा आधारित प्रोत्साहन मार्फत शिक्षाको गुणस्तरमा प्रभावकारिता ल्याइनेछ ।

७२. विद्यालयका प्रधानाध्यापकको कार्यसम्पादनस्तर मूल्याङ्कनका आधारमा करार अवधि निर्धारण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको हाजिरीलाई नगरपालिकाको मुल प्रणालीसँग जोडी एकद्वार प्रणालीबाट अनुगमन गर्न सकिने व्यवस्था मिलाइनेछ ।

७३. निरन्तर मूल्याङ्कन पद्धतिको आधारमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी उपचारात्मक सिकाइ कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । कक्षागत रुपमा उपयुक्त विषयगत शिक्षण सामग्रीको व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

७४. निःशुल्क स्यानिटरी प्याड वितरण कार्यलाई निरन्तरता दिई बालमैत्री विद्यालय निर्माणमा जोड दिइनेछ । स्यानिटरी प्याड डिस्पोजलको व्यवस्थापन गरिनेछ । विद्यालय तथा शिक्षालयहरुमा मनोसामाजिक परामर्श तथा सामाजिक विकृति विरुद्ध जनचेतना अभिवृद्धिका कार्यक्रममहरु सञ्चालन गरिनेछ ।

७५. आधारभूत तहमा अध्ययन गर्ने छात्रा, दलित र सिमान्तकृत, अपाङ्गता भएका बालबालिकालाई प्रदान गरिने छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ । आर्थिक रुपमा कमजोर महिला, दलित अपाङ्ग, सिमान्तकृत वर्गका व्यक्तिहरुलाई उच्च तथा प्राविधिक शिक्षाको अवसर प्रदान गर्न उच्च शिक्षा तथा प्राविधिक शिक्षामा छात्रबृत्तिको व्यवस्था गरिनेछ ।

७६. विद्यार्थीमा अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि माध्यमिक र आधारभूत विद्यालयस्तरीय विभिन्न अतिरिक्त कृयाकलापहरु सञ्चालन तथा आधारभूत तथा माध्यमिक विद्यालयका विद्यार्थीद्वारा निर्मित शैक्षिक सामग्रीको प्रर्दशनीबाट क्षमता प्रर्दशन गर्ने कार्यक्रम शैक्षिक महोत्सव तथा शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७७. विद्यालयका विद्यार्थी तथा शिक्षकको क्षमता विकास एवं गुणस्तर वृद्धि र मनोवल उच्च राख्न विद्यालयमा शिक्षण सिकाईका क्रममा गरिने उत्कृष्ट क्रियाकलाप र हरेक शुक्रबार सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरुमा गरिने विद्यालयको उत्कृष्ट गतिविधि तथा क्रियाकलापहरुलाई छोटो भिडियो मार्फत राख्न सकिने Software वा एप्सको विकास गरी उक्त उत्कृष्ट गतिविधि

तथा क्रियाकलापहरुलाई मूल्याङ्कन गर्न आवश्यक मापदण्ड निर्माण गरिनेछ र सो मापदण्ड बमोजिम प्रत्येक महिनाको प्रधानाध्यापक बैठकमा Student of the month, Teacher of the month र School of the month घोषणा गरी पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

७८. संस्थागत विद्यालयहरुलाई नगरपालिकाबाट सञ्चालन गरिने हरेक शैक्षिक तथा अतिरिक्त कृयाकलापमा संलग्न गराउँदै संस्थागत सामुदायिक विद्यालयका असल अभ्यासहरुलाई अनुशरण गर्दै एक आपसमा असल अभ्यास आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७९. फरक क्षमता भएका बालबालिकाहरु अध्ययन गर्ने स्रोतकक्षा सञ्चालित विद्यालयका बालबालिकाहरुको अपाङ्गताको प्रकृति अध्ययन गरी प्रकृति मिल्ने विद्यार्थीहरुलाई सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी एकीकृत गरी एउटै विद्यालयमा आवासीय सुविधा सहित पठनपाठनको व्यवस्था मिलाइनेछ ।

८०. विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न पानी जाँच तथा पिउने पानी प्रणालीको सुधारको लागि आर्सेनिक र पिउन योग्य भए नभएको गुणस्तर जाँच गरिनेछ । स्मार्ट खानेपानी सञ्चालन भएका विद्यालयहरुको अनुभवका आधारमा थप विद्यालयमा विस्तार गरिनेछ ।

८१. दीगो विकास लक्ष्य कार्यान्वयनको लागि शैक्षिक रणनीतिक योजनाको स्थानीयकरण, प्रविधिमैत्री शैक्षिक कार्यक्रम सञ्चालन गरी बदलिंदो परिस्थिति र समयसापेक्ष शिक्षण सिकाइलाई सूचना प्रविधिसँग जोडी इ लर्निङ (E-Learning) कक्षा सञ्चालनमा पहल गरिनेछ ।

८२. विद्यालय परिसर सुधारका कार्यक्रम सञ्चालन गरी शौचालय निर्माण तथा सुधार, पिउने पानीको व्यवस्थाका साथै विद्यार्थीको शारीरिक, मानसिक तथा संवेगात्मक विकासको लागि बालमैत्री उद्यान, कक्षाकोठा, प्रयोगशाला, ICT LAB, पुस्तकालय, वाचनालय, चमेनागृह आदिको आवश्यकीय पूर्वाधारहरुको व्यवस्था गरिनेछ ।

८३. व्यास नगरको कला, संस्कृति, सम्पदा, कृषि, पर्यटन लगायतका विषयहरु समेटेर तयार भएको (कक्षा १-८) को स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) को सहजीकरणका लागि शिक्षक निर्देशिका, कार्यपुस्तक, नगर संग्रहालय र मनोरञ्जनात्मक शैक्षिक वातावरण सिर्जना गर्नको लागि शैक्षिक बृत्तचित्र निर्माण लगायतका कार्यमा आवश्यक व्यवस्था मिलाइनेछ ।

८४. प्रसुति बिदा लिई बिदामा बसेका शिक्षकहरुको ठाँउमा वैकल्पिक शिक्षक (सट्टा शिक्षक) को व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

८५. आदिवासी, जनजाती तथा लोपोन्मुख जातजातीहरुको भाषा, धर्म, संस्कृति, संस्कार, रितीरिवाजको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

८६ "हाम्रो शिक्षा हाम्रै भाषामा" नीति लागु गर्दै यस नगरपालिकामा कक्षा ८ सम्मका विद्यार्थीहरुलाई स्थानीय विषय अन्तर्गत इच्छुक विद्यार्थीहरुलाई संस्कृत, मगर, गुरुङ, नेवारी, मदर्शा शिक्षा मातृभाषामा पठनपाठन गराइनेछ । स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।

८७. विद्यालयका शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि सान्दर्भिक (Relevancy) तालिमहरुको व्यवस्था गर्दै उत्कृष्ट कार्य गर्ने शिक्षक तथा विद्यार्थीहरुलाई मापदण्ड बनाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

८८. सामुदायिक सिकाई केन्द्रमार्फत निरन्तर शिक्षा, आय आर्जन कार्यक्रम र समुदाय परिचालनका विभिन्न सीप विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८९. विद्यालय उमेरमा हुने दूर्व्यसनका विरुद्ध र विपद् तथा महामारीको अवस्थामा बच्ने उपायका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. विद्यालयमा अध्ययनरत बालबालिकाहरुको बाल मस्तिष्क सिर्जित प्रतिभाहरुलाई सम्मान र प्रोत्साहनका लागि प्रतिभा पहिचान प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

९१. व्यास नगरपालिकामा HIV/AIDS बारे सचेतना तथा रोकथाम, यौन दूर्व्यवहार, मानव बेचबिखन विरुद्धको जागरुकता र जिविकोपार्जनमा सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको छ । नगर क्षेत्रभित्रका द्वन्द्व पीडित तथा एच.आए.भि. प्रभावित जेहन्दार बालबालिकाहरुलाई शैक्षिक प्रोत्साहन कार्यक्रमको निरन्तरता दिइनेछ ।

९२. व्यास नगरपालिका भित्रका विद्यालयहरुमा हरित विद्यालय विकास कार्यक्रम लागु गरी हरित पर्यावरण प्रवर्द्धन गरिनेछ ।

९३. व्यास नगरपालिकामा रहेको विशेष गरी महिला र विपन्न क्षेत्रका विद्यार्थीहरुले अध्ययन गर्ने एक मात्र सामुदायिक क्याम्पस आदिकवि भानुभक्त क्याम्पसको गुणस्तर सुधार एवं विश्वविद्यालय स्थापनाको पूर्वाधार निर्माण, विज्ञान र प्रविधिको अध्ययन व्यवस्थापनका लागि सहयोग पुऱ्याइनेछ ।

९४. बाल श्रममुक्त, बालमैत्री, पोषणमैत्री, वातावरणमैत्री, महिलामैत्री र युवामैत्री व्यास नगरपालिका घोषणा गर्ने कार्यक्रमलाई विशेष अभियानका रुपमा सञ्चालन गरिनेछ । व्यास नगरपालिकामा स्थायी बसोबास भई उच्च शिक्षा हासिल गरिरहेका विज्ञान प्रविधि एवं प्राविधिक शिक्षा लगायतका विषय अध्ययन गर्ने विपन्न र प्रतिभावान विद्यार्थीहरुलाई अनुसन्धान गर्ने कार्यमा र नगरपालिका भित्रका विद्यालय तथा क्याम्पसमा अध्ययनरत कक्षा ११ र १२ का विपन्न वर्गका छात्रछात्राहरुलाई अध्ययन गर्नका लागि प्रदान गरिने छात्रबृत्ति सहयोगलाई निरन्तरता दिइनेछ । यसरी छात्रबृत्ति प्रदान गर्दा दलित र जनजाति वर्गका विपन्न छात्राहरुलाई प्राथमिकता दिइनेछ ।

९५. "ज्ञान नै समृद्धिका आधार" भन्ने मान्यताका साथ व्यास नगरपालिका भित्र अनुसन्धान सामग्री सहितको विशिष्ट कृतिहरुको संगालो भएको डिजिटल पुस्तकालय (Digital Library) स्थापना गरी उच्च शिक्षा तथा विद्यालय शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क अध्ययन, अनुसन्धानको व्यवस्था मिलाइनेछ ।

९६. व्यास नगरपालिका भित्रका माध्यमिक तह कक्षा ११, १२ र क्याम्पस कलेजहरुमा अध्ययनरत १० प्रतिशत विद्यार्थीहरुलाई अनिवार्य छात्रबृत्ति दिनुपर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

९७. व्यास नगरपालिकामा रहेको पुस्तकालयलाई व्यवस्थित रुपले सञ्चालन गरी सोको प्रभावकारिताको आधारमा अन्य वडाहरुमा वाचनालयको व्यवस्था एवं सुदृढीकरणमा सहयोग पुऱ्याइनेछ ।

**(ख) <u>युवा तथा खेलकुद</u> :**

९८. "नगर प्रमुखसँग युवा कार्यक्रम" लाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ । प्रतिभावान युवाको खोजी गरी उत्कृष्ट प्रतिभालाई सम्मान तथा प्रोत्साहन गरिनेछ । साथै नगरको समग्र विकासमा युवाको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

९९. सामाजिक विकृति विरुद्ध माध्यमिक तह (९-१२ कक्षा) देखिनै युवा सचेतना अभियान सञ्चालन गरिनेछ ।

१००. मानहुँकोट-पुलिमऱ्याङ शहिद पार्क र व्यास गुफा-तनहुँसुरको खुला एवं महिला हाफ म्याराथन प्रतियोगिता मितव्ययी ढङ्गले सञ्चालन गर्ने गरी निरन्तरता दिइनेछ ।

१०१. विद्यार्थीको सर्वाङ्गिण विकासकालाई टेवा पुऱ्याउन माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिई विभिन्न खेलका उत्कृष्ट विद्यार्थीहरु छनौट गरी प्रदेशस्तर र राष्ट्रियस्तरका विभिन्न खेलहरुमा सहभागी गराई नगरबाट खेलाडीहरु उत्पादन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०२. युवाको ऊर्जा, सिर्जनशीलता, सीप, नवप्रवर्तन र खेल प्रतिभालाई नगर विकासको प्रमुख शक्तिका रूपमा परिचालन गर्दै सक्षम, स्वस्थ, अनुशासित, उद्यमशील र जिम्मेवार नागरिक निर्माण गरिनेछ ।

१०३. रोजगारी, उद्यमशीलता, सूचना प्रविधि, खेलकुद तथा नेतृत्व विकासमार्फत व्यास नगरपालिकालाई युवा अवसर र खेलकुदमैत्री नगरका रूपमा विकास गरिनेछ ।

१०४. नगरपालिका भित्र खेलिने फुटवल, भलिवल, व्याड्मिन्टन, कराँते, टेवल टेनिस विधाका खेलकुद प्रवर्द्धनका लागि नगरस्तरीय खेलकुद समितिमार्फत दीर्घकालीन सोचका साथ विभिन्न क्लब, विद्यालय, क्याम्पस, वडा स्तरका प्रतिष्पर्धाहरु सञ्चालन गरिनेछ ।

१०५. मेयर कप नगरस्तरीय खुल्ला फुटवल प्रतियोगिता, उपमेयर कप छात्रा भलिवल प्रतियोगिता, अन्तर वडा भलिवल प्रतियोगिता, मेयर कप खुल्ला व्याड्मिन्टन प्रतियोगिता लगायतका खेलहरुलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ । साथै यस नगरपालिका भित्र हुने प्रदेश एवं संघस्तरीय खेल व्यवस्थापनमा सहकार्य गरिनेछ ।

१०६. सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई खेलकुद क्षेत्रमा विकास गर्नका लागि खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ र समय तालिका बनाई खेलकुद प्रशिक्षकबाट प्रत्येक विद्यालयमा खेलकुद प्रशिक्षण गराइनेछ ।

१०७. युवाको सीप, सिर्जनशीलता, नवप्रवर्तन र उद्यमशीलतालाई नगर विकासको प्रमुख आधारका रूपमा स्थापित गर्दै व्यास नगर युवा परिषद्लाई पुनर्गठन गरी युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०८. युवा प्रतिभाको खोज, विकास र सम्मानका लागि "नगर युवा प्रतिभा सम्मान कार्यक्रम" सञ्चालन गरिनेछ। खेल क्षेत्रका उत्कृष्ट प्रतिभाहरुलाई सम्मान गरिनेछ।

१०९. सामाजिक उत्तरदायित्व, स्वयंसेवा र नागरिक कर्तव्यप्रति युवाहरूलाई प्रेरित गर्न स्वयंसेवी युवा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

११०. लागू पदार्थ दूर्व्यसन, साइबर अपराध, आत्महत्या तथा बाल विवाह, छुवाछुत लगायत सामाजिक विकृति विरुद्ध युवा सचेतना अभियान सञ्चालन गरिनेछ।

१११. विदेशबाट फर्किएका युवाहरूको ज्ञान, सीप र अनुभवलाई स्थानीय विकास तथा उद्यमशीलतामा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

११२. युवा क्लब तथा खेलकुद संस्थाहरूलाई परिणाममा आधारित सहकार्य र साझेदारी प्रणालीमार्फत परिचालन गरिनेछ।

११३. खेलकुदलाई नागरिक स्वास्थ्य, अनुशासन, सामाजिक सद्भाव र व्यक्तित्व विकासको महत्वपूर्ण आधारका रूपमा विकास गरिनेछ।

११४. "एक वडा-एक खेल मैदान" अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै खेल पूर्वाधार विस्तार गरिनेछ।

११५. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायका युवाहरूको खेलकुद र नेतृत्वमा सहभागिता अभिवृद्धि गरिनेछ।

११६. स्थानीय तथा परम्परागत खेलहरूको संरक्षण, सम्वर्द्धन र पुस्तान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११७. खेल पूर्वाधार विकासको लागि विद्यालयहरुमा खेलमैदानको पूर्वाधार विकासमा जोड दिइनेछ।

११८. अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रदेशस्तरीय खेलमा पदक जित्ने खेलाडीलाई पुरस्कृत तथा सम्मान गरिनेछ।

**(ग) <u>भाषा, साहित्य, कला तथा संस्कृति</u>** :

११९. महर्षि वेदव्याससँग सम्बन्धित ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, अध्ययन, अनुसन्धान तथा प्रचारप्रसार गरी व्यास नगरको विशिष्ट पहिचानलाई थप सुदृढ बनाइनेछ।

१२०. व्यासभूमिको इतिहास, संस्कृति तथा सभ्यताको दस्तावेजीकरण, प्रकाशन तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

१२१. साहित्यिक तथा सांस्कृतिक राजधानीका रूपमा व्यास नगरपालिकाको पहिचान स्थापित गर्न राष्ट्रियस्तरका साहित्यिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिनेछ।

१२२. भाषा, साहित्य, कला, संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै व्यास नगरपालिकाको मौलिक पहिचान, गौरव र सांस्कृतिक समृद्धिलाई सुदृढ बनाइनेछ।

१२३. व्यास नगरपालिका भित्र रहेका भाषा, साहित्य, कला, संस्कृति, परम्परा, रीतिरिवाज तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ । साथै स्थानीय भाषा, मातृभाषा तथा लोकसाहित्यको संरक्षण र पुस्तान्तरणका लागि अध्ययन, अनुसन्धान, प्रकाशन तथा अभिलेखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२४. नगर भित्रका साहित्यकार, कलाकार, संस्कृतिकर्मी तथा स्रष्टाहरूको सम्मान, प्रोत्साहन र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । साथै लोकसंस्कृति, लोककला, लोकभाका, लोकगीत, लोकनृत्य तथा मौलिक सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१२५. नगरको ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरूको संरक्षण, प्रचारप्रसार तथा उपयोगमा जोड दिइनेछ ।

१२६. साहित्य, कला तथा संस्कृतिको विकासका लागि महोत्सव, प्रदर्शनी, प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२७. युवा पुस्तामा भाषा, साहित्य, कला र संस्कृतिप्रति आकर्षण बढाउन विद्यालय तथा समुदायस्तरमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८. स्थानीय स्रष्टाका कृति, अनुसन्धान तथा प्रकाशनलाई प्रोत्साहन गर्दै नगरस्तरीय प्रकाशन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

१२९. डिजिटल प्रविधिको प्रयोगमार्फत नगरका सांस्कृतिक, साहित्यिक तथा ऐतिहासिक सम्पदाको अभिलेखीकरण गरिनेछ ।

१३०. नगरको विशिष्ट सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न सांस्कृतिक पर्यटनसँग जोडिएका कार्यक्रम सञ्चालन गरिनेछ ।

**(घ) महिला तथा बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक**

१३१. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको अधिकार, सुरक्षा, सम्मान, समान अवसर र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै समावेशी, न्यायपूर्ण समाज निर्माण गरिनेछ ।

१३२. सामाजिक रूपमा पछाडि परेका तथा संरक्षण आवश्यक समूहहरूको सशक्तिकरण, सामाजिक सुरक्षा र जीवनस्तर सुधारलाई प्राथमिकतामा राखी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. महिलाको आर्थिक सशक्तिकरण, उद्यमशीलता विकास तथा आयआर्जनका कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता अभिवृद्धि गरिनेछ ।

१३४. हिंसा पिडित महिलाहरुको लागि निशुल्क कानुनी तथा मनोसामाजिक परामर्श सहितको सेवा प्रदान गरी पारिवारिक तथा सामाजिक पुनर्मिलन नहुन्जेलसम्म आवश्यक संरक्षण गरिनेछ ।

१३५. लैङ्गिक हिंसा न्यूनीकरणका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरी सचेतनामूलक कार्यक्रम मार्फत टोल, वस्ती तथा समुदाय स्तरमा सचेतना अभिवृद्धि गरिनेछ ।

१३६. समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरी सामाजिक सचेतीकरणमा अभिवृद्धि गरिनेछ ।

१३७. लैङ्गिक हिंसा विरुद्धका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरुमा समय सापेक्ष सचेतनामूलक कार्यक्रम सञ्चालन गरी महिला हक अधिकारका विषयमा छलफल तथा अन्तरक्रिया गरिनेछ ।

१३८. अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण र सीप विकास तालिम लगायत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. "सम्पूर्ण महिला सबैभन्दा पहिला" भन्ने नारा सहित एकल, विपन्न तथा पिछडिएका महिलाहरुको सशक्तिकरण र क्षमता विकास गरी मूल प्रवाहमा ल्याइनेछ ।

१४०. ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुका ज्ञान, सीप र अनुभवलाई नगरको समृद्धिका लागि उपयोग गरिनेछ ।

१४१. महिला तथा बालबालिकासँग उपप्रमुख कार्यक्रम अन्तर्गत एकल तथा विपन्न महिलाहरुका लागि सीपमूलक तालिम, बीउ पूँजी प्रदान, प्रविधि हस्तान्तरण र बजारीकरणमा सहयोग गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४२. अपाङ्गता भएका व्यक्ति, असहाय तथा एकल महिला एवं ज्येष्ठ नागरिकलाई लक्षित गरी आवास, विशेष पार्क र उद्यान निर्माण गरिनेछ ।

१४३. अभिभावक विहिन तथा सडक बालबालिकाहरुको उद्दार र संरक्षण गरी आवसीय सुविधा सहित व्यास नगर समता विद्यालयमा पठनपाठनको प्रबन्ध मिलाइनेछ ।

१४४. बालमैत्री नगरपालिका घोषणाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१४५. अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भरता तथा सामाजिक सहभागिता बढाउन सीपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४६. मानव बेचबिखन, लैङ्गिक हिंसा, बाल विवाह लगायतका कार्यहरु नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

१४७. व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण र पुनर्स्थापनाका कार्यक्रम ल्याइनेछ । साथै सार्वजनिक भवन एवं संरचनाहरु अपाङ्गतामैत्री बनाइनेछ ।

१४८. व्यास नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क अध्यावधिक गरी उनीहरुको आत्मनिर्भरता र सम्मानको वातावरण निर्माण गर्न गराउन अपाङ्गता सम्बन्धी व्यास नगरपालिकामा कृयाशील संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१४९. अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य परीक्षण, सीप विकास तालिम एवं अपाङ्गता क्षेत्रका व्यक्तिहरु मात्र सहभागी हुने खेलकुदहरुको व्यवस्थापन गरिनेछ ।

१५०. अपाङ्गता क्षेत्रको सेवा विस्तारका लागि नगरपालिकामा अपाङ्गता सहायता कक्ष र दोभाषेको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१५१. एकल महिला, असहाय, जोखिममा रहेका बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि लक्षित संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५२. मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा सामाजिक पुनर्स्थापना सम्बन्धी सेवाहरू विस्तार गरिनेछ ।

१५३. महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित तथ्याङ्क, अभिलेख तथा सूचना प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ ।

१५४. सामुदायिक संस्थाहरू महिला समूह, बाल क्लब तथा ज्येष्ठ नागरिक समूहसँग सहकार्य गरी सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ङ) <u>जनजाति सहयोग कार्यक्रम</u> :**

१५५. व्यास नगरपालिका भित्रका आदिवासी जनजातिहरुको भाषा तथा संस्कृतिको अध्ययन गर्न चाहने स्वतन्त्र अध्येता तथा अनुसन्धानकर्तालाई प्रस्तावनाका आधारमा सहयोग उपलब्ध गराइनेछ । यस विषयमा शोध गर्न चाहने स्नातकोत्तर अध्ययनरत आदिवासी जनजातिका विद्यार्थीहरुलाई अध्ययन सहयोग उपलब्ध गराइनेछ ।

१५६. व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै जात जनजातिहरुको अवस्था अध्ययन गरी मौलिक संस्कृतिलाई संरक्षण गरी लोपोन्मुख जाति, जनजाति, मुस्लिम र अन्य जातका साँस्कृतिक एवं जीवन उपयोगी सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याइनेछ । साथै सबै जातका जनजातिहरुको मौलिकता झल्कने गरी संग्रहालय निर्माणमा सहयोग पुऱ्याइनेछ ।

१५७. लोपोन्मुख र अति सिमान्तकृत बोटे, चेपाङ लगायतका विपन्न आदिवासी जनजाति समुदायको लागी निशुल्क स्वास्थ्य सुरक्षाको प्रत्याभूति गरिनेछ । साथै उच्च शिक्षा प्रदान गर्न सहयोग पुऱ्याइनेछ । आदिवासीहरुको परम्परागत पेशासँग सम्बन्धित व्यास नगरपालिका भित्रका नदी, खोलाहरुमा माछा वृद्धि गरिनेछ ।

१५८. जनजाति लगायत सबै जातीय पहिचानका सिफारिस दिनुपर्दा सबै वडाहरुबाट निशुल्क सिफारिस उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

१५९. जातीय पहिचानका परम्परागत कला, संस्कृति आदिको “ट्रेड मार्क” लिन सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

**(च) <u>दलित उत्थान कार्यक्रम</u> :**

१६०. समग्र दलितहरुको हक अधिकार सुरक्षित गरी परस्पर सद्भाव विकसित गर्न कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न, नगरलाई “जातिय भेदभाव मुक्त” नगरपालिका बनाउन आवश्यक सबै व्यवस्था मिलाइनेछ ।

१६१. दलितका परम्परागत पेशालाई आधुनिकीकरण गरी उत्पादकत्व वृद्धिका लागि परम्परागत आरनहरुको आधुनीकीकरण, पञ्चेबाजा, नौमतिबाजा र सिलाई पेशामा आवद्ध व्यक्तिहरुलाई तालिम एवं मेशिन खरिद अनुदान, छालाको काम गर्नेलाई मेशिन खरिद अनुदान तथा अन्य परम्परागत पेशामा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१६२. नेपालको संविधान र कानुनी प्रावधान अनुरुप सामाजिक हार्दिकताका लागि छुवाछुत र विभेदजन्य कुसंस्कारको अन्त्य गर्न मानवीय आधारमा सबै जात, धर्मका मानिसहरुको सम्मान र स्वाभिमानका लागि व्यास नगरपालिकालाई “छुवाछुत मुक्त नगरपालिका” घोषणा गर्दै

छुवाछुतको दु:खद घटना यस नगरपालिका भित्र आएमा पिडीतको तर्फबाट कानुनी प्रतिरक्षाको जिम्मेवारी लिइनेछ ।

१६३. परम्परागत सामाजिक विभेदबाट पछाडि परेको दलित छात्रछात्राहरुको कक्षा ११, १२ र उच्च शिक्षा अध्ययनमा छात्रबृत्तिको व्यवस्था मिलाइनेछ ।

**(छ) स्वास्थ्य :**

१६४. व्यास नगरपालिकामा बसोबास गर्ने नगरवासीको नसर्ने रोगको स्क्रिनिङ्ग र उपचारको व्यवस्था मिलाइनेछ । मानसिक स्वास्थ्य सेवा विस्तार तथा समुदाय स्तरमा मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । मानसिक स्वास्थ्य सेवालाई समुदाय स्तरमा पहुँच वृद्धि गर्न संघ र प्रदेश सरकारसँग साझेदारी गरी मनोपरामर्श सेवा उपलब्ध गराइनेछ ।

१६५. क्षयरोग, कुष्ठरोग, एच.आई.भि. जस्ता सरुवा रोग, खोपबाट बचाउन सकिने रोग औलो, कालाजार, डेंगु लगायतका जलवायू संवेदनशील रोगको समुदाय स्तरमा सकृय खोजपड्ताल, प्रतिकार्य तथा एकीकृत निगरानीलाई गण्डकी प्रदेश सरकारसँग सहकार्य गरी प्रभावकारी बनाइनेछ ।

१६६. प्रदेश सरकारसँगको सहकार्यमा ध्यान तथा योग शिविर सञ्चालन कार्यक्रमलाई प्राथमिकता दिइनेछ । आयुर्वेद चिकित्सालयमा पूर्वकर्म, योग, अकुपञ्चर, स्वस्थ जीवनशैली लगायतका सेवा एकीकृत रुपमा सञ्चालन र विस्तार गरिनेछ । योग शिविर, ध्यान र स्वास्थ्य सम्बन्धी सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरी सबै नागरिकलाई स्वस्थ रहन सहयोग पुर्‍याइनेछ ।

१६७. व्यास १० दुम्सीबजारमा सञ्चालनमा आएको "व्यास नगर अस्पताल" को सेवालाई प्रभावकारी बनाई सुत्केरी सेवा समेत उपलब्ध गराउने गरी सेवा विस्तार गरिनेछ । साथै उपचारमा आएकालाई स्वास्थ्य बिमासँग जोड्ने प्रकृया अगाडि बढाइनेछ ।

१६८. व्यास नगरपालिका भित्रका गर्भवती महिलाहरुको नियमित स्वास्थ्य परीक्षण एवं संस्थागत सुत्केरी सेवालाई प्रभावकारी बनाउन निशुल्क एम्बुलेन्स सेवा र गर्भवती पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६९. गर्भवती महिला, सुत्केरी महिला र नवजात शिशुको स्वास्थ्य निगरानी एवं सहयोगका लागि प्रसुतिकर्मी (Midwives) र जन्मजातदेखि अटिजम भएका बालबालिकाको पहिचान एवं संरक्षण, अध्ययन र प्रशिक्षणका लागि छात्रबृत्तिमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

१७०. "स्वास्थ्य सेवा, नगरवासीलाई टेवा" भन्ने नाराका साथ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा नगरवासीको सहज पहुँच सुनिस्चित गर्न नगरका सबै वडाहरूमा स्थापना भएका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको सेवालाई निरन्तरता दिइनेछ ।

१७१. नवशिशु तथा बाल स्वास्थ्य, पूर्ण खोप, पोषण, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य, नसर्ने रोगहरुको रोकथाम तथा व्यवस्थापन, महामारी रोग नियन्त्रण तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा विशेष जोड दिइनेछ ।

१७२. "नगर प्रमुखसँग ज्येष्ठ नागरिक" कार्यक्रम अन्तर्गत घरदैलोमा पुगी सबै जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण एवं परामर्श कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७३. महिला, बालबालिका र प्रजनन् स्वास्थ्यका क्षेत्रमा उल्लेख्य भूमिका खेलिरहेका महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम ल्याइनेछ । ६० वर्ष उमेर पूरा भएका स्वयंसेविकाहरुलाई स-सम्मान बिदाई गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७४. मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवाको लागि मनोसामाजिक परामर्शकर्ताहरुको व्यवस्था गरी मानसिक बिरामीलाई मनोसामाजिक परामर्श उपलब्ध गराउन मनोसामाजिक परामर्शकर्ताहरुलाई सबै वडामा परिचालन गरिनेछ । साथै स्वास्थ्य केन्द्रहरू मार्फत वडावडामा नसर्ने रोग सम्बन्धी सचेतना, स्क्रीनिङ्ग तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१७५. किटजन्य रोग, मलेरिया, डेगूँ, स्क्रप टाइफस, कालाजार जस्ता परजीवीहरूबाट सर्ने रोग तथा जङ्गली जनावरहरूबाट सर्ने रेबिज रोग लगायतको प्रकोप बढ्दै गएकोले रोगको निगरानी, रोकथाम, निदान, उपचार तथा व्यवस्थापनको लागि आवश्यक तयारी एवं वडा तथा समुदायलाई परिचालन गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ । व्यास नगरलाई क्षयरोग मुक्त नगरपालिका बनाउन विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७६. गर्भवती तथा सुत्केरी आमा र नवशिशुहरूको स्वास्थ्यका लागि हरेक स्वास्थ्य संस्थामा निशुल्क AI भिडियो एक्सरे सेवा तथा घरघरमा नर्सिङ्ग स्वास्थकर्मी परिचालन गरी स्वास्थ्य जाँचको कार्यक्रमलाई निरन्तरता दिई सञ्चालन गरिनेछ ।

**(ज) <u>गैरसरकारी संस्था समन्वय, सुरक्षित आप्रवासन कार्यक्रम र लागू औषध नियन्त्रण</u> :**

१७७. व्यास नगरपालिकालाई कार्यक्षेत्र बनाई क्रियाशील गैरसरकारी संस्थाहरुलाई एकद्वार प्रणालीमा आवद्ध गराई नगरपालिकाको आवश्यकता तथा प्राथमिकताको आधारमा नगरपालिकासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१७८. वैदेशिक रोजगारबाट प्राप्त आय र सोको सदुपयोग सम्बन्धी वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्दै वैदेशिक रोजगारीको क्रममा अप्ठ्यारोमा परेका व्यक्ति तथा परिवारलाई कानुनी सहायता सेवा, मनोसामाजिक परामर्श सेवालाई विस्तार एवं सुचारु गर्दै संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सामाजिक संघसंस्थासँग सहकार्य र समन्वय गरिनेछ ।

१७९. गैसस समेतको सहयोगमा लागू औषध दुर्व्यसन नियन्त्रण र न्यूनीकरण गर्न विभिन्न प्रवर्द्धनात्मक र नियन्त्रणमूलक र सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । गैससका आगामी वर्षका कार्यक्रम सबै नगर सभामा पेश गर्न लगाई पारित गरेपछि मात्र कार्यान्वनमा लैजाने नीति लिइनेछ ।

१८०. राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँगको सहकार्यमा स्वास्थ्य, शिक्षा लगायतका सामाजिक सेवाका कार्यक्रमहरु अघि बढाइनेछ ।

**(झ) सामाजिक सुरक्षा कार्यक्रम :**

१८१. अनलाइन विद्युतीय राष्ट्रिय परिचयपत्रमा आधारित एम.आई.एस. प्रणालीमार्फत व्यवस्थित, सहज सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली विकासको नीति अवलम्बन गरिनेछ ।

१८२. राष्ट्रिय परिचयपत्रमा आधारित सामाजिक सुरक्षा भत्ता प्रणाली लागु गराउन नवीकरण तथा नयाँ प्रविष्टीमा सो सम्बन्धी अभियान सञ्चालन गरिनेछ ।

१८३. सामाजिक सुरक्षा भत्ताको लगत कट्टा तथा अनलाइन EFT भुक्तानी व्यवस्थापन प्रणाली मार्फत वितरणमा सहजीकरण गरिनेछ ।

१८४. नेपाल सरकारका स्वास्थ्य लगायतका भत्ताहरुमा दोहोरो नपर्ने गरी एकीकृत सामाजिक सुरक्षा भत्ता प्रणालीको विकास तथा व्यवस्थापन गरिनेछ । सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रकृयामा सम्बन्धित वडाहरुमार्फत वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८५. सबै विपन्न सिमान्तकृत दलित वस्तीहरुमा सामाजिक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१८६. अशक्त अपाङ्ग तथा शारिरिक रुपमा हिडडुल गर्न नसक्नेलाई सामाजिक सुरक्षा भत्ता घरमै वितरणको व्यवस्था मिलाई दुरुपयोग हुनसक्ने जोखिम हटाइनेछ । साथै सामाजिक सुरक्षा भत्ता सदुपयोग तथा अनुगमन निरीक्षण वर्ष सन् २०२६ कार्यक्रम सञ्चालन गरिनेछ ।

## पूर्वाधार विकासतर्फ :

**(क) पूर्वाधार :**

१८७. व्यास नगरपालिका भित्र रहेका सडकहरुलाई बाह्रै महिना सञ्चालनमा ल्याउन मिल्ने गरी स्तरोन्नति गरिनेछ । साथै सडकहरुको लगत कट्टा गर्दै जाने व्यवस्था मिलाइनेछ ।

१८८. दीर्घकालीन योजना, आवधिक योजना, मध्यकालीन खर्च संरचना, एकीकृत शहरी विकास कार्यक्रमको मार्ग निर्देशन अनुसार नगरपालिकाको सन्तुलित विकास अवधारणा अघि बढाइनेछ ।

१८९. शहरी वडाहरुमा वर्षात्मा आउने पानी र घरघरबाट आउने ढलको पानीलाई उपयुक्त ढलको व्यवस्था साथै निकासको व्यवस्था सहित फोहोर पानी प्रशोधन केन्द्र सहितको गुरुयोजना तयारी गरी क्रमशः कार्यान्वयनमा लैजाने गरी कार्यक्रम अगाडि बढाइनेछ ।

१९०. "समृद्ध व्यास नगरको आधार गुणस्तरीय उर्जाको विस्तार" भन्ने परिकल्पना अन्तर्गत रही कृषि, पर्यटन र नवीन उद्यमशीलता विकास गर्दै व्यास नगरको समृद्धि निर्माणमा उर्जा पहुँचको सुनिश्चिता गरिनेछ । साथै व्यास नगरपालिका र नेपाल विद्युत प्राधिकरणको सहकार्यमा शहरी वडाहरुमा स्मार्ट लाइट र ग्रामिण वडाका सबै गाउँमा विद्युतीकरण गर्ने र सडक बत्तीलाई व्यवस्थित गराई उज्यालो नगरपालिका बनाउने कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१९१. व्यास १० दुम्सीचौरमा निर्माणाधीन नारेश्वर तालबाट पानी लिफ्ट गरी दुम्सीचौर क्षेत्रमा कृषि सिंचाईको व्यवस्था मिलाउने कार्यमा गण्डकी प्रदेश सरकारसँग सहकार्य गरिनेछ । साथै नारेश्वर तालको सौन्दर्यका लागि विज्ञ परामर्शबाट प्राप्त सुझाव कार्यान्वयन गरिनेछ ।

१९२. नगरवासीहरुसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नका लागि सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा सबै वडाको प्रत्येक वस्ती, टोल संस्थाको सहभागिता एवं परामर्शमा समतामूलक विकास आयोजनाहरु छनौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९३. नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालयबाट नेपालमा ग्रामिण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण २०७८ अनुसार वडा नं.१, २, ३, ४ शहरी वडा, वडा नं.५ र १० अर्धशहरी वडा र अन्य वडाहरु ग्रामिण वडामा विभाजन भएको हुँदा विकास आयोजनाहरुको सञ्चालनमा उपभोक्ताहरुको अपनत्व रहने गरी आयोजनाको प्रकृति र लाभान्वित जनसंख्याको आधारमा लागत सहभागिताका योजनामा ग्रामिण वडामा १५ प्रतिशत, अर्धशहरी वडामा २० प्रतिशत र शहरी वडामा २५ प्रतिशतसम्म रहनेछ । अन्य योजनाहरुमा प्रचलित कानुनसँग नबाझिने गरी उपभोक्ता समिति मार्फत हुने काममा लागत सहभागिता रहने व्यवस्था गरिएको छ । विकास आयोजनाहरुमा उपभोक्ता समितिबाट गरिने योजनामा ३ प्रतिशत, कन्टिन्जेन्सी कट्टा गरिने व्यवस्था गरिनेछ । अन्य योजनाहरुमा ५ प्रतिशत कन्टिन्जेन्सीबाट प्राप्त ५० प्रतिशत रकम मर्मत सम्भार कोषमा अनिवार्य जम्मा गरिने व्यवस्था मिलाइनेछ ।

१९४. शहरी क्षेत्रका चोक, सडक पेटी र जीर्ण सडकहरु सडक बोर्ड नेपाल समेतको सहयोगमा स्तरीकरण गरिनेछ । नगरपालिकाका सबै वडाहरुमा रहेका सडकहरुको वर्गीकरण गरी सडक किनारामा हरियाली प्रवर्द्धन गर्नको लागि वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१९५. दमौली बजारमा जोडिने बुद्धसिं मार्ग, व्यास मार्ग, दमौली केशवटार मार्ग, माहेन्द्री मार्ग, पराशर मार्ग, छाब्दी मार्ग, तालघरे दुम्सीचौर मार्ग, बागेश्वरी मार्ग, मुक्तिनारायण मार्ग, सिन्धु मार्ग, कालिका मार्ग स्तरीकरण एवं वडा कार्यालय पहुँच मार्गहरुलाई प्राथमिकतामा राखी स्तरीकरण गर्न विशेष जोड दिइनेछ ।

१९६. मादी, साँगे, बुल्दी, छाब्दी, कलेस्ती, रिस्ती लगायतका नदी खोलाहरुले कटान गरेको वस्ती जग्गाहरुको संरक्षणका लागि संघ एवं प्रदेश सरकारसँग सहकार्य गरी तटबन्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९७. वडा भवन निर्माण हुन बाँकी वडा नं.२ का लागि जग्गा व्यवस्थापन गर्न जिल्ला समन्वय समिति तनहुँसँग कानुन बमोजिम प्रकृया अघि बढाइनेछ । साथै जग्गा प्राप्त हुनासाथ वडा कार्यालय भवन निर्माण कार्य प्रारम्भ गरिनेछ ।

१९८. तनहुँ, लमजुङ, कास्की भएर बग्ने सेती, मादी नदी उपत्यकामा रहेका व्यास मार्ग र बुद्धसिं मार्ग यस क्षेत्रका नागरिकहरुको जीवन रेखा भई गण्डकी र बागमती प्रदेश जोडिने सेती मादी करिडोर मार्ग हुँदा उक्त मार्गहरुलाई "व्यास-बुद्धसिं मार्ग" नामाकरण गरी संघ सरकार अन्तर्गत निर्माण एवं विस्तार योजनालाई पूर्णता दिन आवश्यक पहल गरिनेछ ।

१९९. सबै वडाहरुको पहलमा निर्माण भएका सडक नालाहरुको सरसफाईको व्यवस्था मिलाइनेछ ।

२००. लागत सहभागिताका योजनाहरुमा उपभोक्ताको तर्फबाट लाग्ने रकम नगरपालिकामा दाखिला भएपछि मात्र योजना सम्झौता प्रकृया अघि बढाइने नीति लिइनेछ ।

२०१. नगरको सबै सडक सञ्जाल समेट्ने गरी MTMP नगर सडक यातायात गुरुयोजना निर्माण गरिएको हुदाँ त्यसको पालना गराइनेछ ।

२०२. संघ सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत र नगरपालिकाकै आन्तरिक व्यवस्थाबाट समेत घरको छाना मुक्त नगरपालिका निर्माण गर्न पहल गरिनेछ ।

**(ख) <u>सिंचाई</u> :**

२०३. सतह तथा भूमिगत सिंचाई र वर्षायामको पानी सङ्कलन तथा सिंचाईका उपयुक्त प्रविधिहरुको प्रयोग गरी वर्षभरी सिंचाई सुविधा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

२०४. गत विगतमा सञ्चालनमा रही हाल विभिन्न कारणले अवरुद्ध रहेका सिंचाई कुलोहरुलाई मर्मत सम्भार गरी पुनः सञ्चालन ल्याइनेछ ।

२०५. खेतीयोग्य जमीनमा सिंचाई सुविधा पुऱ्याउन मुख्य सिंचाई कुलोहरुको मुहानदेखि नै मर्मत सम्भार गरी पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ ।

२०६. नदी तथा खोलाहरुमा गरिने तटबन्धनलाई निरन्तरता दिइनेछ ।

**(ग) <u>खानेपानी तथा सरसफाई</u> :**

२०७. नगर क्षेत्रभित्र सञ्चालित खानेपानी सेवालाई प्रभावकारी बनाउन क्षमता विस्तार र वितरण प्रणालीलाई सहजीकरण गरी नागरिकको स्वच्छ र गुणस्तरीय खानेपानी पिउन पाउने अधिकारलाई सुनिश्चित गर्ने नीति लिइनेछ । समग्र नगरको खानेपानी तथा सरसफाईको क्षेत्रमा विद्यमान अवस्थाको समीक्षा गरी यस नगरपालिका भित्रका सबै नागरिकलाई स्वच्छ खानेपानी सेवाको पहुँचलाई अभिवृद्धि गर्न एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ ।

२०८. नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनमा हाल गरिएको प्रणालीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन सार्वजनिक निजी सझेदारीको मोडल अगाडि बढाइनेछ।

२०९. नगरका सार्वजनिक स्थल र राजमार्गमा रहेका सार्वजनिक शौचालयहरुको व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । सम्भावना भएका अन्य स्थानमा सार्वजनिक शौचालयहरु निर्माण गर्ने तथा घुम्ती शौचालयको सशुल्क रुपमा प्रयोग गर्ने नीति लिइनेछ ।

२१०. व्यास नगरपालिकाका शहरी वडामा खानेपानीको सेवा पुऱ्याइरहेका दमौली खानेपानी, भादगाउँ खानेपानी लगायत अन्य वडाका खानेपानी उपभोक्ता समितिसँग सहकार्य र समन्वय गरी सुद्ध खानेपानी सबै व्यास नगरवासीलाई उपलब्ध गराइनेछ ।

**(घ) <u>व्यवस्थित शहरी विकास एवं भूमि व्यवस्थापन</u> :**

२११. "कलात्मक र सम्पदामैत्री व्यास नगर" को अवधारणा अनुसार व्यास नगरपालिका भित्रका प्राचिन एवं परम्परागत शैलीका साँस्कृतिक पहिचान झल्कने सुरक्षित घर निर्माणमा सहयोग पुऱ्याइनेछ । व्यास नगरपालिका क्षेत्रभित्र नक्सा पास गरी निर्माण हुने घर तथा सार्वजनिक संरचनाहरुमा परम्परागत वास्तुकला, मौलिक पहिचान तथा स्थानीय साँस्कृतिक सम्पदा झल्काउने डिजाइनहरुलाई प्राथमिकता दिइनेछ ।

२१२. व्यास नगरपालिकाका शहरी वडाहरुमा थप आवास व्यवस्थापन हुन नसक्ने हुँदा अर्धशहरी वा ग्रामिण वडाहरुमा आवास विस्तार गर्न व्यास नगरपालिकाको दीगो र समुन्नत शहरी

विकासको मेरुदण्डको रुपमा रहेको जग्गा एकीकरण प्रकृया (Land pooling) लाई प्राथमिकतामा राखी कार्य अघि बढाइनेछ ।

२१३. आ.व.२०८३।०८४ मा बैरेनी जग्गा विकास आयोजनाको प्रथम चरणको कार्य सम्पन्न गरी जग्गाधनीहरुलाई जग्गा फिर्ता गरिनेछ । साथै बृहद् बैरेनी जग्गा एकीकरण आयोजना र मानहुँकोट जग्गा विकास आयोजनाको अध्ययन पूरा गरी एकीकरण कार्य अघि बढाइनेछ ।

२१४. व्यास नगरपालिका भित्रका विपन्न घरधनीका लागि निशुल्क नक्सा प्रदान गर्ने कार्यलाई विस्तार गर्दै नयाँ नमूना घर नक्सा तयार गरी सहयोग पुऱ्याइनेछ ।

२१५. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको बसोबास र जीवन पद्धती व्यवस्थित गर्न संविधान र कानुनले प्रदान गरेको अधिकार प्राप्तिमा प्रथम चरणमा भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण कार्य प्राथमिकतामा राखी अघि बढाइनेछ । सबै निस्सा प्राप्त व्यक्तिहरुको जग्गा नापी गर्ने कार्य आ.व.२०८३।०८४ मा सम्पन्न गरी भूमिहिन दलित र भूमिहिन सुकुम्बासी सबैलाई पूर्जा वितरण गरिनेछ ।

२१६. संघीय मापदण्डका आधारमा घर तथा सार्वजनिक संरचना निर्माण मापदण्डलाई नगरपालिकाको अधिकार प्राप्त सिमामा रही अध्यावधिक गरी लागु गरिनेछ ।

२१७. सडक अधिकार क्षेत्र अतिक्रमण गर्ने, छतको पानी सडकमा खसाल्ने प्रवृत्तिलाई निषेध गरिनेछ र सोको उल्ङ्घन गर्नेलाई दण्डको व्यवस्था मिलाइनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ :

**(क) वन, वातावरण :**

२१८. वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यविधि, २०८१ लाई कार्यान्वयन गरिनेछ । वातावरणमैत्री सूचकका आधारमा वातावरणमैत्री घर, टोल र वडाको घोषणा प्रकृया प्रारम्भ गरिनेछ ।

२१९. "सफा स्वच्छ शहर, स्वस्थ व्यास नगर" अभियान अन्तर्गत दिगो फोहोर व्यवस्थापनका लागि एकीकृत फोहोरमैला व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। फोहोरको श्रोतमा नै न्यूनीकरण गर्ने कार्यमा जोड दिंदै मुख्य बजार क्षेत्रमा फोहोरलाई श्रोतमा नै वर्गीकरण अनिवार्य गर्न टोल विकास संस्था लगायतका सरोकारवालहरुलाई परिचालन गरी विविध कार्यक्रम सञ्चालन गरिनेछ। साथै व्यास १० दुम्सी शिशुवा भतेरीमा रहेको गौसंरक्षण केन्द्रमा बायोग्याँस उत्पादन र प्रयोग गर्ने कार्य अघि बढाइनेछ ।

२२०. नगर क्षेत्रमा उत्सर्जन हुने फोहोरमैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई अगाडि बढाइने छ। फोहोरलाई नगरको आर्थिक श्रोतको रुपमा विकास गरिनेछ ।

२२१. हरित विद्यालयको अवधारणा अनुरुप विद्यालय तहदेखि नै बालबालिकामा वातावरणप्रतिको सचेतना विकास गर्नका लागि विद्यार्थीहरुलाई वातावरण संरक्षण सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ ।

२२२. सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकास गरी वन संरक्षण तथा डढेलो नियन्त्रणमा आवश्यक सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ । साथै व्यास नगरपालिका भित्रका कतिपय पार्कहरु सामुदायिक वन क्षेत्रभित्र रहेको अवस्थामा त्यस्ता पार्क व्यवस्थित गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

२२३. व्यास नगरपालिका भित्र स्रोतमा नै फोहोरमैला वर्गीकरण गरी कुहिने फोहोरबाट बायोग्याँस र प्राङ्गारिक मल उत्पादन गर्ने र नकुहिने फोहोरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्रको व्यवस्था गरिनेछ । साथै उक्त जग्गामा सरसफाई केन्द्र नमूना पार्क निर्माण गरिनेछ । पुनः प्रयोगमा आउने सामानहरु बिक्री गरी फोहोरलाई मोहोरमा रुपान्तरण गरिनेछ ।

२२४. नगरभित्र मापदण्ड विपरीतका प्लाष्टिकको कप, प्लेट, झोला प्रयोगमा प्रतिबन्ध लगाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस्को वैकल्पिक व्यवस्थाका लागि नगरवासी र व्यवसायीहरुलाई सचेतनामूलक अभियानका साथै वातावरणमैत्री झोला उत्पादन र प्रयोगमा सहयोग पुऱ्याइनेछ ।

२२५. व्यास नगरपालिका भित्रका जंगल तथा निजी, कबुलियती, धार्मिक, साझेदारी र सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापन एवं उपयोग सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका विभिन्न कार्यक्रमहरुलाई नगरपालिकाको एकीकृत विकास अभियानमा समावेश गरी कार्यक्रम ल्याइनेछ । नगरपालिका भित्रका विभिन्न स्थानहरुको जैविक विविधता ( बायोडाइभरसिटि) को अध्ययन गरी संरक्षणको कार्यक्रम ल्याइनेछ ।

२२६. यस नगरपालिका क्षेत्रभित्र परम्परागत रुपमा रहेका चौतारी, पोखरी, कुवा, इनार, धारा, पाटी एवं पौवाहरुको संरक्षण तथा प्रवर्द्धन गरी वातावरणमैत्री नगर बनाइनेछ । साथै जल जंगलको दीर्घकालीन व्यवस्थापनको लागि निर्मित ऐनका आधारमा अभ्यास एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

२२७. नगरका हरेक सामुदायिक वन र वडाहरुमा प्रदेश सरकारसँगको सहकार्यमा एक-एक पोखरी निर्माण गरिनेछ । नगरको केन्द्र दमौली बजारमा सौन्दर्य, वातावरणीय सन्तुलन र विपद् प्रयोजनार्थ पोखरी सहितको बाटिका बनाइनेछ । यस्ता पोखरीहरुमा सम्भावित विपद् रोक्न सुरक्षाका उपायहरु लागु गरिनेछ ।

२२८. पानीको मुहान, पोखरी, खोलानाला, नदी जलाधार क्षेत्र, जलचर संरक्षण अभिलेखीकरणको प्रबन्ध गरिनेछ ।

२२९. व्यास नगरपालिका भित्रका नदी खोलाको जग्गा वर्गीकरण प्रतिवेदन बमोजिम मापदण्ड कायम गरी नदी, खोला तथा मुहान संरक्षण र स्वच्छता सम्बन्धी कार्यक्रमहरु ल्याइनेछ । पशुपंक्षी वधस्थलको सञ्चालन एवं व्यवस्थापनमा थप सुधार गरिनेछ ।

२३०. व्यास नगरपालिका भित्र डढेलो नियन्त्रणका लागि सामुदायिक वन समितिसँग सहकार्य गरिनेछ । साथै डढेलो लगाउनेको पहिचान गरी कानुनी कारबाही अगाडि बढाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

२३१. वातावरण र जलवायूमैत्री व्यवहार निर्माण गर्न व्यक्ति, घरधुरी, विद्यालय र टोलटोलमा फोहोरमैला व्यवस्थापन, व्यक्तिगत र सार्वजनिक जग्गामा वृक्षारोपण, जैविक पदार्थ (फोहोर, पराल, नल, ढोढ) र प्लाष्टिक डढाउने कार्य पूर्ण रुपमा बन्द गरिनेछ । स्थानीय स्तरमा जलवायू परिवर्तनका असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दा महिला सहभागिता सुनिश्चित गरिनेछ ।

२३२. सडक अधिकार क्षेत्र, सार्वजनिक जग्गा र सडक पेटी अतिक्रमणलाई निषेध गरी त्यस्ता संरचना हटाई शहरको सौन्दर्य एवं सुरक्षा प्रबन्ध मिलाई ट्राफिक व्यवस्थापन गरिनेछ ।

**(ख) विपद् व्यवस्थापन :**

२३३. स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) लाई व्यवस्थित गर्दै सबै वडाहरुसम्म यसको प्रशिक्षण दिइनेछ । नगरमा समय समयमा देखिने आगजनी जस्ता घटनाहरुमा तत्काल सहयोग पुऱ्याउन नगरपालिका परिसरमै दमकलमा पानी उपलब्ध गराउने लगायत विपद्जन्य कार्यमा सहयोग गर्ने तालिम प्राप्त जनशक्ति तयार गरिनेछ ।

२३४. सुरक्षित आश्रय स्थल, आकस्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गर्दा महिला र संकटासन्न व्यक्तिहरु समेतको सहभागितामा गरिनेछ । साथै स्थानीय स्तरमा जलवायू अनुकुलन र जोखिम न्यूनीकरण गर्न हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी पारदर्शीता र सुशासनका अभ्यासहरुलाई अनुशरण गरिनेछ ।

२३५. प्राकृतिक विपद्का घटनाहरु बढिरहेको सन्दर्भमा विपद् पूर्वतयारी, न्यूनीकरण, व्यवस्थापन र विपद् प्रतिकार्य नगर योजना एवं कार्यक्रमलाई प्रभावकारी ढङ्गले निर्माण गरी लागु गरिनेछ । नगरपालिकामा रहेका दमकल, एम्बुलेन्स लगायतका साधनलाई स्तरीकरण गरी सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२३६. विपद्को जोखिममा रहने बालबालिका, महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दीर्घरोगी आदि लक्षित विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम/अभिमुखीकरण /तालिम सञ्चालन गरिनेछ ।

२३७. विपद्को प्रकार, स्थान, सामाजिक तथा आर्थिक अवस्थालाई समेत दृष्टिगत गर्दै सञ्चार माध्यम मार्फत सूचनामूलक सन्देशहरु सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गरिनेछ ।

२३८. वडा, समुदाय र विद्यालयस्तरमा विपद् पूर्व तयारी, सुरक्षा, प्रतिकार्य र चेतनामूलक कार्यको विस्तार गरिनेछ ।

२३९. राहत वितरणका कार्यक्रम सञ्चालन गर्दा नगरको स्वीकृतिमा One Door Policy को आधारमा मात्र गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

२४०. वडा स्तरीय बजेट तथा कार्यक्रममा विपद् व्यवस्थापन शीर्षकमा विनियोजित बजेटलाई रुपान्तरण, शीर्षकान्तरण र रकमान्तर गरिने छैन ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ :

**(क) सुशासन :**

२४१. असल शासनको आधारभूत मान्यतालाई आत्मसात गर्दै पारदर्शी, सहभागितामूलक, जवाफदेही सार्वजनिक प्रशासन, कानुनको शासन, आर्थिक अनुशासन तथा भ्रष्टाचारमुक्त प्रशासन कायम गरी सुशासनको प्रत्याभूति गराइनेछ । छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट सर्वसाधारणमा सेवा प्रवाह गर्न आवश्यक कार्य गरिनेछ । नगरबाट प्रदान गरिने सेवालाई क्रमशः अनलाइन प्रणालीमा आवद्ध गरी सेवा प्रवाह गरिनेछ ।

२४२. अनुचित कार्य तथा भ्रष्टाचार हुन नदिन निरोधात्मक तथा उपचारात्मक दुवै उपाय अवलम्बन गरिनेछ ।

२४३. व्यास नगरपालिकाको संगठन संरचना, स्वीकृत दरबन्दी र कर्मचारीहरु र प्रशासनिक इकाइहरुको कार्य विवरण २०८२, प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै समयानुकुल अध्यावधिक गरिनेछ ।

२४४. कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्यसम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्बन गर्नुका साथै नगरपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानुनी प्रबन्ध गरी कार्यान्वयन गरिनेछ ।

२४५. नगरपालिकाका सबै कार्यालयमा सि.सि. क्यामरा जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ ।

२४६. प्रत्येक चौमासिक अवधिमा वडा तहमा र नगरपालिका केन्द्रमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाव तथा गुनासोको सम्बोधन गरिनेछ । स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा सुधार गरिनेछ ।

२४७. नगरपालिका स्थापना भएको दिनलाई हरेक वर्ष नगर दिवसका रुपमा मनाइने अभ्यासलाई निरन्तरता दिइनेछ । सोही अवसरमा उत्कृष्ट हुने कर्मचारी, उपभोक्ता समिति, सबैभन्दा बढी कर तिर्ने करदाता, टोल विकास संस्था, कृषक, पत्रकार, संघ र प्रदेशमा पठाई जित्ने खेलाडी लगायतलाई सम्मान र पुरस्कार प्रदान गरिने नीति लिइनेछ ।

२४८. नगरपालिकाको वडा तहमा विनियोजित बजेटबाट गरिने खरिद प्रकियालाई PAMS का माध्यमबाट सम्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२४९. नगर प्रहरी मार्फत नगरपालिकाले गरेका नियमनका निर्णयहरुलाई कार्यान्वयन गरी नगरमा सुशासनको वातावरण सृजना गरिनेछ । नगर प्रहरीको सेवालाई थप प्रभावकारी बनाइनेछ ।

२५०. नगरको सार्वजनिक सम्पत्तिको सुरक्षा, कार्यालयहरुको सुरक्षा प्रबन्धमा विशेष ध्यान दिइनेछ ।

२५१. नगरमा कार्यरत कर्मचारीहरुको विषय अनुसार तालिम र क्षमता विकास अध्ययन भ्रमणका साथै खोज तथा अनुसन्धानमूलक कार्यमा क्रियाशील गराइनेछ ।

**(ख) <u>पञ्जीकरण</u> :**

२५२. सूचना फाराम डिजिटाइजेसन पछि विवरणको सुरक्षा तथा डिजिटाइज भएका सबै घटना दर्ता किताबका तथ्याङ्कहरुको एम.आइ.एस. प्रणालीमा स्थानान्तरण सहितको सहजता सहितको व्यवस्थापन गरिनेछ ।

२५३. सबै नगरवासीहरुको राष्ट्रिय परिचयपत्र व्यवस्थापनका लागि जिल्ला प्रशासन तथा राष्ट्रिय परिचयपत्र विभागसँग समन्वय गरी अनिवार्य परिचयपत्र लागु गराउनुका साथै १६ वर्ष मुनिकाहरुको जन्मदर्तामा परिचयपत्र सृजना हुने व्यवस्थाको अनिवार्य पालना गराई निरन्तरता दिइनेछ ।

२५४. नगरपालिकाले शतप्रतिशत जन्मदर्ता तथा अन्य घटना दर्ता वर्ष सन् २०२६ तथा कार्यक्रम सञ्चालन वर्ष २०८३/०८४ का रुपमा कार्य गर्न वडा-वडा, टोल-टोलमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) <u>सूचना प्रविधि नीति</u> :**

२५५. नगरपालिकालाई सञ्चार र इन्टरनेटको प्रभावकारी व्यवस्थापन मार्फत सुशासनमा अब्बल बनाइनेछ ।

२५६. आम नागरिकहरु र पर्यटकीय स्थलहरुमा डिजिटल सेवा लिन सहज हुने गरी सार्वजनिक स्थानहरुमा वाईफाई फ्रि जोन (WIFI Free Zone) क्षेत्र कार्यान्वयनमा ल्याइनेछ ।

२५७. संघीय सरकारसँग सहकार्य गरी नगरपालिका कार्यालय अन्तर्गतका कार्यालय र सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२५८. व्यास नगरपालिकामा नगरवासीका समस्या तथा गुनासो सुन्न २४ सै घण्टा खुल्ला रहने गरी Call Center को व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२५९. स्थानीय स्तरमा प्रकाशन हुने पत्रपत्रिका, एफ.एम.रेडियो र टेलिभिजनहरुसँग नगरपालिकाको गतिविधि झल्कने गरी कार्यक्रम निर्माण, प्रकाशन र प्रशारणमा निरन्तरता दिइनेछ ।

२६०. पत्रकारहरुको वृत्ति विकास गर्न पत्रकारितामा स्नाकोत्तर तह वा सोभन्दा माथिको उच्च शिक्षा अध्ययन छात्रवृत्ति सहयोगलाई निरन्तरता दिइनेछ ।

२६१. नगरपालिकाको आर्थिक तथा पूर्वाधार विकास सम्बन्धी विषयमा समाचार सङ्कलन, रिपोटिङ्गमा विशेष योगदान दिने १ जना पत्रकारलाई हरेक वर्ष पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२६२. नगरपालिकामा हुने आम्दानी र खर्चको हरेक महिनाको १० गतेभित्र कार्यपालिकाको निर्णय गराई सार्वजनीकरण गरिनेछ ।

२६३. व्यास नगरपालिका भित्रका गतिविधिहरुमा नागरिकको गुनासो व्यवस्थित गर्न मुल कार्यालय र सबै वडा कार्यालयहरुमा सूचना बोर्डको व्यवस्था मिलाइनेछ । उक्त सूचना पार्टीमा आफूलाई लागेका गुनासोहरु लेखेर राख्ने प्रबन्ध गरिनेछ ।

**(घ) <u>स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन</u> :**

२६४. तथ्याङ्क समन्वय कार्यालय पोखराको सहयोगमा नगरको प्रोफाइललाई अद्यावधिक गरिनेछ । सबै वडाहरुको तथ्याङ्कलाई अद्यावधिक र व्यवस्थित गराइनेछ ।

२६५. नगर सभाका निर्णयहरुलाई छपाई गरी अभिलेख राखिनेछ । नगर सभा र नगर कार्यपालिकाबाट पारित भएका सबै कानुनहरुलाई राजपत्रमा प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सोको दिगो र स्थायी सुरक्षाको प्रबन्ध मिलाइनेछ ।

२६६. नगर सभा र नगर कार्यपालिकाका निर्णयहरु वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२६७. नगरबाट प्रकाशित हुने सबै प्रकारका सूचनाहरु वेवसाइट मार्फत सार्वजनिक गरिनेछ ।

**(ङ) <u>बजार व्यवस्थापन तथा अनुगमन</u> :**

२६८. नगरको बजार क्षेत्र वा घनावस्ती रहेको क्षेत्र, विद्यालय क्षेत्र, र भिडभाड हुने क्षेत्रमा र अन्य वडाको आवश्यक स्थानमा समेत जेब्रा क्रसिङ र ट्राफिक संकेत चिन्ह अंकित बोर्ड राखी बजार तथा सवारी व्यवस्थापनलाई चुस्त दुरुस्त बनाइनेछ ।

२६९. आवश्यक स्थलमा डस्टविन राखी फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । फुटपाथमा सञ्चालन भएका व्यापार व्यवसायलाई व्यवस्थित गरिनेछ ।

२७०. Infrastructure sharing को मान्यतालाई कार्यान्वयन गर्दै नगर क्षेत्रभित्र रहेका टेलिफोन, केवल तथा इन्टरनेट सम्बद्ध तारहरुलाई व्यवस्थित गरी नगरको सौन्दर्यतामा बढोत्तरी गर्ने व्यवस्था मिलाइनेछ ।

२७१. उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरी उपभोक्ताको हित सम्बर्द्धन तथा कालोबजारीलाई नियन्त्रण गर्न बजार अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ ।

**(च) <u>अनुसन्धान तथा विकास</u> :**

२७२. नगरको समग्र विकासको क्षेत्रलाई समेट्ने गरी दोस्रो आवधिक योजना निर्माण गरिनेछ ।

**(छ) <u>राजस्व तथा वित्त व्यवस्था</u> :**

२७३. राजश्व सम्भाव्यताको अध्ययन गरी नगर क्षेत्रमा प्राप्त हुन सक्ने सबै प्रकारका राजश्वलाई दायरा भित्र ल्याउने प्रयास गरिनेछ ।

२७४. दिगो विकासका लागि सबल कर प्रणालीको नारा सहित नगरपालिका क्षेत्रमा रहेका करदाताहरुको विद्युतीय लगत राखी विद्युतीय माध्यमबाटै करदाताको रुपमा इन्ट्री हुने र कर तिर्ने व्यवस्थाको सहजीकरणको प्रयास गरिनेछ ।

२७५. नगरपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

२७६. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

२७७. करदाताको सहजताको लागि आवश्यक कार्यविधि निर्माण गरी अग्रिम कर तिर्न सकिने प्रबन्ध मिलाइनेछ । कर नतिर्ने करदातालाई करको दायरामा ल्याउन प्रोत्साहन एवं दण्डात्मक नीति अवलम्बन गरिनेछ ।

२७८. बाह्य विज्ञापन गर्ने स्थान यकिन गरी तोकिएको स्थान र साइजमा मात्र विज्ञापन सामग्री राख्ने व्यवस्था मिलाइनेछ । साविकमा नगर क्षेत्रमा रहेका विज्ञापन सामग्रीहरुलाई तोकिएको स्थानमा स्थानान्तरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

२७९. राजस्व प्रशासनमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ ।

२८०. वडा तहमा करदातालाई कर बुझाउन कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन सहजीकरण गर्ने नीति लिइनेछ । QR कोड (द्रुत प्रतिक्रिया संकेत प्रणाली) मार्फत कर सङ्कलन गर्न पहल गरिनेछ ।

२८१. कर तथा सूचना प्रवाहका लागि मोबाइल एप तथा वेभसाइट निर्माण गरी करदाता सुसूचित गर्ने प्रणालीको व्यवस्था मिलाइनेछ ।

२८२. कर राजश्वमा संलग्न जनशक्तिको कार्यमा सुधार ल्याउन समयानुकुल शिक्षा/तालिमको व्यवस्था मिलाइनेछ । अवैध राजश्व चुहावट रोक्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२८३. करदाताको समस्या पहिचान, स्तरीकरण, सवलीकरणका लागि निजी क्षेत्रहरु उद्योग वाणिज्य संघ आदि संस्थाको साझेदारीमा विशेष योजना सञ्चालन गरिनेछ ।

२८४. "मैले तिरेको कर मेरै पक्षमा" भन्ने नाराका साथ करदाताको पहिचान, स्तरीकरण, सवलीकरणका लागि निजी क्षेत्रहरु उद्योग वाणिज्य संघ, उद्योग संघ, क्षेत्रीय होटल व्यवसायी संघ, बजार इकाइ लगायतका संघसंस्थाहरुको परिचालन र साझेदारीमा विशेष योजना सञ्चालन गरिनेछ ।

**(ज) <u>बेरुजु फर्छ्यौट</u> :**

२८५. कानुन र विधिसम्मत व्यवस्थाको कडाइका साथ पालना गरी शुन्य बेरुजुको नीति अवलम्बन गर्दै लगिनेछ । यस अघि कायम हुन आएको सबैखाले बेरुजुलाई फछ्र्यौट गराई सम्परीक्षण प्रकृया अघि बडाइनेछ । अद्यावधिक बेरुजु न्यूनीकरण गर्न अधिकतम प्रयास गरिनेछ ।

२८६. बेरुजु रहने वडा र विषयगत शाखालाई दिइने सिलिङ्गमा निश्चित अङ्क घटाउने नीतिलाई निरन्तरता दिइनेछ ।

**(झ) <u>कानुन तथा मानव अधिकार</u> :**

२८७. न्यायिक समितिमा प्राप्त हुने सबै विवादहरु मेलमिलापको माध्यमबाट समाधान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । मेलमिलाप विधिलाई स्तरीय, विश्वासनीय र प्रभावकारी बनाइनेछ ।

२८८. असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं बालबालिकाहरुको न्यायिक प्रकृया सम्बन्धित वडाको सिफारिसमा निःशुल्क सेवा प्रदान गरिनेछ ।

२८९. सबै वडा कार्यालयहरुमा स्थापना भई सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी न्यायिक समितिबाट वडामा पठाइएको सबै विवादहरु वडा मार्फत मेलमिलाप प्रकियाबाट निरुपण गर्न अधिकतम प्रयास गरिनेछ । मेलमिलाप हुन नसकेमा पुनः न्यायिक समितिमा आवश्यक कागज फिर्ता मागी प्रमाण बुझी निर्णय गरिनेछ । संविधान, कानुन, नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ ।

२९०. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

२९१. मानव अधिकारका आधारभूत मान्यताको पालना गर्दै स्थानीय कार्ययोजनाको कार्यान्वयन प्रभावकारी रुपमा गर्न संस्थागत प्रबन्ध मिलाइनेछ ।

२९२. न्यायिक समितिबाट भएको निर्णय, मिलापत्रहरुलाई अभिलेखबद्ध गरिनेछ र निर्णय कार्यान्वयन गर्न माग भई आएमा विधिसम्मत फैसला कार्यान्वयन गरिनेछ ।

**विविध :**

२९३. नगरपालिका भित्रका कृयाशील टोल विकास संस्थाहरुलाई सहभागितात्मक विकास अभियानमा सरिक गराई उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२९४. व्यास नगरपालिका क्षेत्रभित्र व्यवस्थित पार्किङको व्यवस्था मिलाइनेछ । विद्यालय समयमा विद्यार्थीहरुको आवत जावतलाई सरलीकृत गर्न ट्राफिक व्यवस्था मिलाइनेछ ।

२९५. सडक आश्रित, अभिभावक विहिन, हिंसा, दूर्व्यवहार, शोषण (शारीरिक, मानसिक, यौन र श्रम) बेचविखन, बालविवाह, मानसिक समस्या लगायतका कारणबाट जोखिम अवस्थामा रहेका बालबालिकाको उचित संरक्षण, पुनर्स्थापना, विकास, सीप, शिक्षा र परिवारको जीविकोपार्जनलाई सम्बोधन गर्ने विशेष योजना कार्यक्रम ल्याइनेछ । सडक पेटी एवं सार्वजनिक स्थलहरुमा सहयोगापेक्षी भई कष्टपूर्ण जीवन जीउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरी “सहयोगापेक्षी सडक मानव मुक्त नगरपालिका” निर्माण गर्न मानव सेवा आश्रमसँग सहकार्य गरिनेछ ।

२९६. सबै वडाहरुमा विपन्न परिवारको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएकाले नगरपालिकाबाट परिचयपत्र वितरण गर्ने र विपन्नताका आधारमा स्वास्थ्य बिमा लगायतका कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

२९७. व्यास नगरपालिका अन्तर्गतका घरहरुको बिमा तथा सामुहिक दूर्घटना बिमा लगायत अत्यधिक जोखिम क्षेत्रलाई नेपाल बिमा प्राधिकरणसँग सहकार्य गरी बिमालाई व्यवस्थित एवं विस्तार गर्न सहयोग पुऱ्याइनेछ ।

२९८. दीगो शान्ति, सुशासन, समतामूलक विकास र समुन्नति नै व्यास नगरपालिकाको मुल लक्ष्य हो । व्यास नगरपालिकाले नीतिगत, कानुनी र संगठनात्मक पक्षको सवलीकरण गर्दै नगरवासीको सेवामा समर्पित हुँदै आएको छ । संघ, प्रदेशबाट बन्नुपर्ने कानुनी ढिलाई र आयश्रोतमा आएको उतारचढावले नगरपालिकाबाट अपेक्षित सबै कार्यहरु सम्पन्न गर्न नसकेको आत्मसाथ गर्दै आर्थिक वर्ष २०८३।०८४ का लागि नगरवासीको आधारभूत आवश्यकता कृषि, स्वास्थ्य, शिक्षा, खानेपानी, आवास सुविधा एवं रोजगारी सृजनामा केन्द्रित रही इमान्दारितापूर्वक कृयाशील रहने प्रतिवद्धता व्यक्त गर्दछौं ।

२९९. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाप्रति नगरवासीको विश्वास बढ्ने, उत्पादन र उत्पादकत्व वृद्धि हुने, उद्यमशीलताको विकास हुने, समतामूलक एवं सामाजिक न्यायपरक सन्तुलित विकास र सामाजिक विभेदको अन्त्य हुने अपेक्षा गरेका छौ । नगरपालिकाको सुन्दरता, नगरवासीको सुख र समृद्धि एवं लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्बर्द्धन गर्नका लागि यो नीति तथा कार्यक्रमले सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएका छौ ।

अन्त्यमा नगरपालिकाको विकास अभियानमा आग्रह पूर्वाग्रहबाट माथि उठी संघीय सरकार, प्रदेश सरकार र वर्तमान तथा पूर्व जनप्रतिनिधिहरु एवं विज्ञहरुको अनुभव, परामर्श र सल्लाहलाई सदुपयोग गर्न नगरपालिका प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छौ । यो नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै सफल बनाउने कार्यमा सम्पूर्ण नगर सभाषद्ज्यूहरु मार्फत नगरवासीमा सहयोग पुऱ्याई दिनुहुन हार्दिक अनुरोध गर्दछौ ।

# नगरपालिकाका नगर उपप्रमुख श्री इन्दिरा दरैज्यूले पैतालीसौं नगर सभामा  प्रस्तुत गर्नु भएको वार्षिक बजेट तथा कार्यक्रम
# आ.व.२०८३।०८४

## व्यास नगरपालिका, तनहुँ
## गण्डकी प्रदेश
## २०८३ असार १० गते

# आ.व.२०८३/०८४ को बजेट तथा कार्यक्रम

१. व्यास नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यक्रम सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएका छौ । संघ र प्रदेश सरकारबाट प्राप्त हुने बजेटमा निर्भर हुनुपर्दा नगरको विकास निर्माण कार्यक्रममा नगरवासीको आकांक्षा पूरा गर्न कठिनाई भएको महशुस गरेका छौ ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना, २०८२ सालको सुशासन बहालीको आन्दोलनका क्रममा शहादत प्राप्त गर्नुहुने शहिदहरुप्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछौ ।

३. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन एवं सम्बन्धित अन्य ऐन, दीगो विकासका लक्ष्यहरुको सीमामा रही यस नगर सभाबाट स्वीकृत नगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेटको तर्जुमा गरेको छु । साथै **"विविधतायुक्त गाउँ-शहर समृद्ध मेरो व्यास नगर"** भन्ने सोचलाई ध्यानमा राख्दै सामाजिक न्याय, दीगो विकास र उत्पादनमा वृद्धि गरी नगरवासीको अधिकतम हितलाई ध्यानमा राखी आर्थिक, सामाजिक रुपान्तरण हुने गरी बजेटको तर्जुमा गरिएको छ ।

४. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने र चालु खर्चमा मितव्ययीता ल्याउने गरी बजेट प्रस्ताव गरेका छौ । साथै प्रशासनिक तथा प्राविधिक क्षमता, श्रोत तथा विनियोजनका बीचमा सन्तुलन हुने गरी श्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छ ।

५. यस बजेटमा नगरपालिकाको आफ्नो क्षेत्राधिकार भित्रको कर तथा गैरकर, राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखी तोकिएको समय सिमा मै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन, सम्भाव्यता अध्ययन गरी लागत इष्टिमेट गराएर मात्र आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

६. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटले देहाय बमोजिमका उद्देश्य प्राप्तिमा केन्द्रीत हुने छन् :

क. बाह्य तथा आन्तरिक श्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु ।
ख. रोजगारीको अवसर सृजना गरी गरीबी न्यूनीकरण गर्नु ।
ग. उत्पादनमा वृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर र सवल बनाउनु ।
घ. अधिकार क्षेत्र भित्रका नीति, कानुनको तर्जुमा तथा संगठनात्मक संरचनालाई सुदृढ गर्नु ।
ङ. पूर्वाधार विकासमा सन्तुलित र सामाजिक न्यायपरक लैगिंक सन्तुलित लगानी गर्नु ।
च. समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी संस्थागत क्षमता अभिवृद्धि गर्दै सुशासनको प्रवर्द्धन गर्नु ।

७. नगरपालिकाको मुख्य क्षेत्र कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, सिर्जनात्मक मानव पूँजी निर्माण तथा विकास र सुशासन हुन् भन्ने मान्यता लिई ती कार्यक्रमहरुलाई निरन्तरता दिई आगामी आर्थिक वर्षको बजेटमा निम्न क्षेत्रका लगानीलाई प्रमुख प्राथमिकता दिएको छ ।

क. कृषि क्षेत्रको जैविक तथा आधुनिकीकरणमा विकास ।

ख. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको प्रत्याभूति ।
ग. पर्यटन क्षेत्रको एकीकृत विकास ।
घ. सडक, खानेपानी, खेलकुद मैदान, कार्यालय भवन, पार्क निर्माण लगायतका पूर्वाधारको विकास ।
ङ. उत्पादनमूलक उद्योगमैत्री कार्यक्रम ।
च. मानव संशाधनको विकास र सुशासनको प्रत्याभूति ।

८. आगामी वर्ष वडावासी, नगरवासीहरुका विविध मागहरुलाई सम्भव भएसम्म समेट्ने प्रयास गरिएको छ । संघ, प्रदेशका योजनागत बजेट कार्यक्रमसँग नदोहोरिने गरी आन्तरिक श्रोत समेतका सीमाले सबै मागहरु समेट्न कठिनाई भएको छ । आगामी दिनमा स्रोत सीमा भित्र रहने गरी नगरवासीका मागलाई इमान्दारीपूर्वक सम्बोधन गरिने विश्वास दिलाउन चाहन्छौ ।

९. २०८३ जेठ मसान्तसम्म आ.व.२०८२।०८३ का लागि तय भएका योजनाहरुमा उपभोक्त समिति मार्फत गरिएका  ८३७ वटा योजना, ठेक्का लगाइएका ४२ वटा योजना गरी कुल ८७९ वटा योजनाहरु मध्ये कार्यसम्पन्न भएका ४८१ वटा योजना, सम्झौता भएका ३७२ वटा योजना र बाँकी २६ वटा रहेका छन् । यसरी हेर्दा कुल सम्पन्न प्रतिशत ५४.७२, सम्झौता भएका ४२.३२ प्रतिशत र बाँकी २.९६ प्रतिशत रहेका छन् । जेठ मसान्तसम्ममा कुल अनुमानित आयमा रु.१ अरब २२ करोड ५९ लाख ३० हजार २ सय २८ (७१.०६ प्रतिशत) आय प्राप्त भई चालुतर्फ ७३.३४ प्रतिशत र पूँजीगत तर्फ ३५.४४ प्रतिशत खर्च भएको जानकारी गराउँदछौ ।

१०. व्यास नगरपालिकाको वडा नं.७, ९, १०, ११ मा रहेको विश्व बैंकको सहयोगमा सञ्चालित १०.५ कि.मी. बाटो स्तरीकरण गर्ने कार्यको हालसम्मको करिब ५० प्रतिशत प्रगति हुन आएको छ ।

११. देवीडाँडा चिसापानी, मानहुँकोट, कमेरेसाँध खानेपानीको अधुरा योजना सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।

१२. एशियाली विकास बैंक समेतको सहयोगमा आवधिक योजना, मध्यकालीन खर्च संरचना, कर प्रणाली सुधार र आयोजना बैंकको व्यवस्थापनमा ध्यान दिइएको छ ।

अब हामी आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आयव्यय, चालु वर्ष २०८२/०८३ को संशोधित आयव्यय र आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आयव्यय बजेट प्रस्तुत गर्न चाहन्छौ ।

१३. आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आयमा आन्तरिक श्रोतबाट रु.१७ करोड ३५ लाख ८५ हजार ७२ रुपैयाँ, संघीय सरकारबाट प्राप्त अनुदान रकम रु.९२ करोड ५९ लाख ७१ हजार ५४ रुपैयाँ, गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रु.५ करोड ५७ लाख ८९ हजार १ सय ६० रुपैयाँ, अन्य निकायबाट प्राप्त रकम रु.५ करोड ३७ लाख २७ हजार ३ सय ४४ रुपैयाँ, जनसहभागिता नगद र संचित कोषमा अघिल्लो वर्षको अल्या रकम रु.८ करोड ७५ लाख ५४ हजार ८ सय ४२ रुपैयाँ गरी जम्मा आय रु.१ अरब २९ करोड ६६ लाख २७ हजार ४ सय ७२ रुपैयाँ रहेको छ । खर्चतर्फ चालु खर्च रु.८६ करोड १९ लाख ३३ हजार ४ सय ७६ रुपैयाँ र पूँजीगत खर्च रु.३८ करोड ८८ लाख ३८ हजार ३ सय ४१ रुपैयाँ गरी जम्मा खर्च रु.१ अरब २५ करोड ७ लाख ७१ हजार ८ सय १७ रुपैयाँ रहेको थियो ।

१४. चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्म कुल यथार्थ आय रु.१ अरब २२ करोड ५९ लाख ३० हजार २ सय २८ रुपैयाँ र कुल व्यय रु.९७ करोड २६ लाख १० हजार ९ सय ३९ रुपैयाँ हुन आएको छ । यस अघि २०८२ पौषमा भएको चौवालीसौं नगर सभाबाट पारित चालु आर्थिक वर्ष २०८२/०८३ को संशोधित आय अनुमानमा संघ सरकारबाट प्राप्त अनुदान रु.१ अरब २७ करोड ६९ लाख ४३ हजार १ सय १९ रुपैयाँ, गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रु.५ करोड २९ लाख ७४ हजार ९ सय ९० रुपैयाँ, अन्य आयबाट प्राप्त रकम रु.१४ करोड ७९ लाख ३० हजार ७ सय ३५ रुपैयाँ, आन्तरिक श्रोतबाट प्राप्त रकम रु.२० करोड, लागत सहभागिताबाट र अघिल्लो वर्षको अल्या गरी रु.४ करोड ७३ लाख ५५ हजार ६ सय ५६ गरी कुल रु.१ अरब ७२ करोड ५२ लाख ४ हजार ५ सय रुपैयाँ आय अनुमान रहेको छ भने संशोधित चालु खर्च अनुमान रु.९५ करोड २९ लाख ८४ हजार र संशोधित पूँजीगत खर्च अनुमान रु.७७ करोड २२ लाख २० हजार ५ सय गरी जम्मा रु.१ अरब ७२ करोड ५२ लाख ४ हजार ५ सय रुपैयाँ संशोधित खर्च अनुमान गरिएको छ ।

**आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम निम्नानुसार प्रस्ताव गर्दछौं ।**

१५. चालु वर्षमा विनियोजित रकम अनुसार राजश्व सङ्कलनमा कमी र संघ प्रदेशको नवप्रवर्तनीय अनुदानमा कटौती हुँदा विकास आयोजनाहरुले गति लिन नसकी यस वर्ष सम्झौता भइसकेका तर सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका अधुरा योजनाहरुमा रकम विनियोजन गरेका छौं ।

१६. आ.व.२०८३।०८४ का लागि क्षेत्रगत रुपमा -**आर्थिक विकास**तर्फ रु.३ करोड ६७ लाख ३७ हजार (२.३५ प्रतिशत), **सामाजिक विकास**तर्फ रु.७२ करोड २७ लाख ४६ हजार ८ सय ७ रुपैयाँ ( ४६.३२ प्रतिशत), **पूर्वाधार विकास**तर्फ रु.४२ करोड ४७ लाख ९९ हजार ८ सय ३४ रुपैयाँ र पैसा २० (२७.२३ प्रतिशत), **वातावरण तथा विपद् व्यवस्थापन**तर्फ रु.६ करोड ३० लाख ५७ हजार ८ सय ५८ रुपैयाँ र पैसा ८० (४.०४ प्रतिशत), **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** तर्फ रु.३१ करोड २९ लाख ६ हजार ५ सय (२०.०६ प्रतिशत) समेत जम्मा रु.१ अरब ५६ करोड २ लाख ४८ हजार बजेट विनियोजन गरेका छौं । विस्तृत बजेटको शीर्षकगत विवरण तल उल्लेख गरेका छौं । यस वर्षको बजेटमा पनि सामाजिक सुरक्षा भत्ता लगायत संघीय कानुनी प्रकृयाबाट भुक्तानी हुने रकम यसमा समावेश गरिएको छैन । उक्त रकम रु.३२ करोड हुने अनुमान रहेको छ ।

१७. आ.व.२०८३।०८४ का लागि विनियोजित बजेट रकम रु.१ अरब ५६ करोड २ लाख ४८ हजार मध्ये चालु खर्च तर्फ रु.१ अरब २ करोड २८ लाख १८ हजार ५ सय विनियोजन गरेको छु, जुन कुल बजेटको ६५.५५ प्रतिशत हुन आउँछ भने पूँजीगत तर्फ रु.५३ करोड ७४ लाख २९ हजार ५ सय विनियोजन गरेको छु, जुन कुल बजेटको ३४.४५ प्रतिशत हुन आउँछ ।

१८. माथि लेखिए बमोजिम खर्च व्यहोर्ने श्रोतका लागि तल लेखिए बमोजिम अनुमानित कुल रु.१ अरब ५६ करोड २ लाख ४८ हजारको आय प्रस्ताव गरेका छौं ।

- संघ सरकारको सशर्त चालु अनुदान रु.६१ करोड ८० लाख रहेको छ ।
- आन्तरिक श्रोतको आयबाट रु.२१ करोड रहेको छ ।

- संघ सरकारको वित्तीय समानीकरण अनुदान रु.१८ करोड ६० लाख रहेको छ ।
- संघ सरकारको राजश्व बाँडफाँडबाट रु.१५ करोड ३२ लाख ७७ हजार रहेको छ ।
- संघ सरकारको सशर्त पूँजीगत अनुदान रु.१३ करोड ४० लाख रहेको छ ।
- राजश्व बाँडफाँड अन्तर्गत मालपोत रजिष्ट्रेशनबाट रु.८ करोड ९९ लाख ९९ हजार ४ सय ६६ रुपैयाँ र ४९ पैसा रहेको छ ।
- अल्या सञ्चित कोषबाट रु.५ करोड ४२ लाख ४७ हजार ५ सय ३३ रुपैयाँ र ५१ पैसा रहेको छ ।
- नगर विकास कोष ऋणबाट रु.३ करोड रहेको छ ।
- प्रदेश वित्तीय समानीकरण अनुदान रु.२ करोड ५० लाख ५ हजार रहेको छ ।
- प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु.१ करोड ८१ लाख ६५ हजार रहेको छ ।
- संघ सरकारको नवप्रवर्तनीय कार्यक्रमबाट रु.७० लाख रहेको छ ।
- प्रदेश सरकारको नवप्रवर्तनीय कार्यक्रमबाट रु.७० लाख रहेको छ ।
- संघ सरकारको समपूरक अनुदान रु.५० लाख रहेको छ ।
- जिल्ला समन्वय समिति कोष सहयोग अनुदान रु.५० लाख रहेको छ ।
- जनसहभागिता नगदबाट रु.५० लाख रहेको छ ।
- प्रदेश समपूरक अनुदान रु.४५ लाख ५४ हजार रहेको छ ।
- संघ सरकारको सडक बोर्ड नेपालबाट रु.४० लाख रहेको छ ।
- प्रदेश सरकारको विशेष अनुदान रु.४० लाख रहेको छ ।

अब हामी आर्थिक वर्ष २०८३/०८४ को लागि राजश्वका सङ्कलनका मुख्यमुख्य नीतिहरु प्रस्तुत गर्दछौ ।

१९. व्यास नगरपालिका क्षेत्रभित्रको करको दरमा हेरफेर गरी करको दायरा फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकत्तम परिचालन गर्ने नीति लिइएको छ । कर तथा गैरकर राजश्व सङ्कलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।

२०. सेवा शुल्क र दस्तुरका दर, व्यवसाय कर, सम्पत्ति कर एवं भूमि कर, घर नक्सा पास दस्तुर, खानीजन्य ढुंगा, गिटी, वालुवा, ग्राभेल, रोडा, स्लेट ढुंगा, खरी, चुनढुंगा, ब्लक, इट्टा, कटिङढुंगा, कवाडी सामान र काठ आदिमा लिइने दस्तुरको दायरा फराकिलो पारिनुका साथै प्रदेश कानुनमा उल्लेख भएको सोही अनुसार र प्रदेश कानुनमा उल्लेख नभएको विषयमा नगर सभाले तोके बमोजिम कर निर्धारण गरेका छौ ।

२१. प्रत्येक शैक्षिक संस्थाबाट छनौट भई आएका विपन्न एवं जेहन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था मिलाएको छ ।

२२. कर तथा दस्तुरहरु नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ तथा गण्डकी प्रदेश सरकारको कानुनसँग नबाझिने गरी प्रस्ताव गरिएको छ । साथै २०८३ पौष मसान्त भित्र सम्पत्ति

कर, व्यवसाय कर, बहाल कर (घर भाडा) बुझाउन आउने करदातालाई १० प्रतिशत छुट दिने र हालसम्म कर नतिरी बसेका करदाताहरुलाई २०८३ आश्विन मसान्त भित्र तिरेमा जरिवाना रकममा छुट दिइने प्रस्ताव पेश गरेका छौं ।

२३. कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक, २०८३ यसै साथ प्रस्तुत गरेका छौं । कर सम्बन्धी प्रस्ताव सम्वत् २०८३ श्रावण १ गतेबाट लागु हुने व्यवस्था मिलाएका छौं ।

२४. कृषि व्यवसायसँग सम्बन्धित पुशपंक्षी, माछा, फलफूल, तरकारी, दुध आदिमा स्थानीय उत्पादनमा लाग्ने निकासी करलाई व्यवस्थित गर्ने प्रस्ताव पेश गरेका छौं । साथै दुग्ध सहकारी संस्था मार्फत बिक्री हुने दुध र सहकारी मार्फत बिक्री हुने खसिबोकामा दिइदैं आएको उत्पादन अनुदान दुधमा प्रति लिटर रु.२। र खसिबोकामा प्रति किलो रु.२०। किसानलाई दिने कार्यक्रमलाई निरन्तरता दिन प्रस्ताव गरेका छौं ।

२५. व्यास नगरपालिका भित्र सामुदायिक विद्यालयमा रहेका लेखापाल, कार्यालय सहयोगी र बाल विकास शिक्षक, सिकाई केन्द्रका शिक्षकहरुलाई संघीय सरकारको पारिश्रमिकमा थप पारिश्रमिक दिने व्यवस्थालाई निरन्तरता दिन प्रस्ताव गरेका छौं ।

२६. यस वर्ष सम्पन्न भएका र चालु रुपमा रही भुक्तानी हुन बाँकी योजनाहरुको भुक्तानीका लागि रकमको व्यवस्था गरेका छौं ।

२७. एकीकृत शहरी विकास योजनामा कृषि, पर्यटन, शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएको स्मरण गर्दै यस वर्ष नगरपालिकाले बैरेनी जग्गा विकास आयोजना, नारेश्वर ताल निर्माण आयोजना एवं वडा कार्यालय भवन निर्माणलाई बजेट व्यवस्था गरेका छौं ।

२८. उपभोक्ताले गर्ने कार्यमा ३ प्रतिशत मात्र कन्टिन्जेनसी काट्ने प्रावधानलाई यथावत राखिएको छ ।

२९. वडा र नगरपालिकाले विनियोजन गरेका रु.१० लाखभन्दा कमका योजनामा उपभोक्ता लागत सहभागितामा शहरी वडामा १५ प्रतिशत, अर्धशहरी वडामा १० प्रतिशत र ग्रामिण वडामा ५ प्रतिशत रहने कानुनी प्रावधानलाई यथावत कायम गर्ने प्रस्ताव गरेका छौं ।

३०. अधुरा योजनाहरु सम्पन्न गर्न र नयाँ योजनाहरु लागत सहभागितामा सञ्चालित हुने गरी बजेट व्यवस्थापन गरेका छौं ।

| १५० | कलेस्ती खोलाको कालमुढादेखि देउरालीसम्मका खेत संरक्षण | ९ |
| १५१ | बरबोटे भुरुङ्गेदेखि देउरालीसम्मका खेतहरु संरक्षण | ९ |
| १५२ | छाङ्गा बाराही मन्दिर पुनर्निर्माण तथा डि.पि.आर. कार्यान्वयन | १० |
| १५३ | अनन्त गुफा १०८ वरपिपल चौतारा निर्माण (डि.पि.आर निर्माण भएको ) | १० |
| १५४ | देवीडाँडा पार्क निर्माण | १० |
| १५५ | बोटेटार सिंचाई योजना | १० |
| १५६ | नयाँवस्ती खानेपानी योजना | १० |
| १५७ | कुमलटारी, वेल्टारी, हिमपानी खानेपानी योजना | १० |
| १५८ | सिस्नेगैह्रा स्किम नं.२ डिहीगाउँ खानेपानी योजना | १० |
| १५९ | सेवर नयाँवस्ती वडा कार्यालय पहुँच मार्ग कालोपत्रे | १० |
| १६० | कलेस्ती पक्की पुलदेखि रयालटार अधेरीभञ्ज्याङ मार्ग कालोपत्रे | १० |
| १६१ | दुम्सीचौर तीनतलेदेखि अधेंरीभञ्ज्याङसम्म कालोपत्रे | १० |
| १६२ | दुम्सीचौर दुम्सीकोट श्रीभञ्ज्याङ कालीडाँडा रिङरोड कालोपत्रे | १० |
| १६३ | पोखरीचोक आँपको फेद हुँदै व्यास १० र ११ जोड्ने सडक स्तरोन्नति | १० |
| १६४ | सिद्धटारी दशमुरे खेत कुलो निर्माण | १० |

| क्र.सं. | योजनाको नाम | वडा |
|---|---|---|
| १६५ | खहरे, दुम्सी नमूनाग्राम, दुम्सी तल खानेपानी विस्तार | १० |
| १६६ | व्यास नगर अस्पतालदेखि व्यास ५ जोड्ने बाटो पक्की नाला तथा ग्राभेल | १० |
| १६७ | दुम्दुमेश्वर शिवालय मन्दिर व्यवस्थापन तथा ट्रस निर्माण | १० |
| १६८ | राम्चेओडारे मार्ग | ११ |
| १६९ | तल्लो पोल्याङ्ग मोटर मार्ग | ११ |
| १७० | मुक्तिनारायण मोटर मार्ग | ११ |
| १७१ | मुलपानी वेल्टारी मोटर मार्ग | ११ |
| १७२ | भर्‍याङदी ढकाल खोला | ११ |
| १७३ | रामथुम्की पार्क | ११ |
| १७४ | देउरालीडाँडा पार्क | ११ |
| १७५ | फराकचौर फँदीफाँट मोटर मार्ग | ११ |
| १७६ | कोटकालिका मन्दिर निर्माण | १२ |
| १७७ | आदिवासी जनजाती संग्रहालय निर्माण | १२ |
| १७८ | मत्स्यकन्या आ.वि. भवन निर्माण | १२ |
| १७९ | छाब्दी वाराही आ.वि. भवन निर्माण | १२ |
| १८० | अमरज्योति मा.वि. जाने मोटर मार्ग कालोपत्रे | १२ |
| १८१ | बेलघारी छाब्दी मार्ग कालोपत्रे | १२ |
| १८२ | भंगेरी थान मन्दिर पर्यटकीय पूर्वाधार निर्माण | १२ |
| १८३ | कृषि तथा आयआर्जन कार्यक्रम अन्तर्गत खरायो पालन | १३ |
| १८४ | भङभङे पुल निर्माण (व्यास १ र १३ ) | १३ |
| १८५ | आँपश्वाँरा मिनी पार्क निर्माण | १३ |
| १८६ | वुद्ध शान्ती लोक मार्ग कालोपत्रे (रु.५ करोड) | १४ |
| १८७ | १२ र १४ नं. वडा जोड्ने छाब्दी दोभान मोटरेवल पुल निर्माण (रु.५ करोड) | १४ |
| . | **(ग) संघस्तरीय योजनाहरु** | |
| १८८ | छाब्दी मार्गको विकल्पको रुपमा इन्द्रेनी मार्ग व्यास १२ वडा हुँदै छाब्दी मन्दिरसम्मको सडक नाला सहित स्तरीकरण | १ |
| १८९ | छाब्दी दोभान मार्ग पिच | १ |
| १९० | बुल्दी खोलामा तटबन्धन | १ |
| १९१ | छाब्दी मार्ग पिच | १ |
| १९२ | दरैस्वामी चौतारा टोलमा नाला निर्माण भएको ठाउँमा पिच | १ |
| १९३ | पृथ्वी राजमार्ग अन्तर्गत बुल्दी खोलाको पक्की पुलदेखि करङकाठ नयाँ पक्की पुल हुँदै पुल्चोक पुलसम्म तटबन्धन | २ |
| १९४ | व्यास-३ शान्तिनगर र व्यास ५ जोड्ने पक्की मोटरेवल पुल निर्माण | ३ |
| १९५ | शान्तिनगर झोलुङ्गे पुलदेखि दमौली घाटसम्म तटबन्धन | ३ |
| १९६ | दमौली अस्पताल अगाडिको सेन्टर पार्क आकर्षक ढङ्गले निर्माण | ३ |
| १९७ | गुरुयोजना अनुसार महर्षि वेदव्यासको १०८ फिटको मूर्ति निर्माण | ३ |

| क्र.सं. | योजनाको नाम | वडा |
|---|---|---|
| १९८ | ट्रमा सेन्टरको स्थापना | ३ |
| १९९ | सुविधा सम्पन्न भवन सहित दमौली अस्पतालको स्तरोन्नति | ३ |
| २०० | दुर्गा मन्दिर अगाडिबाट वडा नं.४ जोड्ने आकाशे पुल निर्माण | ३ |
| २०१ | बसन्त मार्ग (चुरेखोल्सी) स्तरोन्नति सहित कालोपत्रे | ४ |
| २०२ | तनहुँ कालिका शहिद शान्ति पार्क स्तरोन्नति | ४ |
| २०३ | सुवर्ण मार्ग स्तरोन्नति सहित कालोपत्रे | ४ |
| २०४ | घुमाउने मादी पुलदेखि व्यास ६ को सीमानसम्म तटबन्धन | ५ |
| २०५ | पाटन ऋषिङ्गडी खानेपानी उपभोक्ता समिति पाटन खानेपानी व्यवस्थापन | ५ |
| २०६ | श्रीकृष्णदेखि कालिका मन्दिरसम्म कालोपत्रे | ७ |
| २०७ | वेशीगैरा बोटेगाउँ गुफा व्यास मार्गसम्म कालोपत्रे | ७ |
| २०८ | रिस्ती खोला तटबन्ध | ७ |
| २०९ | बिलाउनी गाउँ तटबन्धन योजना | ८ |
| २१० | अमले जौबारीदेखि समिफेदसम्म रिस्ती खोला तटबन्धन वृहत योजना | ८ |
| २११ | जनहित मोटर मार्ग | ८ |
| २१२ | मोहोरियाटारदेखि कुमालगाउँसम्म करिब ४०० घरधुरीलाई पन्थे खोलाको एक घर एक धाराको खानेपानी योजना | ९ |
| २१३ | राजापानी मोटर मार्ग कालोपत्रे | ९ |
| २१४ | अनन्त रिङरोड कालोपत्रे | १० |
| २१५ | सेवरदेखि चापटार हुँदै औषधी उद्योग जाने सडक कालोपत्रे | १० |
| २१६ | दुम्सीचौर कोलगैरा हुँदै पराशर मार्ग स्वामीटार जोड्ने | १० |
| २१७ | दुम्सीचौर तीनतलेदेखि पराशर मार्ग हुँदे धैरेनीसम्म जाने सडक कालोपत्रे | १० |
| २१८ | बैरेनी बोटेगाउँ धारापानी हुँदै दुम्सी गौसंरक्षण केन्द्रसम्म सडक विस्तार तथा कालोपत्रे | १० |
| २१९ | खड्गकाली मोटर मार्ग तनहुँसुर | ११ |
| २२० | वागेश्वरी मोटर मार्ग | ११ |
| २२१ | वाराही रानी मोटर मार्ग | ११ |
| २२२ | कोलढुङ्गा किकेट खेल मैदान | ११ |
| २२३ | वागेचौरमा अस्पताल | ११ |
| २२४ | भगवती मोटर मार्ग कालोपत्रे तथा नाला निर्माण | १२ |
| २२५ | छिर्कन, सुमुल, कर्लुङ प्रा.वि. हुदै धारापानीसम्म पक्की नाला निर्माण | १२ |
| २२६ | छाब्दी बसपार्क अधुरो ढलान | १२ |
| २२७ | छाब्दी खोला भङभङे (व्यास १ र १३ ) | १३ |
| २२८ | बेलबास बेनिकोट सुन्तला मार्ग | १३ |
| २२९ | सिद्धकालिका मन्दिर संरक्षण | १३ |
| २३० | दमौली केशवटार सुखौरा मोटर मार्ग कालोपत्रे (रु.२० करोड) | १४ |
| २३१ | वुद्ध शान्ती लोक मार्ग कालोपत्रे (रु.१५ करोड) | १४ |

***

# ४५ औं नगर सभामा प्रस्तुत न्यायिक समितिको प्रतिवेदन

न्यायिक समितिद्वारा मिति २०८२ श्रावणदेखि २०८३ असारसम्म भए गरेको कार्य प्रगति तथा सम्पन्न भएका गतिविधिहरु, विवाद दर्ता तथा समाधानको अवस्था, उपलब्धि तथा चुनौती लगायतका विषयहरुमा समितिको ४९ वटा बैठक बसी विवादको फछ्र्यौट गरी कार्य सम्पन्न गरिएको हुँदा सोको कार्य प्रगति प्रतिवेदन यस व्यास नगर सभा समक्ष प्रस्तुत गरिएको छ ।

व्यास नगरपालिकाका १४ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ र सबै मेलमिलाप केन्द्रमा सूचीकृत मेलमिलापकर्ताहरु रहेका छन् । नगरपालिका क्षेत्रभित्र सूचीकृत मेलमिलापकर्ताहरुको संख्या ४१ जना रहेको छ । पछिल्लो वर्ष जिम्मेवारी सरी आएका, यस आर्थिक वर्षमा दर्ता भएका मुद्दा संख्या, मुद्दाको प्रकृति, फछ्र्यौट संख्या लगायत विवरणहरु देहाय बमोजिम रहेका छन् :

**१. समितिमा परेको मुद्दाको वडागत विवरण :**

| वडा नं. | यस आर्थिक वर्षमा मुद्दा गर्नेको संख्या | जिम्मेवारी सरी आएकोमा मुद्दा गर्ने संख्या | जम्मा |
|---|---|---|---|
| १ | १२ | १० | २२ |
| २ | २ | ३ | ५ |
| ३ | १ | १ | २ |
| ४ | ९ | ३ | १२ |
| ५ | ६ | ३ | ९ |
| ६ | २ | २ | ४ |
| ७ | १ | - | १ |
| ८ | - | २ | २ |
| ९ | ४ | - | ४ |
| १० | १ | - | १ |
| ११ | ८ | २ | १० |
| १२ | १ | २ | ३ |
| १३ | ४ | - | ४ |
| १४ | - | - | ० |
| अन्य | २ | - | २ |
| **कुल जम्मा** | **५३** | **२८** | **८१** |

**२. जम्मा मुद्दा संख्या :**

| मुद्दा | संख्या |
|---|---|
| यस आर्थिक वर्षमा हालसम्म दर्ता मुद्दा | ५३ |
| अघिल्लो वर्षको जिम्मेवारी सरी आएको मुद्दा | २८ |
| **जम्मा** | **८१** |

३ **दर्ता भएका मुद्दाको प्रकृति :**

| क्र सं | मुद्दा | यस आर्थिक वर्षमा दर्ता मुद्दा | जिम्मेवारी सरी आएको मुद्दा | जम्मा |
|---|---|---|---|---|
| १. | जग्गा सम्बन्धी विवाद | १७ | १० | २७ |
| २. | लेनदेन | ११ | ९ | २० |
| ३. | श्रीमान श्रीमती सम्बन्ध विवाद | ४ | - | ४ |
| ४. | बाटो निकास विवाद | ४ | - | ४ |
| ५. | घरेलु हिंसा | २ | १ | ३ |
| ६. | मानाचामल | ३ | - | ३ |
| ७. | घर बहाल | १ | १ | २ |
| ८. | बालबालिकाको संरक्षण हेरचाह तथा पालनपोषण | १ | - | १ |
| ९. | जेठ नागरिक/आमा बुवाको पालनपोषण तथा हेरचाह | १ | १ | २ |
| १०. | गाली गलौज | १ | - | १ |
| ११. | घरमा आपराधिक प्रवेश | १ | - | १ |
| १२ | कुलो निकास सम्बन्धी | - | १ | १ |
| १२. | फोहोरमैला | १ | - | १ |
| १३. | अन्य | ६ | ५ | ११ |
| | जम्मा | **५३** | **२८** | **८१** |

४. **फछ्र्यौट मुद्दाको विवरण :**

| मुद्दाको फर्छौट विधि | जिम्मेवारी सरी आएको मुद्दाको फर्छौट संख्या | चालु आर्थिक वर्षको मुद्दाको फर्छौट संख्या | जम्मा |
|---|---|---|---|
| डिसमिस निर्णय भएको | १९ | ६ | २५ |
| निवेदकले मुद्दा फिर्ता लिएको | १ | १ | २ |
| मेलमिलाप भएका उजुरी संख्या | ३ | १८ | २१ |
| माथिल्लो निकाय (अदालत) जानु भनी भएको आदेश | ४ | ९ | १३ |
| कानुन बमोजिम खारेज भएको मुद्दा संख्या | ० | ६ | ६ |
| **जम्मा फछ्र्यौट** | **२७** | **४०** | **६७** |
| **फछ्र्यौट हुन बाँकी** | **१** | **१३** | **१४** |

यस आर्थिक वर्षमा दर्ता भै आएका हालसम्ममा उजुरीहरु छलफल कै माध्यमबाट मिलापत्र गरिएको, नियमित बैठक सञ्चालन गरिएको, मेलमिलापकर्ताहरुलाई अध्यावधिक गरिएको, मेलमिलापकर्ताहरुलाई यातायात खर्चको लागी कार्यविधि संशोधनको गरिएको, मेलमिलापलाई प्रभावकारी बनाउन आवश्यक

पहल गर्दै आएको तथा अन्य कानुनी दायित्व पूरा गर्दै आएका लगायत आवश्यक सम्पूर्ण कामहरु सम्पन्न भएका छन् ।

**<u>न्यायिक समितिका चुनौतिहरु</u>** : स्थानीय स्तरमा विवाद समाधानको अभ्यास निकै नै सकारात्मक र प्रभावकारी कदम भएपनि न्याय सम्पादन गर्दा देहायका चुनौतिहरु रहेका छन् :

- न्यायिक समितिको इजलास कक्ष, उजुरी प्रशासन कक्ष, अभिलेख प्रशासन कक्ष सबै एक कोठामा रहँदा कानुनले व्यवस्था गरेको विभिन्न मुद्दामा बन्द इजलास/गोपनीयता कायम गरी छलफल गर्न सहज नभएको,
- समितिमा म्याद तामेल गर्ने जिम्मेवारी वहन गर्नका लागि छुट्टै तामेलदारको व्यवस्था नभएकोले समयमै म्याद पुऱ्याउन समस्या उत्पन्न भएको,
- मेलमिलापकर्ताहरुबाटै मेलमिलाप गरिनुपर्ने कानुनी व्यवस्था हुँदाहुँदै पनि मेलमिलापकर्ताहरु सक्रिय नहुँदा न्यायिक समितिको छलफलबाटै मेलमिलापको प्रयास गर्नुपर्ने बाध्यकारी अवस्था सृजना भएको,
- न्यायिक समितिबाट भएको निर्णय तथा मिलापत्र कार्यान्वयन सम्बन्धी स्पष्ट कानुनी व्यवस्था नहुँदा निर्णय तथा मिलापत्र कार्यान्यिन गर्न चुनौति रहेको,

**<u>न्यायिक समितिको तर्फबाट सुझावहरु</u>** :

- न्यायिक समितिको इजलास कक्ष, उजुरी प्रशासन कक्ष, अभिलेख प्रशासन कक्ष छुट्टाछुट्टै भए कानुनले व्यवस्था गरेको विभिन्न मुद्दामा बन्द इजलास/गोपनीयता कायम गरी छलफल गर्न सहज हुन सक्ने,
- मुद्दाको अवस्था ट्रयाक गर्न डिजिटल अभिलेख प्रणाली लागु गर्न सकिने,
- म्याद तामेल कार्यलाई प्रभावकारी बनाउन तामिल सहितको छुट्टै तामेलदारको व्यवस्था गर्न सकिने,
- निर्णय तथा मिलापत्र कार्यान्वयनलाई सहज, प्रभावकारी र स्पष्ट बनाउन विशेषज्ञको राय सहितको ऐन संशोधन गर्न सकिने,
- न्यायिक समिति, पत्रकार तथा समुदायसँगको सम्वाद जस्ता कार्यक्रमले स्थानीय बासिन्दा, नागरिक समूहलाई विवाद समाधान प्रक्रिया बारे बुझ्न सहयोग गर्ने हुँदा यी कार्यक्रमहरुलाई प्राथमिकता दिन सकिने,

अन्त्यमा न्यायमा सहज पहुँच र विवादको दिगो समाधानका लागि न्यायिक समिति एउटा उत्तम विकल्प हो । यस्तो नवीनतम पद्दतिलाई प्रभावकारिताका साथ देशव्यापी रुपले अगाडि बढाउनु राज्यको दायित्व हो । न्यायिक समितिका पदाधिकारी, कर्मचारी र मेलमिलापकर्ताको दक्षतामा अभिवृद्धि जस्ता कुराहरुमा राज्यले ध्यान दिनुपर्दछ । विभिन्न स्वरूपमा छरिएर रहेका स्थानीय न्यायिक समितिबाट मेलमिलाप सम्बन्धी प्रचलनलाई समेत न्यायको मापदण्ड भित्र पारी सञ्चालनमा ल्याउन, न्यायिक समिति र मेलमिलापका सन्दर्भमा देखिएका चुनौतिहरुलाई सम्बोधन गर्न आवश्यक छ ।

**<u>प्रतिवेदन पेश गर्ने:</u>**
-संयोजक श्री इन्दिरा दरै, उपप्रमुख
-सदस्य श्री मधुमाया घर्ती, वडा समिति सदस्य, व्यास १३
-सदस्य श्री यज्ञप्रसाद गौतम, वडा समिति सदस्य, व्यास १०

# ४५ औं नगर सभामा प्रस्तुत लेखा समितिको प्रतिवेदन

श्रद्धेय ४५ औं नगर सभाका सभाध्यक्षज्यू,
उपाध्यक्षज्यू, सचिवज्यू, नगर सभा सदस्यज्यूहरु ।

व्यास ऋषिको जन्मभूमि, पराशर ऋषिको तपोभूमि, शुक्ला र माहेन्द्री नदीको संगम स्थल दमौली बजारमा अवस्थित व्यास नगरपालिकाका चौध वटै वडामा मितव्ययी आर्थिक पारदर्शीता, चुस्तदुरुस्त प्रशासन, जनअपेक्षा बमोजिमको नियमित सेवा प्रवाह र जनहितकारी विकास निर्माण कार्यसञ्चालन होस् भन्ने उद्देश्यका साथ मिति २०८३।३।२७ गते शुभारम्भ भइरहेको यस ४५ औं नगर सभामा लेखा समितिको तर्फबाट यहाँ उपस्थित सबैलाई हार्दिक सम्मान व्यक्त गर्दछौ । विभिन्न कालखण्डका जनआन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण महान शहिदहरु प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दै यस सम्मानित नगर सभामा म लेखासमितिको प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छौं ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ मा व्यवस्था भएको अधिकारलाई प्रयोग गरी व्यास नगरपालिकाको मिति २०७६ साल श्रावण ०७ गते बसेको कार्यपालिका बैठकबाट व्यास नगरपालिकामा लेखा समिति गठन र सञ्चानल कार्यविधि, २०७६ बनाई जारी गरी सोही आधारमा लेखा समितिको गठन समेत भएको व्यहोरा सम्मानित नगर सभा समक्ष अवगत गराउन चाहन्छौ ।

मिति २०८२।७।२३ देखि २०८३।३।८ गतेसम्म ६ वटा बैठक बसी गरिएका निर्णय र कार्य सुझावहरु यस प्रकार रहेका छन् :

- अघिल्ला बैठकमा भएका निर्णयहरुको समीक्षा गरिएको,
- आ.व.२०८१/०८२ को असार मसान्तसम्म निर्माण कार्य सम्पन्न भई आ.व.२०८२/०८३ मा दायित्व सरी भुक्तानी हुन बाँकी योजना तथा कार्यक्रमहरुको विवरण अध्ययन गरी प्रक्रिया पुगेका फाइलहरुको भुक्तानी दिने निर्णय गरी आर्थिक प्रशासन शाखालाई सुझाव पेश गरिएको,
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु कैफियतलाई प्रकृया पूरा गरी नियमित गराउन आर्थिक प्रशासन शाखालाई सुझाव पेश गरी सहजीकरण गरिएको,
- महालेखा परीक्षकको कार्यालयले औंल्याएका बेरुजुलाई शुन्यान्तर बनाउनका लागि आवश्यक प्रकृया पूरा गरी बेरुजु सम्परीक्षण तथा फछ्र्यौट गर्न गराउन आर्थिक प्रशासन शाखालाई सुझाव पेश गर्ने निर्णय गरी सहजीकरण गरिएको,
- आ.व.२०८१/०८२ को प्रारम्भिक महालेखा परीक्षकको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनमा उल्लेख भएका बेरुजु दफाहरुलाई दफावार अध्ययन गरी ३५ दिनभित्र महालेखा परीक्षकको कार्यालयमा प्रारम्भिक जवाफ लेखी पठाउनका लागि आर्थिक प्रशासन शाखालाई सुझाव पेश गरिएको,
- महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व.२०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएको कुल बेरुजु रु.९ करोड ५४ लाख ८२ हजार ४ सय ७१ रुपैयाँ मध्ये, असुल उपर

गर्नुपर्ने भनी औंल्याएको बेरुजु रु.१ करोड ४५ लाख ९५ हजार ४ सय ९३ रुपैयाँलाई १५ दिन भित्र असुल उपर गर्नका लागि पत्रचार गरिएकोमा रु.३ लाख ३ हजार ७ सय ४२ रुपैयाँ बेरुजु असुल उपर भएको,

- असुल उपर गर्नुपर्ने बेरुजु मध्ये खड्गकाली मार्ग कालोपत्रे योजना निर्माणको ठेकेदार कम्पनी डायमेन्सनल कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौं भएको र म.ले.प. प्रतिवेदनमा भुलवश वि.के.एच.टि.डि.सि.एल. (ए.सि.पि.एल.जे.भी. को नाम उल्लेख भई रु.१ करोड ४१ लाख ६८ हजार २ सय ११ रुपैयाँ बेरुजु कायम भएको हुँदा यो जटिल किसिमको असुल उपर गर्ने बेरुजु भएकोले यस विषयमा नगरपालिकाको कार्यपालिका बैठकबाट पनि निर्णय भइसकेको हुँदा उक्त बेरुजु असुल उपर गरी फछ्र्यौट एवं सम्परीक्षण गर्न सम्मानित नगर सभाबाट पनि छलफल गरी निर्णय हुन सुझाव पेश गरिएको,

- महालेखा परीक्षकको कार्यालयबाट यस नगरपालिकाको वार्षिक लेखापरीक्षण गर्ने कार्य शुरु भएको आ.व.२०७३/०७४ देखि आ.व.२०८१/०८२ को म.ले.प.प्रतिवेदन अध्ययन गरी हेर्दा कार्यालयको दैनिक कामकाजमा खटिई मितव्ययी रुपमा आर्थिक पारदर्शीता, चुस्तदुरुस्त प्रशासन सञ्चालन र जनअपेक्षा बमोजिमको नियमित सेवा प्रवाह गर्ने कर्मचारीहरुको व्यवस्थापन गर्न पालिकाले आवश्यक दरबन्दीको सृजना र सर्भे गरी कर्मचारी संगठन संरचनाको ढाँचामा पदपूर्ति गरी तलब भत्ता भुक्तानी गर्नुपर्नेमा नियम कानुनको पालना तथा रीत र प्रक्रिया नपुऱ्याई कर्मचारी भर्ना गरी तलब भत्ता भुक्तानी गरेको नियम सम्मत नभएको भनी तपसिल अनुसारको बेरुजु कायम गरेको हुँदा उक्त बेरुजु कर्मचारीलाई दैनिक कार्यालयको कामकाजमा खटाई पारिश्रमिक दिएको खर्च रकम भएको र सो रकम कुनैपनि किसिमको हानी नोक्सानी नभएकोले नियमित र सम्परीक्षण गरिदिनु हुन भनी महालेख परीक्षकको कार्यालयमा पठाउनका लागि आवश्यक निर्णयार्थ सम्मानित नगर सभामा पेश गरिएको,
  -नियमित गर्नुपर्ने बेरुजु रु.५,५८,६२,५५४। र सैदान्तिक बेरुजु रु.११,७१,८२,५८८।८६ गरी जम्मा रु.१७,३०,४५,१३४।८६

- आ.व.२०८१/०८२ को अन्तिम म.ले.प. प्रतिवेदनलाई अध्ययन गरी हेर्दा, बेरुजु यस प्रकार देखिएको छ :
  - ➢ असुल उपर गर्ने बेरुजु रु.१,४५,९५,४९३। मध्ये रु.१,९७,७८०। असुल उपर गरी प्रमाण पेश हुन आएकोले सम्परीक्षणको प्रक्रियामा रहेको हुँदा बाँकी रु.१,४३,९७,७१३। कायम हुने देखिन्छ ।
  - ➢ प्रमाण पेश गर्ने बेरुजु रु.२,२०,१५,८३७। देखिन्छ । उक्त बेरुजुलाई फछ्र्यौट गर्न आउनका लागि सम्बन्धित व्यक्ति, फर्म, संघसंस्था र उपभोक्ता समितिलाई पत्रचार गर्न सुझाव दिइएको छ भने लेखा समितिबाट सहजीकरण गरिएको छ ।
  - ➢ नियमित गर्नुपर्ने बेरुजु रु.५,५२,०८,८३७ रुपैयाँलाई फछ्र्यौट गरी सम्परीक्षण गर्नका लागि दफावार उल्लेख गरी अनुसूची १ मा पेश गरिएको छ ।
  - ➢ पेश्की फछ्र्यौट गर्न बाँकी बेरुजु मध्ये रु.३६,६२,२६८। रुपैयाँ (आ.व.२०८१/०८२) चालु वर्षका विभिन्न योजनाहरुको कार्यसम्पन्न भई आर्थिक वर्षको अन्त्य (असार २५ गते पछि) तिर भुक्तानी माग गर्न पेश भएकोले पेश्की फछ्र्यौट गर्न बाँकी देखिन्छ भने रु.४,४४,९९,७५४ रुपैयाँ पुरानो पेश्की फछ्र्यौट हुन बाँकी देखिन्छ । उक्त पेश्की अविलम्ब फछ्र्यौट गर्नका आर्थिक प्रशाशन शाखालाई सुझाव पेश गरी लेखा समितिबाट सहजीकरण गएिको छ ।

- ➢ म.ले.प. प्रतिवेदनबाट आ.व.२०८१/०८२ सम्मको कुल बेरुजु रु.५९,०२,७४,४३२ रुपैयाँ देखिन्छ भने कार्यालयको अभिलेखमा रु.५०,०७,६४,९०१।४४ देखिन आउँछ । फरक देखिएको रु.८,९५,०९,५३०।५६ महालेखा परीक्षकको कार्यालयमा सम्परीक्षणको लागि पेश भएको अभिलेखबाट देखिन्छ ।
- ➢ आ.व.२०८१/०८२ सम्मको कुल बेरुजु अङ्क यस प्रतिवेदनको अनुसूचीमा संलग्न राखिएको छ ।

- आर्थिक प्रशासन शाखाबाट प्राप्त २०८३।३।२५ गतेसम्मको ४४ औं नगर सभाबाट संशोधन सहित पारित आयव्यय विवरण यस प्रकार रहेको छ :
  - ➢ आयतर्फ रु.१ अर्ब ७० करोड ४८ लाख ४ हजार ५ सय कुल आम्दानी गर्ने प्रस्तावित लक्ष्य राखिएकोमा हालसम्म रु.१ अर्ब ३१ करोड २५ लाख २७ हजार ९ सय ६० रुपैयाँ यथार्थ आम्दानी भई ७६.९८ प्रतिशत आम्दानी भएको देखिन्छ ।
  - ➢ व्ययतर्फ कुल रु.१ अर्ब ७० करोड ४८ लाख ४ हजार ५ सय कुल खर्च गर्ने प्रस्तावित लक्ष्य राखिएकोमा हालसम्म रु.१ अर्ब २४ करोड १८ लाख ६ सय ५ रुपैंयाँ यथार्थ खर्च भई ७२.८४ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैगरि, चालु खर्चतर्फ रु.९५ करोड ५४ लाख २४ हजार खर्च गर्ने प्रस्तावित लक्ष्य राखिएकोमा, रु.८७ करोड २९ लाख २३ हजार ३ सय ५३ रुपैयाँ खर्च भै ९१.३७ प्रतिशत खर्च प्रगती देखिन्छ भने पूँजीगत खर्चतर्फ रु.७४ करोड ९३ लाख ८० हजार ५ सय खर्च गर्ने प्रस्तावित लक्ष्य राखिएकोमा, रु.३६ करोड ८८ लाख ७७ हजार २ सय ५१ रुपैंयाँ यथार्थ खर्च भै ४९.२२ प्रतिशत खर्च प्रगती देखिन्छ ।

- आ.व.२०८२/०८३ को असार २५ गतेसम्मको आयव्यय विवरण र नियमित गर्ने बेरुजुको विवरण संलग्न अनुसूचीमा उल्लेख गरिएको छ ।

**लेखा समितिबाट पारित भएका सुझावहरु :** व्यास नगरपालिकाबाट प्रदान गरिने विभिन्न सेवालाई छिटो, छरितो, सरल, सुलभ, पारदर्शी र गुणस्तरीय बनाई नगरवासीको जीवनस्तरमा सुधार ल्याउन चुस्तदुरुस्त प्रशासन, स्वतस्फूर्त राजश्व परिचालन, मितव्ययी आर्थिक प्रशासन र नियमित सेवा प्रवाह लगायतका विषयमा द्रूत गतिमा सुधार गर्दै अघि बढ्न देहाय बमोजिमका सुझाव पेश गर्ने अनुमति चाहन्छौ ।

- आन्तरिक आयका क्षेत्र र स्रोतहरुको पहिचान गरी कार्यविधि तथा मापदण्ड बनाई समयमै पारित गरेर लागु गर्नुपर्ने,
- स्थानीय सेवा ऐन र नियममा तोके अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना बनाई स्थायी पद सिर्जना, पदनाम दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्ने,
- जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीहरुको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिम गोष्ठीको व्यवस्थापन गर्नुपर्ने,
- खरिद सम्झौताबाट सञ्चालन गरिने ठेक्काको कामलाई निर्धारित समयमा सम्पन्न गर्न लगाई म्याद थप गर्ने प्रवृत्तिलाई न्यूनीकरण गर्दै लैजानुपर्ने,
- प्राथमिक, आधारभूत र माध्यमिक तहका विद्यालयहरुमा प्रचलित ऐन नियममा तोकिए अनुसार शिक्षक, विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी कायम गरी बढी भएका शिक्षकलाई समायोजन गरिनुपर्ने,

- ऐन, कानुन र नियममा उल्लेख भई प्राविधिक लगत इष्टमेटमा उल्लेख भएको भन्दा बाहेक जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ताबाट गर्न गराउन नहुने भएकाले यस्ता कार्यलाई नियन्त्रण गरी ऐन कानुनले तोके बमोजिम गर्नपर्ने,
- यस नगरपालिका भित्रका कृषि, पशु र सहकारी लगायतका कृषिजन्य संस्थाहरुलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, संस्था दर्ता प्रमाण र परिचयपत्रको व्यवस्था गरी विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्ने । साथै नाफामुखी संस्थाको पहिचान गरी त्यस्ता संस्थालाई अनुदान उपलब्ध तथा वितरण गर्नुहुँदैन,
- सरकारी एवं सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल उपर गर्नुपर्ने बेरुजु कायम रहेछ भने त्यस्ता प्रकृतिका बेरुजु समय मै फछ्र्यौट गर्नु गराउनुपर्दछ,
- व्यास नगरपालिकाले व्यवस्थित रुपमा राजश्व सङ्कलन गर्न नेपाल सरकारले व्यवस्था गरेको राजश्व सङ्कलन सुत्र प्रणालीलाई प्रयोगमा ल्याई नगरवासीसँग उठाइने कर प्रणालीलाई डिजिटलाइज प्रविधिबाट घर/घरमै बसी कर तिर्ने व्यवस्था मिलाउनुपर्दछ ।

अन्त्यमा प्रचलित ऐन, कानुन, नियम, कार्यविधि र विधानमा उल्लेख भएका कानुनी व्यहोरालाई अध्ययन गरी कार्यान्वयन गर्न गराउन हामी सबै उत्तिकै जिम्मेवार भएको हुँदा नगरपालिकाको लेखा समिति गठन र सञ्चानल कार्यविधि, २०७६ को परिच्छेद ३ दफा नं.११ देखि ३३ सम्म उल्लेख भएका काम, कर्तव्य र कार्यक्षेत्रलाई पूर्णरुपमा पालना गरी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जाहेर गर्दै यो प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउनु हुने सम्बन्धित सबैमा हार्दिक धन्यवाद दिदै यस प्रतिवेदनमा उल्लेख भएका व्यहोरालाई कहीं कतै भुल सुधार गर्नुपर्ने भएमा उचित सुझावको अपेक्ष गर्दछौ ।

**प्रतिवेदन पेश गर्ने**

संयोजकः श्री गौकुमारी न्यौपाने, वडा सदस्य ४
सदस्यः श्री दधिराज घिमिरे, वडा सदस्य ३
सदस्यः श्री हर्कबहादुर कार्की, वडा सदस्य १२
सदस्य सचिवः श्री विष्णु खड्का क्षेत्री , स.प्र.अ.

***

# ४५ औँ नगर सभामा प्रस्तुत आर्थिक विकास समितिको प्रतिवेदन

**क. <u>उद्योगतर्फ</u> :**

१. ढुङ्गा खानी सञ्चालक र ढुङ्गा खानीमा कार्यरत गरी १०० जना श्रमिकहरुको लागी आचरण र सुरक्षा सम्बन्धी १ (एक) दिने अभिमुखीकरण कार्यकम प्रदान गरियो ।

२. अव्यवस्थित स्लेट ढुङ्गा कटिङ्ग उद्योगहरुलाई स्थानान्तरण गरी उपयुक्त स्थानमा व्यवस्थित गरिएको ।

३. प्रारम्भिक वातवरणीय परीक्षण (IEE) को अवधि सकिएका स्लेट ढुङ्गा उत्खनन् उद्योगहरुलाई पुनः (IEE) गर्न लगाई उत्खनन् उद्योगहरुलाई निरन्तर रुपमा नियमन गरिएको ।

४. व्यास नगरपालिका जग्गा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम जग्गा खार्ने कार्यलाई निरन्तर रुपमा नियमन तथा नियन्त्रण गरिएको छ । निर्धारित प्रक्रिया पूरा गरी व्यास नगरपालिकाबाट स्वीकृति लिई जग्गा खार्ने कार्यबाट व्यास नगरपालिकालाई ठूलो मात्रामा राजश्व प्राप्त भएको छ ।

५. नियमित रुपमा घ वर्गको इजाजत पत्र दर्ता, नवीकरण, स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योगहरुको दर्ता तथा नवीकरणका कार्यहरु भइरहेका छन् ।

**ख. <u>पर्यटनतर्फ</u> :**

१. व्यास नगरपालिका स्थित विभिन्न होमस्टेहरुको अनुगमन तथा स्तरीकरणको काम नियमित भइरहेको छ ।

२. होमस्टेहरुको सञ्जाल गठन गरिएको छ ।

३. ग्रामीण पर्यटनको नयाँ सम्भावनाहरुको खोजी अन्तर्गत व्यास १३ बेनिकोटभञ्याङ छापडाँडामा नयाँ होमस्टे विकासका लागि आवश्यक पूर्वाधारको काम भइरहेको छ ।

४. समग्र व्यास नगरपालिकाको पर्यटन प्रर्वद्धन सम्बन्धी बृत्तचित्र निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

५. नियमित रुपमा होमेष्टेहरुको दर्ता तथा नवीकरणका कार्यहरु भइरहेका छन् ।

**ग. <u>गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) तर्फ</u> :**

१. वडा नं.३ का ३७ जना सम्भावित नयाँ उद्यमीहरुलाई ८ दिने उद्यमशीलता विकास तालिम प्रदान गरियो ।

२. वडा नं.२ का २४ जना पुराना उद्यमीहरुका लागि सिलाई कटाई र व्युटिपार्लर सम्बन्धी स्तरोन्नति तालिम सञ्चालन गरी सम्पन्न गरियो ।

३. व्यास नगरपालिका वडा नं.३ का नयाँ उद्यमीहरु मध्ये ११ जनालाई लामो अवधिको सिलाई कटाई तालिम, १३ जनालाई अचार सम्बन्धी छोटो अवधिको प्राविधिक सीप विकास तालिम र ११ जना मध्यम अवधिको बेकरी सम्बन्धी तालिम प्रदान गरी जम्मा ३५ जना नयाँ उद्यमी सिर्जना गरियो ।

४. प्रविधि हस्तान्तरण कार्यक्रम मार्फत वडा नं.२ का सिलाई समूहका पुराना उद्यमीहरुलाई ६ थान सिलाई मेसिन र वडा नं.३ का सिलाई समूहका नयाँ उद्यमीहरुलाई ९ थान सिलाई मेसिन उपलब्ध गराइयो । यसैगरी वडा नं.३ का अचार समूहका उद्यमीहरुलाई समेत आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलब्ध गराइयो ।

५. व्यास नगरपालिका क्षेत्रभित्र रही व्यवसाय सञ्चालन गरिरहेका ३५ जना महिला उद्यमी व्यूटिसियनहरुका लागि प्रोफेसनल मेकअप सम्बन्धी एड्भान्स तालिम प्रदान गरियो ।

**घ. <u>राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमतर्फ</u> :**

| सि.नं. | क्रियाकलाप | संख्या |
|---|---|---|
| १. | वैदेशिक रोजगारीमा जाने कामदारहरुको श्रम स्वीकृतिमा सहजीकरण गरेको | १८६ जना |
| २. | वैदेशिक रोजगारीमा गएका कामदारहरुको परिवारको सदस्य बिरामी पर्दा उपचार खर्चको लागि वैदेशिक रोजगार बोर्डको FEWIMS मा प्रविष्टि गरी सहजीकरण गरेको | ६ जना |
| ३. | वैदेशिक रोजगारीमा गएका कामदारहरु बिरामी अथवा अङ्गभङ्ग भई नेपाल फर्किदा उपचार खर्चको लागि वैदेशिक रोजगार बोर्डको FEWIMS मा प्रविष्टि गरी सहजीकरण गरेको | ५ जना |
| ४. | वैदेशिक रोजगारीमा गएका कामदारहरुको श्रम अवधिमा मृत्यु भएमा क्षतिपूर्तिको लागि वैदेशिक रोजगार बोर्डको FEWIMS मा प्रविष्टि गरी सहजीकरण गरेको | ५ जना |
| ५. | वैदेशिक रोजगारीमा गएका कामदारहरुको श्रम अवधिमा मृत्यु भएका सन्ततीहरुको लागि छात्रवृत्तिको लागि वैदेशिक रोजगार बोर्डको FEWIMS मा प्रविष्टि गरी सहजीकरण गरेको | १३ जना |
| ६. | MCA नेपाल परियोजनाद्धारा व्यास नगरपालिकामा यस परियोजनाबाट प्रभावित ४ वटा वडाहरु १, १२, १३ र १४ का युवाहरुलाई उद्यमशीलता तथा सीपमूलक तालिमको लागि प्रशिक्षार्थी छनोटमा सहजीकरण गरिएको जसमा ५५ जना सीप विकास तालिम र ३५ जना व्यवसाय व्यवस्थापन तालिमामा छनोट भएका | १ चोटी |
| ७. | आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सम्पन्न | ३४ जना |
| ८. | पूर्व सिकाईको मान्यतामा विधिको सीप परीक्षणमा सहभागी (२५ जना गार्मेन्ट, ७ जना व्यूटिसियन, १ जना मेसन) | ३३ जना |
| ९. | सीप सम्बन्धी काम गर्ने दक्ष कामदारहरुको नक्साङ्कन सम्बन्धी कार्यका google form मार्फत तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्पन्न भएको छ । | १,६९९ जना |

**राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत रोजगारी सिर्जनामा आधारित आयोजना**

| सि. नं. | वडा नं. | आयोजनाको नाम | श्रमिक संख्या | विनियोजित रकम रु. | खर्च रु. |
|---|---|---|---|---|---|
| १. | ६ | शान्ती टोल विकास संस्था अन्तर्गत पर्ने स्वामी चौतारा निर्माण | ५ | १,००,०००। | १,००,०००। |
| | | सिन्धु मोटर मार्ग लगायत अन्य मार्गहरुको | ७ | ७०,०००। | ७०,०००। |

| सि. नं. | वडा नं. | आयोजनाको नाम | श्रमिक संख्या | विनियोजित रकम रु. | खर्च रु. |
|---|---|---|---|---|---|
| | | नाला सरसफाई | | | |
| २. | ११ | ठाडोपाखा पदमार्ग अधुरो निर्माण योजना | १० | २,००,०००। | २,००,०००। |
| | | शिखरपुर पदमार्ग निर्माण योजना | १० | २,००,०००। | २,००,०००। |
| ३. | १३ | जनजागृत बगौंचा र काजिधारादेखि थानी मन्दिर जाने बाटो निर्माण | १२ | ३,००,०००। | ३,००,०००। |
| | | ओटाङ्गदी पाइप खन्ने पर्ने आयोजना | १२ | ७४,०००। | ७४,०००। |
| | | **जम्मा** | **५६** | **९,४४,०००।** | |
| | | | | | |

ङ. <u>सुरक्षित आप्रवासन (सामी) कार्यक्रमतर्फ</u> :

१. **स्थानीय सरकारका पहलहरु :** व्यास नगरपालिका र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संयुक्त लागतमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रयम चौथो चरण सञ्चालन ।

२. **सूचना तथा परामर्श सेवा प्रदानः**

- व्यास नगरपालिकाको आप्रवासी श्रोत केन्द्रबाट सूचना परामर्श सेवा प्रदान : १००७ पुरुष र ७४१ महिला गरी जम्मा १७४८ जना ।
- १२ वटा समुदाय स्तरमा अभिमुखीकरण मार्फत सूचना प्रदान : ८८ पुरुष र १३३ महिला गरी जम्मा २२१ जना वडा नं. ५, ९ र ११ मा सञ्चालन ।

३. **निशुल्क कानुनी सहायताको लागि सहजीकरण :** वैदेशिक रोजगारी सम्बन्धी प्राप्त केशः

| केशका प्रकृति | प्राप्त केश | समाधान भएका केश | आर्थिक सहायता |
|---|---|---|---|
| मृत्यु | ५ | २ | २४,२५,०००। |
| ठगी | २६ | १२ | १४,७०,०००। |
| उद्दार | ७ | ६ | ० |
| घाइते | ९ | प्रकियामा | ० |
| जेल | १ | प्रकियामा | ० |
| **जम्मा** | **४८** | **२०** | **३८,९५,०००।** |

४. **मनोसामाजिक परामर्श सेवा प्रदान :**

- व्यक्तिगत रुपमा सेवा प्रदान गरिएका जम्मा सेवाग्राही संख्या : ८ महिला र ६ पुरुष गरी जम्मा १४ जना ।
- सबै केशहरु परामर्श प्रकियामा रहेको ।

५. **वित्तीय साक्षरता कक्षा सञ्चालन :** २१ हप्ते २ वटा ५२ जना

- समुदाय स्तरमा ८ वटा २४९ जना
- विद्यालय स्तरमा ५ वटा १९२ जना

६. वडा स्तरीय आप्रवासी श्रमिक सञ्जाल वडा नं.१, ७ र ११ मा गठन गरी आवश्यक क्षमता विकास तालिम प्रदान गरिएको छ ।

**च. <u>सहकारी तथा साझेदारीतर्फ</u> :**

१. मिति २०८३/१/२८ देखि ३० गतेसम्म ३३ वटा विभिन्न सहकारी संस्थाका अध्यक्ष, लेखा समितिका संयोजक र व्यवस्थापकहरुलाई ३ दिने लेखा व्यवस्थापन तालिम सञ्चालन सहभागी संख्या ६९ जना ।
२. ५९ वटा सहकारी संस्थाबाट वार्षिक प्रतिवेदन पेश गरिएको ।
३. सहकारी संस्थाको २ वटा विनियम संशोधन ।
४. २४ वटा सहकारी संस्थाहरु अद्यावधिक गरिएको ।
५. ३० वटा सहकारी संस्थाहरुको अनुगमन गरिएको ।

**<u>अन्य थप कार्यहरुः</u>** नगरपालिकाको कार्यालय र सम्बन्धित सहकारी उपशाखाबाट सहकारी संस्था प्रवर्द्धनका लागि तपसिल अनुसारका कार्यहरु गरिंदै आएका छन् :

- साधारण सभा, लेखापरीक्षण समेतका प्रतिवेदनको नियमितता,
- नियमित तथा आकस्मिक अनुगमन तथा निर्देशन,
- कोपोमिस कार्यान्वयनमा प्रेरित गरिएको र अनिवार्य कोपोमिस दर्ता गर्न लगाइएको,
- सहकारी विनियममा पुनर्लेखन गरिएको,
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणको पत्र अनुसार सबै सहकारी संस्थाहरुलाई दर्ता अभिलेखीकरण गर्न जानकारी गरिएको,
- सहकारी संस्थाहरुको लागि नीति, नियम तथा नियमावलीहरु तयार गर्न सहजीकरण गरिएको ।

**छ. <u>साझेदारी कोषतर्फः</u>**

१. आ.व.२०८१/२०८२ को ऋण अल्या भई आएको रु.१,१३,७८,१७०।७६
२. आ.व.२०८२/२०८३ मा थप ऋण लगानी रु.७०,००,०००।
जम्मा ऋण लगानी रु.१,८३,७८,१७०।७६
३. आ.व. २०८२/२०८३ मा -ऋण असुली रु.१,००,५१,९२५।९०
-ब्याज असुली रु.९,०६,८९०।
-हर्जना असुली रु.३४,१३७।२०
-सेवा शुल्क रु.३५,०००।
-जम्मा असुली रु.१,१०,२७,९५३।
४. १० वटा टोल विकास संस्थाहरुलाई ब्याज फिर्ता रकम रु.१,६१,२२०।३६
५. ९९ वटा टोल विकास संस्थालाई लजिष्टिक सामग्री वितरण गरिएको ।
६. जम्मा टोल विकास संस्था २५२ वटा ।

**ज. <u>कृषि विकास उपशाखातर्फ</u> :**

१. व्यास नगरपालिका भित्र उत्पादित कृषि उपजको सुरक्षित भण्डारण, मूल्यश्रृङ्खलाको विकास तथा बजार व्यवस्थापन सुदृढीकरण गर्ने उद्देश्यले २०८१ साल चैत्रदेखि व्यास नगरपालिका वडा नं.११, गैह्रबारी टोलमा चिस्यान केन्द्र (Cold Store) सञ्चालनमा रहेको छ । चालु आर्थिक वर्षमा उक्त चिस्यान केन्द्रमा करिब २० टन आलु सुरक्षित भण्डारण गरिएको छ ।

२. आलु पकेट क्षेत्र ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत नगर भित्र उत्पादित बीउ आलुको प्रयोगमार्फत ४ समूह/सहकारीको सहभागितामा करिब ८० रोपनी क्षेत्रफलमा आलु खेती विस्तार गरिएको छ ।

३. व्यास नगरपालिका भित्र व्यवसायिक तरकारी खेती विस्तारका लागि ११४ रोपनी क्षेत्रफलमा तरकारी खेती गर्ने कृषकलाई प्रति रोपनी रु.३,०००। का दरले तरकारी उत्पादनमा आधारित प्रोत्साहन सहयोग प्रदान गरिएको छ ।

४. सुन्तला (राष्ट्रिय फल) लगायत एभोकाडो, ड्रागन फ्रुट, मेकेडेमिया नट, केरा र कागती जस्ता फलफुलको उत्पादन, उत्पादकत्व तथा क्षेत्रफल विस्तार गर्ने उद्देश्यले सुन्तला लगायत फलफुल बगैंचा व्यवस्थापन कार्यक्रम अन्तर्गत ५०% अनुदानमा १६ जना कृषक/कृषि फर्महरुलाई सिंचाई सामग्री, कृषि औजार तथा प्राङ्गारिक मल उपलब्ध गराइएको छ ।

५. उच्च मूल्यका कृषि बालीतर्फ कृषकहरूको आकर्षण बढाउने लक्ष्य सहित च्याउ खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत २ वटा कृषि फर्मसँग सम्झौता भई गुणस्तरीय च्याउ बीउ, झोला, पराल, chaff cutter मेशिन, टनेल संरचनाका लागि टनेल प्लाष्टिक, बाँस आदिमा ५० प्रतिशत अनुदान प्रदान गरिएको छ ।

६. व्यास नगरपालिकाले कृषकको खेतबारीको माटोमा खाद्यतत्व पहिचान गरी उपयुक्त मल सिफारिस र विशेष गरी अम्लीय माटो सुधारका लागि माटो तथा मल परीक्षण शाखा, प्रदेश कृषि प्रयोगशाला, गण्डकी प्रदेशसँगको सहकार्यमा २५७ माटो नमूना परीक्षण कार्य सम्पन्न भएको छ ।

७. व्यास नगरपालिका भित्रका कृषकहरूको उत्पादन वृद्धि, बाली क्षति न्यूनीकरण तथा रोग किरा नियन्त्रणका लागि आवश्यक बाली संरक्षण सामग्रीहरू ५०% अनुदानमा २५० जना कृषकहरुलाई वितरण गरिएको छ ।

८. तरकारी खेतीको आधुनिकीकरण र व्यवसायीकरण प्रवर्द्धन गर्ने उद्देश्यले गत आर्थिक वर्षदेखि व्यास-१२ र व्यास-१३ मा २ वटा तरकारी पकेट क्षेत्र सञ्चालनमा रहेका छन् । उक्त कार्यक्रम अन्तर्गत तरकारी उत्पादन प्रविधि सम्बन्धी तालिम, उत्पादन सामग्री (मल, बीउ विजन, बाली संरक्षण सामग्री), यान्त्रीकरण (हाते ट्याक्टर, डिजिटल तराजु), साना सिंचाई (मोटर, पाइप, ड्रम) र १७ वटा टनेल निर्माण लगायतका पूर्वाधारमा अनुदान उपलब्ध गराइएको छ ।

९. कृषकहरूको पहिचान सुनिश्चित गरी सरकारी सेवा सुविधाको पहुँच, पारदर्शीता तथा सुशासन अभिवृद्धि गर्ने उद्देश्यले हालसम्म व्यास नगरपालिका भित्रका ८,३८५ कृषक घरधुरीहरूको विवरण किसान सूचीकरण प्रणालीमा प्रविष्ट गरिएको छ ।

१०. व्यास नगरपालिका भित्र पुष्प खेती विस्तार तथा प्रवर्द्धन गर्ने उद्देश्यले ७ जना कृषक/कृषि फर्म मार्फत १४ रोपनी क्षेत्रफलमा सयपत्री फूलको व्यवसायिक खेती सुरु गरिएको छ ।

११. कृषि, पशु तथा मत्स्य तथ्याङ्क अत्यावधिक कार्यक्रम अन्तर्गत व्यास नगरपालिका भित्र तोकिएको गणना क्षेत्रमा तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको छ ।

१२. उत्पादन लागत न्यूनीकरण तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य सहित चालु आर्थिक वर्षमा व्यास नगरपालिका भित्रका कृषकहरुलाई ४० टन उन्नत धानको बीउ, उन्नत तथा हाइब्रिड तरकारी

बीउ विजन वितरण साथै आवश्यकता अनुरुप साना मेशिनरी औजार (हाते ट्र्याक्टर, कम्बाइन मिल, च्याफ कटर, ब्रस कटर) लागायतका कृषि उपकरणहरू ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको छ ।

**झ. पशुपन्छी विकास उपशाखातर्फ :**

१. **पशुपन्छी औषधीउपचार सेवा :** पशुपन्छी विकास उपशाखाबाट हालसम्म २,३९६ जना कृषकहरूको गरी जम्मा २७,३३७ ओटा पशुपन्छीहरूलाई विभिन्न समस्या अनुसार औषधी उपचार सेवा एवं निशुल्क औषधी वितरण गरिएको छ ।

२. **उत्पादनमा आधारित अनुदान कार्यक्रम :** सहकारी मार्फत बिक्री हुने दुधमा किसानलाई अनुदान कार्यक्रममा व्यास नगरपालिका भित्रका ७ वटा दुग्ध उत्पादक सहकारी संस्थाहरूलाई संस्था मार्फत सङ्कलन भएको २३,०८,२७०.६ लिटर दुधको प्रति लिटर रु.२ को दरले जम्मा रु.४६,१६,५४१.२ अनुदान प्रदान गर्न सिफारिस गरिएको छ भने सहकारी मार्फत बिक्री हुने खसी/बोकाको मासुमा किसानलाई अनुदान कार्यक्रममा व्यास नगरपालिका भित्रका २ वटा सहकारी संस्थाहरूलाई सङ्कलन/बिक्री भएको ३०,७९९ के.जी. जिवित तौल खसी/बोकामा जम्मा रु.५,००,०००। अनुदान प्रदान गर्न सिफारिस गरिएको छ ।

३. **व्यवसायिक पशु फार्ममा मलमूत्र व्यवस्थापन कार्यक्रम :** व्यवसायिक रुपमा पशुपालन गर्ने फार्महरुमा सरसफाईको अवस्था उच्च राख्न, स्वच्छ दुध उत्पादनमा मद्दत पुर्याउन, पशुहरुबाट उत्सर्जित मलमुत्रमा रहेका खाद्यतत्वहरुको क्षति हुन नदिई उचित संरक्षण एवं व्यवस्थापन गर्न र हरितगृह ग्याँस उत्सर्जन कम गर्न समेत मलमुत्रको उचित व्यवस्थापन गरिनु जरुरी भएकोले मलमुत्र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको छ । ५ वटा गाईभैंसी फार्महरूलाई मलमूत्र व्यवस्थापनको लागि रु.७५,०००। को दरले अनुदान प्रदान गरिएको छ ।

४. **पशु प्रवर्द्धन कार्यक्रम :** पशु फार्महरूलाई प्रवर्द्धन गर्ने उद्देश्यले कृषकहरूलाई आवश्यक गोठ, खोर सम्बन्धी पूर्वधार निर्माण, मर्मत तथा विस्तार तथा अन्य क्रियाकलापहरू सञ्चालनका लागि अनुदान प्रदान गर्न गाईभैंसी प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७ वटा गाईभैंसी फर्महरूलाई रु.६१,०००। को दरले, बाख्रा प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४ वटा बाख्रा फर्महरूलाई रु.७०,०००। को दरले र मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम अन्तर्गत १ वटा फार्मलाई रु.१४०,९६०। अनुदान प्रदान गरिएको छ ।

५. **रेविज नियन्त्रण कार्यक्रम :** व्यास नगरपालिका र भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, तनहुँको सहकार्यमा २ पटक शिविर सञ्चालन गरी जम्मा २०२ ओटा छाडा/सामुदायिक/घरपालुवा कुकुरहरूमा रेविज रोग विरुद्धको खोप एवं बन्ध्याकरण कार्य सम्पन्न भएको छ ।

६. **पशुहरूमा पूर्ण खोप कार्यक्रम :** पशुमा पूर्ण खोप कार्यक्रम अन्तर्गत व्यास नगरपालिका भित्रका ३,०९९ कृषक परिवारको १६,२१९ पशुहरूलाई (गाई, भैंसी, बाख्रा, भेडा, वङ्गुर, कुकुर) विभिन्न महामारीजन्य रोगहरू विरुद्ध खोप लगाउने कार्य भइरहेको छ ।

७. **कृत्रिम गर्भाधान सेवा :** व्यास नगरपालिका भित्र ४३९ ओटा गाईमा र ४८० ओटा भैंसीमा गरी जम्मा ९१९ ओटा गाई/भैंसीमा कृत्रिम गर्भाधान भएको छ ।

८. **एकीकृत घुम्ती शिविर कार्यक्रम :** एकीकृत घुम्ती शिविर कार्यक्रम अन्तर्गत पशु स्वास्थ्य शिविर मार्फत मिति २०८२/१२/१५ गते व्यास ७ मा ६० जना कृषकहरूको ९८५ पशुपन्छी र मिति २०८३/०१/०८ गते व्यास १४ मा ११८ जना कृषकहरूको १,७४८ पशुपन्छीहरूलाई औषधीउपचार सेवा प्रदान ।

९. **सिफारिस सेवा :** कृषकहरूलाई विभिन्न सिफारिस प्रदान :
-पशुपन्छी बीमा क्षतिपूर्ति रकम भुक्तानीको लागि सिफारिस - १७० वटा
-वन्यजन्तुबाट भएको पशुधन क्षति राहत रकमको लागि वन कार्यालयलाई सिफारिस - ७ वटा
-माछामासु पसल दर्ता सिफारिस - १७० वटा
-अन्य कार्यालय सिफारिस - ५४ वटा

**समितिका पदाधिकारीहरु**

| | |
|---|---|
| संयोजक: | श्री खेमराज पोखेल, वडाध्यक्ष १० |
| सदस्य: | श्री जीवन गुरुङ, वडाध्यक्ष ६ |
| सदस्य: | श्री कृष्णप्रसाद न्यौपाने, वडाध्यक्ष ७ |
| सदस्य: | श्री सविता रसाइली, वडा सदस्य |
| सदस्य : | श्री गोकुल राना, वडा सदस्य |
| सदस्य: | श्री मनोज विश्वकर्मा, पशु विकास अधिकृत |
| सदस्य सचिव | श्री राजेन्द्र कार्की, बरिष्ठ प्रशासकीय अधिकृत |

***

# ४५ औं नगर सभामा प्रस्तुत सामाजिक विकास समितिको प्रतिवेदन

नगर सभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा व्यास नगरपालिकाको विषयगत समिति सम्बन्धी कार्यविधि, २०७६ अनुसार व्यास नगरपालिका अन्तर्गत विभिन्न विषयगत समितिहरु गठन भएको छ । त्यस मध्ये सामाजिक विकास समिति एक महत्वपूर्ण समिति हो । सामाजिक विकास समितिले शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा, खेलकुद, भाषा, कला तथा संस्कृति लगायतका सामाजिक क्षेत्रको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा सुझाव प्रदान गर्दै आएको छ ।

यस समितिले चालु आर्थिक वर्ष ०८२/०८३ मा सम्पादन गरेका गतिविधि, उपलब्धि, समस्या, चुनौती तथा आगामी दिनमा सुधार गर्नुपर्ने सिफारिसहरू नगर सभामा जानकारी गराउने उद्देश्यले समितिको निर्णयानुसार यो प्रतिवेदन तयार गरी यस गरिमामय सभामा पेश गरेका छौ ।

१. **<u>बैठक तथा निर्णय कार्यान्वयन अवस्था</u> :** आर्थिक वर्ष ०८२/०८३ मा हालसम्म समितिका जम्मा ५ (पाँच) वटा बैठकहरू सम्पन्न भएका छन् । बैठकहरूमा निम्न मुख्य विषयहरूमा छलफल तथा निर्णय गरिएको छ :

- शिक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको समीक्षा, कार्यान्यनको अवस्था र कार्ययोजना,
- सामाजिक सुरक्षा तथा लक्षित वर्ग कार्यक्रमको प्रभावकारिता,
- महिला, बालबालिका तथा समावेशीकरण सम्बन्धी विषय,
- युवामुखी सीप विकास तथा खेलकुद कार्यक्रम,
- विविध ।

बैठकबाट भएका निर्णयहरू सम्बन्धित शाखा तथा निकायसँग समन्वय गरी कार्यान्वयनतर्फ अगाडि बढाइएको छ ।

२. **<u>क्षेत्रगत कार्यसम्पादन विवरण</u> :**

२.१ शिक्षा युवा तथा खेलकुद शाखामार्फत सम्पादित कार्यहरु (शिक्षा क्षेत्र)

सामुदायिक तथा संस्थागत विद्यालयहरूको अनुगमन तथा निरीक्षण, छात्रबृत्ति वितरण, निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा कार्यक्रम तथा शैक्षिक सामग्रीको उपलब्धता, अनुगमन, अतिरिक्त क्रियाकलाप, खेलकुद, बालक्लब तथा सिर्जनात्मक कार्यक्रमको प्रवर्द्धन, शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिसँग अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरिएको छ । शिक्षा शाखामार्फत सम्पादन भएका शैक्षिक प्रगति निम्नानुसार रहेको छ :

- ८ वटा नगर शिक्षा समिति, ५ वटा सामाजिक विकास समितिको बैठक बसी विभिन्न शिक्षासँग सम्बन्धित आवश्यक निर्णयहरु गरी कार्यान्वयन गरिएको ।
- विद्यालयहरुको शैक्षिक सत्र २०८२ को त्रैमासिक, वार्षिक परीक्षा, नगरस्तरीय परीक्षा लगायत कक्षा १० र कक्षा १२ को परीक्षा अनुगमन गरी परीक्षा सञ्चालन तथा व्यवस्थापनमा समन्वय तथा सहजीकरण गरिएको ।

- समायोजन भएका विद्यालयहरुको शिक्षक कर्मचारी व्यवस्थापन गरिएको तथा रिक्त पदमा शिक्षक पदपूर्ति गरिएको ।
- शिक्षकहरुको तलबी प्रतिवेदन पारित गरी मासिक रुपमा तलबभत्ता निकासा गरिएको ।
- व्यास नगरपालिकाको स्थापना दिवसको अवसरमा व्यास नगरपालिका अन्तर्गतका उत्कृष्ट विद्यालय, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, दीर्घ सेवारत शिक्षक, निवृत्त शिक्षक र उत्कृष्ट विद्यार्थी लगायतलाई पुरस्कृत तथा सम्मान गरिएको ।
- शिक्षकहरुको प्राविधिक ग्रेड रकम छुट भई सम्बन्धित शिक्षकहरुबाट छुट रकम माग निवेदन अनुसार सम्मानित सर्वोच्च अदालतको परमादेश अनुसार शिक्षकहरुको छुट प्राविधिक ग्रेड पाउन योग्य शिक्षकहरुलाई छुट प्राविधिक ग्रेड बापतको रकम उपलब्ध गराइएको ।
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि लगायत विविध पक्षमा छलफल गर्न सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु तथा प्रधानाध्यापकहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- नगर स्तरीय शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत शिक्षक र विद्यार्थी वक्तृत्वकला प्रतियोगिता तथा वडा स्तरीय हाजिरीजवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई बृत्ति परामर्श तथा मार्गनिर्देशन कार्यक्रमका लागि ८ जना प्रशिक्षक खटाई कार्यक्रम सम्पन्न गरिएको ।
- माध्यमिक शिक्षा परीक्षा SEE -२०८२ को समीक्षा गरी आगामी शैक्षिक सत्रको शैक्षिक उपलब्धिको प्रतिवद्धता गराई कार्ययोजना तयार गरिएको ।

व्यास नगरपालिका अन्तर्गत माध्यमिक शिक्षा परीक्षा-२०८२ को नतिजा

| **विवरण** | **जम्मा परीक्षार्थी संख्या** | **उत्तीर्ण विद्यार्थी संख्या** | **उत्तीर्ण प्रतिशत** |
|---|---|---|---|
| सामुदायिकतर्फ | ९६६ | ६५७ | ६८.०१ |
| संस्थागततर्फ | ५२७ | ४३५ | ८२.५४ |
| जम्मा | १,४९३ | १,०९२ | ७३.१४ |

- नियमित रुपमा प्रधानाध्यापकको बैठक बसी विद्यालयहरुलाई आवश्यक निर्देशन दिई विद्यालय सञ्चालनमा सहजीकरण गरिएको ।
- विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिएको ।
- सामुदायिक विद्यालयहरु कक्षा (६-१२) मा अध्ययनरत किशोरावस्थाका छात्राहरुको लागि महिनावारी समयमा निःशुल्क सेनेटरी प्याड विद्यालयहरुलाई वितरण गरी छात्रा विद्यार्थीहरुलाई निशुल्क उपलब्ध गराइएको ।
- विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानाध्यापक र सहायक प्रधानाध्यापकहरुलाई ISO GUIDELINE ORIENTATION कार्यक्रम सञ्चालन सम्पन्न गरिएको ।
- १४ जना नवप्रवेशी शिक्षकहरुलाई शिक्षक मेन्टरिङ कार्यक्रम कार्यान्वयनका लागि ८ मेन्टर प्रशिक्षक विद्यालयहरुमा मेन्टर खटाई कार्यक्रम सम्पन्न गरिएको ।
- शैक्षिक सत्र २०८३ को वार्षिक शैक्षिक कार्ययोजना तयार गरी कार्यान्वयनका लागि शैक्षिक कार्यपात्रो -२०८३ प्रकाशन गरिएको ।

- स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) शिक्षण सिकाइ पुस्तिका लेखन कार्य सम्पन्न गरी शिक्षकहरुलाई शिक्षण सिकाइ सहजीकरण गर्न सहयोग पुग्ने उद्देश्यले कक्षा १ देखि कक्षा ८ सम्मको सिकाइ सहजीकरण पुस्तिका प्रकाशन गरिएको ।
- विद्यालयहरुको लागि स्थानीय पाठ्यक्रम, सहजीकरण पुस्तिका, शिक्षक पाठयोजना डायरी, शिक्षण सिकाइ समय कार्यान्वयन डायरी, मूल्याङ्कन अभिलेखीकरण पुस्तिका कक्षा १-५ छपाई गरी वितरणका लागि तयार गरिएको ।
- विद्यालय अनुगमन तथा निरीक्षण गरिएको ।
- व्यास नगरपालिका सुत्केरी सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ अनुसार प्रसुति बिदामा रहनु भएका शिक्षकहरुको सट्टामा १५ जना सुत्केरी सट्टा शिक्षक व्यवस्थापन गरिएको ।
- आ.व.२०८२।०८३ मा स्वीकृत कार्यक्रम अन्तर्गत विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताब खरिद, तथा इ-पुस्तकालय समेत) शीर्षकको कार्यक्रमबाट ४ वटा विद्यालयहरुमा ICT ल्याव विस्तार भई कार्यक्रम सम्पन्न भएको ।
- नमूना विद्यालय सत्यवती माध्यमिक विद्यालयलाई बक्षा ११-१२ मा विज्ञान विषय प्रवर्द्धन तथा नमूना विद्यालय विकास कार्यक्रम अन्तर्गत सशर्त अनुदानतर्फको रु.६० लाख अनुदान रकम र प्राविधिक धार ल्याव व्यवस्थापनमा रु.२ लाख र कक्षा ९-१२ प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु.१५,०००। (पन्ध्र हजार रुपैयाँ) का दरले ११९ जना विद्यार्थीहरुको लागि रु.१७,८५,०००। (सत्र लाख पचासी हजार रुपैयाँ) निकासा गरिएको ।
- निर्मल माध्यमिक विद्यालयलाई खुला विद्यालय सञ्चालन अनुदान अन्तर्गत रु.१ ५२,०००। (एक लाख बाउन्न हजार रुपैयाँ अनुदान उपलब्ध गराइएको ।
- सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रति सामुदायिक सिकाइ केन्द्र रु.३ लाखका दरले ८ वटालाई रु.२४ लाख रुपैयाँ निकासा गरिएको ।
- धार्मिक शिक्षा अन्तर्गत ६ वटा मदर्साहरुलाई रु.७ लाख र १ वटा गुरुकुलका लागि रु.५ लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको ।
- शैक्षिक सत्र २०८२ को नगरस्तरीय आधारभूत तह कक्षा ५ र ८ को वार्षिक परीक्षा तथा ग्रेडवृद्धि परीक्षा सञ्चालन तथा व्यवस्थापन गरी विद्यालयहरुलाई नतिजाको ग्रेड लेजर र ग्रेडसिट प्रमाणित गरी कक्षा ५ को १,५८१ र कक्षा ८ को १,६८६ जनालाई प्रमाणित ग्रेडसिट उपलब्ध गराइएको ।
- सशर्त अनुदान अन्तर्गतको विपन्न लक्षित छात्रबृत्ति शीर्षकबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचना अनुसार छनौट भएका हाल कक्षा ७ मा अध्ययनरत २४ जना र कक्षा १० मा अध्ययनरत २३ जना गरी ४७ जना विद्यार्थीहरुलाई रु.६,०००। का दरले विपन्न लक्षित छात्रबृत्ति उपलब्ध गराइएको ।
- व्यास नगरपालिकाको आ.व.०८२/८३ को नीति तथा कार्यक्रम एवं बजेट कार्यक्रम अनुसार उच्च शिक्षा अध्ययन/अनुसन्धान/छात्रवृत्ति सहयोग कार्यक्रमबाट २०९ जना विद्यार्थीहरुलाई जम्मा रु.१८,११,०००। छात्रबृत्ति रकम उपलब्ध गराइएको ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक क्षमता विकास, अतिरिक्त कक्षा तथा सिकाइ सुधार कार्यक्रम सञ्चालन भएको छ ।

| क्र. सं. | क्षमता विकास कार्यक्रमको नाम | लाभान्वित संख्या |
|---|---|---|
| १. | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यक्रम | ६० |
| २. | ISO GUIDELINE ORIENTATION कार्यक्रम | ४७ |
| ३. | नवप्रवेशी शिक्षकहरुलाई शिक्षक मेन्टरिङ कार्यक्रम | १४ |
| ४. | बृत्ति परामर्श तथा मार्गनिर्देशन कार्यक्रम | ८ |
| ५. | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी क्षमता विकास कार्यकम | ९८ |
| ६. | आधारभूत तहका विद्यालयमा कार्यरत प्रधानाध्यापक तथा लेखा हेर्ने शिक्षकहरुलाई विद्यालय लेखा व्यवस्थापन सम्बन्धी तालिम | ३८ |
| ७. | एकीकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड तालिम | ५६ |
| ८. | स्तरीकृत विषयगत प्रश्नपत्र निर्माण कार्यशाला | ३४८ |
| ९. | विद्यालयमा सूचना तथा सञ्चार र AI सम्बन्धी क्षमता विकास तालिम | ६९ |
| १०. | माध्यमिक तहका गणित शिक्षकहरुका लागि क्षमता विकास तालिम | २७ |
| ११. | अनौपचारिक तर्फको शैक्षिक तथ्याङ्क NEF EMIS एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथ्याङ्क प्रविष्ट गर्ने सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ८ |

## ३. <u>युवा, खेलकुद तथा सीप विकास</u> :

**३.१. युवातर्फ :** युवा परिषद्‌बाट सञ्चालन भएका युवालाई सामाजिक, आर्थिक तथा विकास निर्माणमा सहभागी गराउने कार्यक्रमहरु प्रभावकारी बनेका छन् ।

- युवा स्वयंसेवक टोलीमार्फत सार्वजनिक स्थानहरु सरसफाई, वृक्षारोपण र स्वास्थ्य सचेतना कार्यक्रबाट नेतृत्व विकास, स्वयंसेवा र नवप्रवर्तन गतिविधिमा युवाको सहभागिता बढेको छ ।
- व्यास नगरपालिका अन्तर्गतका १४ वटै वडाका युवाहरुलाई कृत्रिम बौद्धिकता (AI) क्षमता विकास तालिम सञ्चालन गरी ७० जना युवाहरुलाई प्रशिक्षण गरी प्रमाणपत्र वितरण गरिएको ।

**३.२ खेलकुदतर्फ :**

- दोश्रो वडास्तरीय मेयरकप भलिवल प्रतियोगिता सञ्चालन गरी सम्पन्न गरिएको जसबाट वडास्तरीय खेलकुदमा स्थानीय युवाहरुको सहभागीता बढ्नुका साथै राष्ट्रिय खेल भलिबल खेलकुद प्रवर्द्धन, सामाजिक समन्वय र एकता, खेलाडीहरुको खेल सीप तथा प्रतिभा पहिचान, स्थानीय स्तरमा उत्साह र सहभागिताका साथै भविष्यका अवसर र योजनाहरुको विकास भएको छ,
- नगरस्तरीय मेयरकप कराते प्रतियोगिता सञ्चालन गरी सम्पन्न गरिएको जसबाट उत्कृष्ट कराँते खेलाडीहरु पहिचान हुनका साथै खेलाडीहरुको क्षमता विकास र स्थानीय स्तरमा खेलाडीहरुलाई नियमित अभ्यास र अनुशासनमा सहभागी हुन प्रेरणा मिलेको छ,
- २०८२ मंसिर १, २ र ३ गते सम्पन्न नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट विद्यार्थीहरुको खेलकुद प्रवर्द्धन, खेल सीप तथा प्रतिभा पहिचान, स्थानीय उत्साह र खेल संस्कृतिको विकास, भविष्यको अवसर र सामाजिक समन्वय र एकताको विकास भएको छ,
- जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुनुपूर्व छनौट भएका खेलाडीहरुलाई अभ्यास खेलमा सहभागी गराइएको जसबाट खेलाडीहरुको आत्मविश्वासमा वृद्धि, टिम वर्क र

सहकार्य विकास, तनाव व्यवस्थापन र मानसिक तयारी, अनुभव र सुधारको अवसरमा विकास भएको छ ।

- २०८२ मंसिर १८ र १९ गते भिमादमा सञ्चालित जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई यस नगरपालिका द्वितीय स्थान हाँसिल गर्न सफल भएकोले सहभागी खेलाडी विद्यार्थीहरुले खेल कौशल प्रदर्शन गर्ने अवसर, प्रतिस्प्रधाबाट सिकाई र अनुभव, विद्यार्थीहरुमा खेलकुद प्रतिभा प्रदर्शन, प्रेरणा र आत्मविश्वासमा वृद्धि र भविष्यको अवसर जस्ता विषयमा उपलब्धि हाँसिल भएका छन्,
- २०८२।१०।१६ गते मानुङकोटदेखि पुलिमराङसम्म अल्ट्रा म्याराथन प्रतियोगिता सञ्चालन गरी सम्पन्न गरिएको,
- २०८२ चैत्र ३० गतेदेखि २०८३ बैशाख २ गतेसम्म अन्तरपालिका भलिवल प्रतियोगिता सञ्चालन गरी सम्पन्न गरिएको,
- जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्न सफल खेलाडी विद्यार्थीहरुलाई नगद पुरस्कार सहित सम्मान गरिएको जसबाट खेलाडी विद्यार्थीहरुको क्षमता र मेहनतको कदर भई आत्मविश्वास बढ्नुका साथै आगामी दिनमा उत्कृष्ट खेल प्रदर्शनका लागि प्रेरित भएको छ,
- स्थानीय स्तरमा खेलकुदको विकास तथा प्रतियोगिता सहज र व्यवस्थित रुपमा सञ्चालन गर्न विभिन्न युवा क्लबहरुलाई विभिन्न खेल सञ्चालनका लागि नगर खेलकुद विकास समितिको सिफारिसमा आर्थिक सहयोग गरिएको छ ।

४. **भाषा, कला तथा संस्कृति** : स्थानीय भाषा, कला, संस्कृति तथा परम्परागत सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नका लागि व्यास नगर प्रज्ञा प्रतिष्ठानबाट विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ ।

- व्यास नगर प्रज्ञा प्रतिष्ठानको साधारण सभा सम्पन्न भएको छ । सभाबाट स्थानीय भाषा, कला, संस्कृति तथा परम्परागत सम्पदाको संरक्षण र प्रवर्द्धन, परम्परपरागत कला, संगीत लोककला, लोक साहित्यको संरक्षण गर्ने विषयमा सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना तयार गरिएको,
- व्यास नगर प्रज्ञा प्रतिष्ठानद्वारा मिति २०८२ पौष १०, ११ र १२ गते सञ्चालन भएको ठाडो भाकाको गीत प्रशिक्षण कार्यक्रम सञ्चालन गरी सम्पन्न भएको छ, जसबाट ठाडो भाकाको गीत युवापुस्तालाई सिकाउने तथा परम्परागत संस्कृति जर्गेना गर्ने परम्परागत कलाको संरक्षण, भाषिक दक्षता र सांगितिक कौशल विकास, सांस्कृतिक पहिचान र संरक्षणमा टेवा पुगेको छ,
- सबै जातजातीहरुको आ-आफ्नो भाषाको साहित्य कविता, मुक्तक, गजल, गीत लगायतका रचना बाचन कार्यक्रम गरी व्यास नगर साहित्यिक महोत्सव-२०८२ सम्पन्न गरिएको छ,
- व्यास नगरपालिका भित्रका ऐतिहासिक कोटको नाप र सर्भे गर्न निर्णय गरी अनुरोध गरिएको छ,
- व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै जाजातीहरुको आ-आफ्नो भाषा धर्म भाषा संस्कृति संस्कार परम्परागतको रीतिरिवाज र कलाकृतिलाई सम्बर्धन, प्रवर्द्धन र विकास गर्नका लागि सम्बन्धित जातजातीको समिति एवं समाजबाट माग गरी आगामी वर्षको बार्षिक बजेट तय गरिएको छ ।

५. **स्वास्थ्यतर्फ** : स्वास्थ्य संस्था, आधारभूत अस्पताल तथा स्वास्थ्य चौकीको अनुगमन, खोप, पोषण, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमको समीक्षा, सरसफाई तथा जनस्वास्थ्य सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ ।

- स्वास्थ्य सेवामा नागरिकको पहुँच बढेको र जनस्वास्थ्य सचेतनामा वृद्धि भएको छ,
- स्वास्थ्य कार्यक्रमहरुको आ.व.२०८१/०८२ को वार्षिक समिक्षा गोष्ठी सम्पन्न,
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा तथा व्यास नगर अस्पतालको फार्मेसी सञ्चालनका लागि सिलबन्दी दरभाउपत्रद्वारा औषधी खरिद तथा नियमित रुपमा वितरण,
- ज्येष्ठ नागरिक ६९ जना, सुत्केरी २९ जना, अति विपन्न नागरिक ५१ जना, अपाङ्गता भएका व्यक्ति ५ जना, बेबारिसे २ र शव ११ वटा गरी कुल १६७ जनालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान,
- विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० अनुसार ४९ जना क्यान्सर रोगी, २१ जना मुटु रोगी, ३० जना मृगौला फेल भएका, मेरुदण्डको पक्षघात १ जना, जलन १ जना, टाउकोको गम्भिर चोट ५ जना र इन्गुइनल हर्निया १ जना गरी कुल १०८ जना नागरिकलाई औषधी उपचारका लागी सम्बन्धित अस्पतालमा सिफारिस प्रदान,
- पालिकामा भएका तपसिल बमोजिमका दीर्घ रोगीहरुलाई मासिक रु.५,०००। का दरले पहिलो त्रैमासिकमा रु.१९,८०,०००।, दोस्रो त्रैमासिकमा रु.१९,४८,०००। र तेस्रो त्रैमासिकमा रु.२०,९५,०००। र चौथो त्रैमासिकमा रु.२२,५०,०००। गरी जम्मा रु.८२,७३,०००। (अक्षरुपी बयासी लाख त्रिहत्तर हजार रुपैंया मात्र) रकम सम्बन्धित बिरामीहरुको बैंक खातामा दाखिला ।

**तपसिल**

| रोगको नाम | रोगीको प्रकार | | | | |
|---|---|---|---|---|---|
| | क्यान्सर | मृगौला प्रत्यारोपण | मृगौला डायलाइसिस | मेरुदण्डको पक्षघात | कुल जम्मा |
| पहिलो त्रैमासिक | ८१ | १० | ३७ | ४ | **१३२** |
| दोस्रो त्रैमासिक | ८६ | ९ | ३५ | ४ | **१३४** |
| त्रेस्रो त्रैमासिक | ९२ | ११ | ३८ | २ | **१४३** |
| चौथो त्रैमासिक | ९८ | ९ | ४६ | ४ | **१५७** |

- स्वास्थ्यकर्मीहरुलाई डि.एच.आई.एस., इ.एच.एम.आई.एस र PAMS V2 सम्बन्धी तालिम प्रदान,
- डि.एच.आई.एस., इ.एच.आई.एस. र इ.टि.बि.बाट नियमित तथ्याङ्क भेरिफिकेशन,
- स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन र सुपरीवेक्षण गरिएको,
- १४ वटै वडाहरुमा रहेका ज्येष्ठ नागरिकहरुको घरघरमा गएर स्वास्थ्य सेवा (रक्तचाप, मधुमेह, तौल जाँच, औषधी वितरण तथा स्वास्थ्य परामर्श) प्रदान जसमध्ये कुल ४,७१५ जना ज्येष्ठ नागरिकहरु लाभान्वित । (पहिलो र दोस्रो चरण गरी २ पटक सेवा प्रदान)
- नगरपालिका भित्रका ६ महिनादेखि ५९ महिनासम्मका कुल ५,१६३ जना बालबालिकाहरुलाई पहिलो र दोस्रो चरणमा ४,१७२ जना बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी वितरण,
- स्वास्थ्य संस्थाहरुको क्षयरोग कार्यक्रमको कोहोर्ट विश्लेषण गोष्ठी,
- व्यास नगरपालिका भित्रका सम्पूर्ण ५ वर्ष मुनिका बालबालिका र गर्भवती महिलाहरुको अर्धवार्षिक रुपमा पोषण अवस्था लेखाजोखा गरिएको,
- व्यास नगरपालिका भित्रका २६ वटा स्वास्थ्य संस्था र ३ वटा आयुर्वेद औषधालयहरुबाट १ महिनासम्म ३० वर्षभन्दा बढि उमेर समूहका सबै व्यक्तिहरुलाई नसर्ने रोग (मधुमेह, उच्च रक्तचाप, मृगौला र मोटोपना) को स्क्रिनिङ्ग, परामर्श तथा प्रेषण,

- पालिका भित्रका कक्षा ६ मा अध्ययनरत विद्यालय जाने बालिकाहरु तथा विद्यालय नजाने १० देखि १४ वर्षका ७८९ जना बालिकाहरुलाई पाठेघरको मुखको क्यान्सर रोग विरुद्ध HPV खोप सेवा प्रदान,
- व्यास नगरपालिका वडा नं. ८ मा विशेषज्ञ सेवा सहितको बृहत स्वास्थ्य शिविर सञ्चालन, ४४४ जना सेवाग्राहीहरु लाभान्वित,
- २०८२ पौष महिनादेखि ग्रामिण भिडियो एक्स-रे सेवा सुचारु तथा हालसम्म १५५ जना गर्भवती महिलाहरुलाई भिडयो एक्स-रे सेवा प्रदान,
- नियमित रुपमा स्वास्थ्य संस्थाहरुबाट बिरामीहरुको स्वास्थ्य जाँच, उपचार, प्रेषण तथा जनस्वास्थ्य सँग सम्बिन्धत सम्पूर्ण सेवाहरु प्रदान,
- पूर्ण खोप घोषणा तथा दिगोपना सुनिश्चितताका लागि ५ वर्ष मुनिका बालबाललिकाहरुको घरधुरी सर्वेक्षण गरी स्टिकर टाँस गरी १४ वटै वडाहरुलाई पूर्ण खोप घोषणा तथा दिगोपना सुनिश्चितता गरी व्यास नगर पालिकालाई नै पूर्ण खोपयुक्त पालिका घोषणा तथा दिगोपना सुनिश्चितता कार्यक्रम सञ्चालन गरिएको,
- व्यास १ मा AI X-ray द्वारा जाँच गरी छाती रोग शिविर सञ्चालन गरिएको जसमा ३९२ जना बिरामीहरु लाभान्वित भएको । साथै व्यास १४ केशवटारमा AI X-ray द्वारा जाँच गरी छाती रोग शिविर सञ्चालन गरिएको जसमा ४६६ जना सेवाग्राही लाभान्वित भएकोमा ५ जनालाई क्षयरोग पहिचान गरी उपचारको दायरामा ल्याएको,
- व्यास १४ मा एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको जसमा ३९ जनालाई पाठेघरको क्यान्सर सम्बन्धी स्क्रिनिङ्ग जाँच र ३२१ जना व्यक्तिहरुलाई चिकित्सकद्वारा स्वास्थ्य जाँच गरिएको,
- व्यास नगरपालिका अन्तर्गतका रहेका स्वास्थ्य संस्थाहरुको मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमको समिक्षा गोष्ठी सन्चालन गरिएको,
- व्यास नगरपालिका भित्रका सम्पूर्ण ५ वर्ष मुनिका बालबालिका र गर्भवती महिलाहरुको समुदायमा गएर पोषण अवस्था लेखाजोखा गरिएको,
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई आ व २०८२।०८३ को यातायात खर्च तथा प्रोत्साहन भत्ता वितरण गरिएको,
- जलेश्वर ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र समूह व्यास १ का ज्येष्ठ नागरिकहरुको निशुल्क आँखा परीक्षण गरी ८७ जनालाई निशुल्क चस्मा वितरणका साथै ८ जनाको हिमालय आँखा अस्पताल पोखराको समन्वयमा निशुल्क मोतिविन्दुको शल्यक्रिया समेत गरिएको,
- व्यास नगर अस्पाताल व्यास १० मा पाठेघरको मुखको क्यान्सर पहिचानका लागि VIA test परीक्षण

### ६. **<u>महिला, बालबालिका, अपाङ्गता र जेष्ठ नागरिक शाखातर्फ</u> :**

- बालमैत्री स्थानीय शासन, बाल संरक्षण तथा बालश्रम न्यूनीकरण,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विपन्न वर्गका कार्यक्रमको समीक्षा,
- गर्भवती महिला पोषण सहयोग कार्यक्रम अनुगमन,
- व्यास नगरपालिका स्तरीय अपांगता समन्वय समितिबाट परिचय पत्र वितरण
- जेष्ठ नागरिक परिचय पत्र वितरणमा समन्वय तथा सहजीकरण
- संस्था दर्ता तथा नवीकरण गर्न समन्वय तथा सहकार्य

- गर्भवती महिला पोषण प्रोत्साहन रकम - १८३ जनालाई ८५००० का दरले रु.९,१५,०००।- वितरण
- अपाङ्गता परिचयपत्र वितरण
  -क वर्ग- २ जना
  -ख वर्ग- २४ जना
  -ग वर्ग- १३ जना
  -घ वर्ग- ४ जना , गरी जम्मा ४३ जना र वर्ग परिवर्तन- ६ जना
  हालसम्म जम्मा ९८१ जनालाई अपांगता परिचय पत्र वितरण गरिएको ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मिति २०८२/८/९ गतेदेखि २०८२/८/२४ सम्म विविध कार्यक्रम गरी मनाइएको,
- मिति २०८२/८/१७ गते अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा प्रभातफेरी सहित अपाङ्गता भएका विद्यार्थीहरु बीच विभिन्न खेलकुद तथा प्रतिभा प्रस्फुटनका कार्यक्रम सञ्चालन गरी मनाइएको,
- मिति २०८२/९/११ गते पाँचौ राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा यस नगरपालिका अन्तर्गत सूचीकृत भएका ६ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र २ वटा वृद्धाश्रमहरुमा नगरपालिकाको आर्थिक सहयोगमा विविध कार्यक्रम गरी मनाइएको,
- मिति २०८३/०२/२१ गते जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम गरी मनाइएको,
- अपाङ्गता सहयोग कार्यक्रम अन्तर्गत अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाहरुबाट अपाङ्गता सम्बन्धी विविध कार्यक्रम गरिएको,
- संघसंस्था दर्ता ७ वटा, संस्था नवीकरण ३३ वटा र जिल्ला प्रशासनमा दर्ता भई अभिलेखमा रहेको ४ वटा,
- ज्येष्ठ नागरिक परिचयपत्र वितरण
  -पुरुष-८१
  -महिला ८७ गरी जम्मा १६८ जना (हालसम्म २,२८५ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको),
- यस नगरपालिका भित्र रहेका ७ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ८, ९, ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई लागू औषध विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको,
- दलित उत्थान पेशागत व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत १३ जना दलित व्यवसायीहरुलाई सम्झौता गरी अनुदान दिइएको,
- ग वर्गका पहेलो कार्ड प्राप्त अपाङ्गता भएका १७४ जना व्यक्तिहरुलाई रु.४,०००। का दरले ६,९६,०००।- प्रोत्साहन रकम वितरण
- सेवा केन्द्र अन्तर्गत घरेलु हिंसामा परेका १६ जना पीडित महिलाहरुलाई कानुनी पक्रियामा सहायता गरिएको,
- अल्पकालीन आश्रय सहित जिल्ला सेवाकेन्द्रमा १९ जनालाई सेवा दिइएको, २ जनालाई जिविकोपार्जन अनुदान दिइएको,
- राष्ट्रिय परिचयपत्र वितरण कक्षबाट यस आ.व.मा २,९४५ जनालाई राष्ट्रिय परिचयपत्र वितरण गरिएको,

- विभिन्न कार्यक्रमका लागि संघसंस्थाहरुसँग सम्झौता गरी रकम भुक्तानी सिफारिस गरिएको ।

**७. समितिका सिफारिसहरू :**

- शिक्षा र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकता दिई बजेट वृद्धि गर्न,
- लक्षित वर्गमैत्री कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न,
- महिला, बालबालिका तथा सामाजिक सुरक्षा कार्यक्रम सुदृढ गर्न,
- युवामुखी सीप, रोजगार र खेलकुद कार्यक्रम विस्तार गर्न,
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउन ।

**८. निष्कर्ष :** सामाजिक विकास समितिले आफ्नो कार्यक्षेत्रभित्र रही जिम्मेवारी बहन गर्दै आएको छ । समितिबाट प्रस्तुत सिफारिसहरू कार्यान्वयन भएमा नगरपालिकाको सामाजिक विकास थप सुदृढ, समावेशी र परिणाममुखी हुने विश्वास लिइएको छ ।

अन्त्यमा, समितिको कार्यसम्पादनमा निरन्तर सहयोग पुर्याउनुहुने समितिका सम्पूर्ण सदस्यहरु, सदस्य सचिव, शाखा प्रमुख तथा सामाजिक विकास शाखा अन्तर्गत कार्यरत कर्मचारीहरु एवं समितिको कार्यक्षेत्रभित्र रही सहयोग पुऱ्याउनुहुने सम्पूर्णलाई समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौ ।

प्रतिवेदक :
संयोजक श्री चन्द्रमाया परियार, कार्यपालिका सदस्य
सदस्य : श्री ज्ञानुमाया सुनार, कार्यपालिका सदस्य
सदस्य : श्री चेतबहादुर दरै, कार्यपालिका सदस्य
सदस्य : श्री बुद्धिमाया वि.क., वडा सदस्य
सदस्य : श्री रफत साना मिया, वडा सदस्य
सदस्य : श्री प्रमोद सोती, जनस्वास्थ्य अधिकृत
सदस्य सचिवः श्री केदारराज आचार्य, शिक्षा उपसचिव

***

# ४५ औं नगर सभामा पूर्वाधार विकास समितिबाट प्रस्तुत प्रतिवेदन

नगर सभाका अध्यक्षज्यू
नगर सभाका सदस्यज्यूहरु

व्यास नगरपालिकाको ४५ औं नगर सभामा पूर्वाधार विकास समितिको तर्फबाट पूर्वाधार विकास सम्बन्धी चालु आर्थिक वर्षमा भएका कार्यहरुको बारेमा जानकारी गराउने उद्देश्यले तयार गरिएको यस प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएका छौं । चालु आर्थिक वर्षमा पूर्वाधार विकास समितिको ६ वटा बैठक बसी विभिन्न निर्णयहरु गरी आर्थिक वर्ष ०८३।८४ को नीति, कार्यक्रम तथा बजेटको लागि सुझाव पेश गरिएको व्यहोरा समेत सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छौं ।

अब हामी चालु आर्थिक वर्षमा पूर्वाधार विकास शाखामार्फत कार्यान्वयन भएका योजनाहरुको प्रगति विवरण तथ्यांकीय रुपमा प्रस्तुत गर्न चाहन्छौं ।

**(क) उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरु**

| वडा नं. | सम्पन्न | सम्झौता भै अधुरो अवस्थामा रहेका | सम्झौता नभएका | कुल योजना |
|---|---|---|---|---|
| १ | ६५ | ३ | १ | ६९ |
| २ | २४ | ४ | ० | २८ |
| ३ | ४३ | ७ | ३ | ५३ |
| ४ | २८ | ९ | ० | ३७ |
| ५ | ६१ | ० | १ | ४२ |
| ६ | ६५ | ४ | १ | ७० |
| ७ | ५७ | ७ | २ | ६६ |
| ८ | २५ | १४ | १ | ४० |
| ९ | ६५ | १० | ३ | ७८ |
| १० | ८० | ८ | ० | ८८ |
| ११ | ९४ | ८ | १ | १०३ |
| १२ | ४५ | ११ | ३ | ५९ |
| १३ | ६१ | ४ | ० | ६५ |
| १४ | ६३ | ४ | ३ | ७० |
| **जम्मा** | **७७६** | **९३** | **१९** | **८८८** |

**(ख) ठेक्का मार्फत सञ्चालन भएका योजनाहरु**

| सम्पन्न | सम्झौता भै अधुरो अवस्थामा रहेका | सम्झौता नभएका | जम्मा |
|---|---|---|---|
| १५ | २२ | २ | ३९ |

| सि.नं. | विवरण | संख्या | प्रगति प्रतिशत |
|---|---|---|---|
| १. | कुल योजना संख्या | ९२७ | |
| २. | सम्पन्न | ७९१ | ८५.३३ |
| ३. | कार्यान्वयनमा रहेका | ११५ | १२.४० |
| ४. | सम्झौता हुन बाँकी | २१ | २.२६ |

**केही महत्वपूर्ण कार्यहरु :**

- विश्व बैंकको आर्थिक सहयोगमा नेपाल शहरी तथा शासकीय पूर्वाधार आयोजना अन्तर्गत यस नगरपालिकाको वडा नं.७, ९, १० र ११ मा पर्ने पराशर मार्ग (बुल्दीखोला, बेल्टारी, फराकचौर, अंधेरीभञ्ज्याङ, पोखेलफाँट, कुमलगाउँ कलेस्ती शेषमटार) मार्ग कालोपत्रे योजना (१०.६ किलोमिटर) कालोपत्रे योजनाको वि.के.एच.टि.डि.एल. ए.पि.सि.एल. जे.भि. काठमाण्डौसँग रु४०,८३,३५,९२१।३३ को ठेक्का सम्झौता भई ४५.२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।

- गण्डकी प्रदेश सरकारको समपूरक अनुदान अन्तर्गत कालिका मार्ग स्तरोन्नति योजनाको निर्माण कार्य अन्तिम चरणमा छ भने संघ सरकारको समपूरक अनुदान अन्तर्गत व्यास ११ स्थित खड्गकाली मार्ग स्तरोन्नति योजनाको झण्डै रु.३ करोड ३० लाखको ठेक्का प्रकाशित भएकोमा झण्डै ५५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।

- व्यास ८ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ । व्यास ८, ११ र १४ मा स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्पन्न भएको छ भने व्यास ३ को वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

- व्यास ५ स्थित मानहुँकोट खानेपानी योजनाको दोस्रो चरणको निर्माणको लागि करिब रु.९० लाखको ठेक्का आब्हान भएकोमा निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने व्यास १३ स्थित झाँक्रिथान खानेपानी योजनाको ठेक्का सम्झौता भई ६० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।

- बुल्दी खोला तटबन्धन वडा नं.४ र वडा नं.८ खहरेखोला वडा कार्यालय वस्ती संरक्षणको योजनाको लागि ५०/५० लाखको ठेक्का सम्पन्न भएको छ ।

- नगर सभाबाट स्वीकृत विभिन्न महत्वपूर्ण विकास आयोजनाहरुको ठेक्का सम्झौता भई निर्माण कार्य भइरहेको छ ।

**पूर्वाधार विकास शाखा अन्तर्गतका केही समस्याहरु :**

- योजना संख्या धेरै हुनु, ठोस काम देखिने ठूला योजनाहरु बनाउनुपर्ने, नगर सभामा आएका योजना कार्यान्वयन तर्फ भन्दा कार्यपालिका बैठक मार्फत आउने योजनाको चाप बढी हुनु ।

- स-साना योजनाहरु पनि सम्झौता गर्ने तर काम सुरु नगर्ने प्रबृत्ति बढ्दै जानु ।
- खरिद कानुनको जटिल प्रक्रियाका कारण कतिपय कामहरु प्रक्रियागत रुपमा सुचारु गर्न कठिन भएको ।
- गत आ.व.मा सम्झौता भई अधुरा रहेका योजनाहरु यो आर्थिक वर्षको प्रथम चौमासिकमा कार्यान्वयन गर्नुपर्ने भएकोले यो सालको नियमित काम प्रभावित हुनु ।
- संघ/प्रदेशबाट आउने योजना अनि बजेट ढिला गरी प्राप्त हुने गरेको ।
- जेनजी आन्दोलनको क्रममा कार्यालयमा रहेका सवारी साधनमा क्षति भएको कारण योजना अनुगमनमा समस्या भएको ।
- मध्यपूर्वमा पछिल्लो समयमा भएको द्वन्द्वको कारण पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको कारण निर्माण व्यवसायीहरुले निर्माण कार्य शुरु नगर्नु प्रमुख समस्या रहेको ।

अन्त्यमा व्यास नगरपालिका पूर्वाधार विकास शाखा मार्फत माथि उल्लेखित कार्यहरु सम्पन्न गर्नको लागि यस समिति र पूर्वाधार विकास शाखालाई सहयोग पुऱ्याउनु हुने आदरणीय नगर प्रमुख एवं यस गरिमामय सभाका सभाध्यक्षज्यू, उपप्रमुख, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका विभिन्न विषयगत समितिहरुका पदाधिकारीज्यूहरु तथा कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छौ ।

प्रतिवेदन पेश गर्ने
संयोजकः श्री सुरेश थापा -वडाध्यक्ष व्यास ९ (प्रवक्ता)
सदस्यः श्री अनुप राना -वडाध्यक्ष, व्यास ३
सदस्यः श्री  निला घिमिरे, कार्यपालिका सदस्य
सदस्यः श्री रामकृष्ण अधिकारी -वडा सदस्य, व्यास ११
सदस्यः श्री इश्वर पौडेल -वडा सदस्य, व्यास १०
सदस्यः श्री अमृत के.सी, इन्जिनियर
सदस्य सचिवः डा. राजु पौडेल -सि.डि.इ.

# ४५ औं नगर सभामा सार्वजनिक सेवा तथा सुशासन समितिको प्रतिवेदन

**सम्मानित पैंतालीसौं नगर सभाका अध्यक्षज्यू,**

सभाध्यक्षज्यूको अनुमतिले आज यस सम्मानित नगर सभा समक्ष व्यास नगरपालिकाको सार्वजनिक सेवा तथा सुशासन समितिको तर्फबाट हालसम्म गरेका कामहरुको बारेमा जानकारी गराउन तयार पारिएको प्रतिवेदन समितिको संयोजकको हैसियतमा सभाको अगाडि उभिएका छौ । आ.व.०८२/०८३ को शुरुवाती समयदेखि यस समितिले के कति काम गर्यो भन्ने विषयमा जानकारी गराउनु प्रमुख दायित्व रहन्छ । यस समितिले २०८२ श्रावण महिनादेखि २०८३ जेष्ठ महिनासम्म निम्न बैठक बसी निम्नानुसार निर्णय गरिएको व्यहोरा अनुरोध गर्दछौ ।

| सि. नं. | बैठक मिति | निर्णय संख्या | निर्णयको छोटकरी व्यहोरा |
|---|---|---|---|
| १. | २०८२।४।२१ | ३ | - कर्मचारीको सरुवामा दक्षता, कार्यकाल र वडाको भूगोल तथा कार्यबोझका आधारमा गर्न सिफारिस गर्ने ।<br>- रिक्त दरबन्दीमा पदपूर्ति गर्न लोकसेवा आयोगमा लेखि पठाउन कार्यालयलाई अनुरोध गर्ने ।<br>-सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने कार्य सार्वजनिक बिदाका समयमा पनि व्यवस्था मिलाउन कार्यालयलाई अनुरोध गर्ने । |
| २. | २०८२।६।२९ | ३ | - कर्मचारी कटौती सम्बन्धी संख्यात्मक विवरणको प्रारम्भिक मस्यौदा स्वीकृत गर्ने ।<br>- कार्यालय र वडा कार्यालयको सेवा प्रवाहमा असर नपर्ने गरी कर्मचारी व्यवस्थापन गर्ने ।<br>- हालको जनशक्तिमा कर्मचारी र शिक्षक गरी ११४ जनाको दरबन्दी कटौती गर्न प्रस्ताव गर्ने । |
| ३. | २०८२।७।१२ | १ | - संघीय मन्त्रिपरिषद्बाट प्राप्त निर्देशन कार्यान्वयन गर्न गठित समितिद्वारा यस समिति समक्ष प्राप्त हुन आएको प्रतिवेदन आगामी नगरकार्यपालिका समक्ष पेश गर्ने । |
| ४. | २०८२।९।२० | २ | - व्यास नगरपालिकाको प्रस्तावित संगठन संरचना कार्यपालिका समक्ष पेश गर्ने ।<br>- ४४औं नगर सभामा प्रतिवेदन पेश गर्ने । |
| ५. | २०८३।२।२६ | ६ | - व्यास नगरपालिकाबाट अनलाइन सेवा प्रदान गर्न नीति बनाउन सिफारिस गर्ने ।<br>- व्यास नगरपालिका कार्यालय अन्तर्गत कार्यरत करार कर्मचारीहरुको तलब दश प्रतिशत बृद्धि गर्न सिफारिस गर्ने ।<br>- व्यास ५ स्थित चैनपुरमा सरसफाई केन्द्र निर्माण गर्न सिफारिस गर्ने ।<br>- व्यास नगरपालिकाको दमौली क्षेत्रभित्रको पार्किङ्ग व्यवस्था सर्वपक्षीय बैठकबाट भएको निर्णय बमोजिम गर्न सिफारिस गर्ने । |

| सि. नं. | बैठक मिति | निर्णय संख्या | निर्णयको छोटकरी व्यहोरा |
|---|---|---|---|
| | | | - व्यास नगरपालिका दमौली बजार क्षेत्रमा कानुन विपरित बनेका संरचनाहरु हटाउने सूचनाको म्याद सकिए पछि नहटाएको पाईए त्यस्ता संरचना हटाउन सिफारिस भएको ।<br>- व्यास नगरपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुको सुशासन समितिद्वारा नियमित अनुगमन गर्ने । |
| ६ | २०८३।२।२७ | १ | - व्यास नगरपालिकाको निम्न शीर्षकमा निम्नानुसार बजेट विनियोजन गर्न सिफारिस गर्ने :<br>-सार्वजनिक सुनुवाई व्यवस्थापन रु.५ लाख ।<br>-नगर सभा बैठक सञ्चालन व्यवस्थापन रु.१० लाख<br>-कार्यपालिका बैठक सञ्चालन व्यवस्थापन रु.८ लाख<br>-जलश्रोत समिति बैठक सञ्चालन व्यवस्थापन रु.६ लाख<br>-न्यायिक समिति कार्यक्रम सञ्चालन रु.१५ लाख<br>-मध्यकालीन खर्च संरचना निर्माण रु.५ लाख<br>-कर्मचारी, जनप्रतिनिधि क्षमता विकास रु.१५ लाख<br>-बजार अनुगमन व्यवस्थापन रु.५ लाख<br>-पुरस्कार तथा सम्मान व्यवस्थापन रु.४ लाख<br>-नगरपालिका स्थापना दिवस व्यवस्थापन रु.३ लाख |

व्यास नगरपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुबाट नगरवासीहरुले सहज र सरल रुपमा सेवा प्राप्त गर्न व्यास नगरपालिकाद्वारा नयाँ प्रविधिको हदैसम्म प्रयोग गरी सेवा प्रवाह गर्न पुराना कर्मचारीहरुलाई उच्च सम्मान गर्दै अवकाश हुन चाहनेलाई सुनौलो अवसर प्रदान गर्ने र नयाँ कर्मचारीहरुलाई उचित तालिमको व्यवस्था गरी हौसला प्रदान गर्नुपर्ने देखिन्छ भने राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत र नराम्रो काम गर्ने कर्मचारीलाई दण्डको व्यवस्था गरी नगरपालिकाको सेवा प्रवाहलाई अझै चुस्त र दुरुस्त बनाउन पर्ने हुंदा समयसापेक्षित समुचित व्यवस्थापन गरी सेवा प्रवाहलाई पारदर्शी बनाउने अठोटका साथ व्यास नगरपालिका अघि बढ्न पर्ने देखिएको छ ।

अन्तमा यस समितिले हालसम्म आफ्नो जिम्मेवारी वहन गर्ने सिलसिलामा यसअघि ४४ औं नगर सभामा कार्यान्वयनका लागि दिइएका सुझावहरु नगर कार्यपालिका कार्यालयबाट कार्यान्वयन भएकाले कार्यपालिका बैठक, नगर प्रमुखज्यू, उपप्रमुखज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू एवं अन्य शाखा प्रमुखज्यूहरु र कर्मचारीज्यूहरु प्रति हार्दिक अभार प्रकट गर्न चाहान्छौ ।

**प्रतिवेदन पेश गर्ने**

संयोजक : श्री दलबहादुर दुरा, वडाध्यक्ष ११
सदस्य : श्री बिष्णुकुमार श्रेष्ठ, वडाध्यक्ष ५
सदस्य : श्री बमबहादुर आले, वडाध्यक्ष १२
सदस्य : श्री रामप्रसाद मिश्र, वडा सदस्य ८
सदस्य सचिव : श्री रामचन्द्र हडखले, प्रशासकीय अधिकृत

# ४५ औँ नगर सभामा प्रस्तुत वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन

(क) **वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट नियमित हुने कामको विवरण :**

- चालु आ.व.मा हालसम्म १३४ जना सेवाग्राहीको घरमा सक्सन ट्याङ्क व्यवस्थापन गरी रु.८,९५,६९०। र घुम्ती शौचालयबाट रु.११,०००। आम्दानी भएको छ।
- पुनः प्रयोगमा आउने बिक्रीयोग्य नकुहिने वस्तुहरु (कागज, प्लाष्टिक, धातु र शिशाजन्य) बिक्री गरी चालु आ.व.मा हालसम्म रु.२७,०२,८२५।५० आम्दानी भएको छ।
- जथाभावी फोहोरमैला फाल्ने अभिनन्दन चटपट पसल व्यास २, अजिम मियाँ व्यास ३ र गणपति इम्पोरियमलाई रु.३००० का दरले जम्मा रु.९,०००। दण्ड जरिवाना गरिएको छ।
- अनुगमनको क्रममा निषेधित प्लाष्टिकजन्य वस्तु बिक्री वितरण गर्ने ५ जना व्यापारीलाई रु.५००। का दरले जम्मा रु.२,५००। (अक्षरुपीः दुई हजार पाँच सय रुपैयाँ मात्र) दण्ड जरिवाना गरिएको छ।
- जिल्ला प्रहरी कार्यालयबाट सिफारिस भई आएका ९ वटा वेवारिसे शव सरसफाईका कर्मचारीद्वारा व्यवस्थापन गरिएको छ।
- कुहिने र नकुहिने फोहोर सार्वजनिक बिदाको दिन बाहेक दैनिक सङ्कलन गरी व्यास १० को शिशुवा भतेरीमा लगि छिटो गल्ने वस्तु EM को प्रयोग गरी मल बनाइएको र ढिलो गल्ने वस्तु खाडल खनी व्यवस्थापन गर्ने गरिएको छ।
- बिक्रीयोग्य बाहेकका नकुहिने पुनः प्रयोगमा नआउने फोहोरमैलाको स्थायी व्यवस्थापन स्थलको व्यवस्था नहुँदासम्म तत्काल यसको अस्थायी व्यवस्थापन गर्नका लागि व्यास नगरपालिका वडा नं.३ स्थित भतेरी क्षेत्रको मादी नदी तर्फको तटबन्ध भित्रको खाडलमा भर्दै त्यसमा माटो र वालुवाले पुरी व्यवस्थापन गर्दै आइरहेको छ।
- वेलिङ्ग मेशिन खरिद गरी पुनः प्रयोगमा आउने बिक्रीजन्य वस्तुहरु कागज र प्लाष्टिकलाई मेशिनमा वेली सानो भोलुम बनाई भण्डारण गरी बिक्री वितरण गर्ने गरिएको छ।
- चालुमा हालसम्म विपद् अन्तर्गत ग्याविन जाली माग अनुसार ३१५ थान वितरण गरिएको छ। थप रु.१०,००,०००। को २/१/१ को २६८ थान जाली खरिद गरिएको र विपद् व्यवस्थापन सामग्री वितरण समितिद्वारा वितरणको निर्णय भइसकेको छ।
- मनसुनजन्य विपद् अन्तर्गतको कार्यक्रम अनुसार व्यास नगरपालिका वडा नं.५, ७, ८, ११ र १२ को ५ जना लाभग्राहीहरुलाई दोस्रो र तेस्रो किस्ता गरी रु.११,५०,०००। उपलब्ध गरिएको छ। हाल वडा

नं.८, १० र ११ का लाभग्राहीहरुको किस्ता जिल्ला विपद् व्यवस्थापन समितिबाट पास भई भुक्तानीको प्रक्रियामा रहेको छ ।

**(ख) <u>वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट हालसम्म भएको कार्यक्रमहरु</u> :**

- निषेधित प्लाष्टिकजन्य वस्तुको प्रयोग न्यूनीकरण सम्बन्धमा व्यास नगरपालिका वडा नं.२, ३, ४ र ८ मा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- छतको पानी तथा सडक पेटीमा रहेको अव्यवस्थित संरचना व्यवस्थापन गर्नका लागि वडा नं.२, ३ र ४ लाई पत्रचार गरिएको छ, हालसम्मको प्रगति के कस्तो छ भन्ने जानकारी प्राप्त नभएको ।
- नगरका विभिन्न स्थानमा अनाधिकृत रुपमा फोहोरमैला फाल्ने गरेको हुनाले वडा नं.२, ३, ४, ५ र १० को विभिन्न स्थानमा फोहोर फाल्न निषेधित भएको सरसफाई ऐन अनुसार हुने दण्ड जरिवाना उल्लेखित ८ वटा बोर्ड राखिएको छ ।
- प्रजातन्त्र दिवस २०८२ को अवसरमा कार्यालय र गणतन्त्र दिवस २०८३ को अवसरमा सफा सडक, अनसन चौतारी, खेलमैदान लगायतको सार्वजनिक स्थलको सरसफाई कार्यक्रम सम्पन्न गरिएको छ ।
- उपप्रमुखज्यूको संयोजकत्वमा समिति र सरोकारवालाहरुलाई पशु चौपायको हाड, खुर, सिङ र छाला व्यवस्थापन गर्ने सम्बन्धमा वोन प्रोसेसिङ्ग इन्डष्ट्रिज प्रा.लि. हेटौडामा १ दिने अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ ।
- बधशाला र गौसंरक्षण केन्द्र व्यास १० दुम्सीको पशु चौपायबाट निस्कने हाड, खुर, सिङ र छाला लगायतका वस्तुहरु खुला रहदा कुकुर, स्याल, गिद्ध तथा अन्य जीवजन्तुले यत्रतत्र लैजाने, छर्ने र वस्तीको वरपर दूर्गन्ध भई वातावरण प्रदूषण हुने भएकोले यस्ता वस्तुहरुलाई सुरक्षित भवनमा जम्मा गरी बिक्री गर्दा आन्तरिक राजश्व बढ्ने र सरसफाईमा समेत सहयोग पुग्ने भएकोले आगामी आ.व.२०८३/०८४ मा व्यास १० स्थित गौसंरक्षण केन्द्र, दुम्सीमा हड्डी संकलन केन्द्र निर्माण गर्ने योजना रहेको छ ।
- वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको आयोजनामा सरोकारवालाहरु बीच राजमार्गको सरसफाई र सडकबाट गाडी पार्किङ्ग न्यूनीकरण, बसपार्कमा मात्र पार्किङ गराउने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको आयोजना तथा डिभिजन वन कार्यालय तनहुँको सहयोगमा संघ, प्रदेश वन ऐन र नियमावलीद्वारा स्थानीय तहलाई प्रदत्त वन सम्बन्धी व्यवस्था बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- ४० माइक्रोनभन्दा कमका निषेधित प्लाष्टिकजन्य झोलाको बजार अनुगमन कार्यलाई निरन्तरता दिँदै आइरहेको छ ।

- वातावरण संरक्षणका लागि व्यास नगरपालिका क्षेत्रभित्र निषेधित प्लाष्टिकजन्य झोलाको प्रयोगलाई न्यूनीकरण गर्न सबै वडाका २५२ टोल विकास संस्था र सबै विद्यालयहरुमा वितरण गर्नका लागि रु.१,००,०००। को वातावरणमैत्री झोला खरिद गरिएको छ ।
- निषेधित प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई न्यूनीकरण गर्न वातावरण मैत्री सुशासनका लागि ऐक्यवद्धता अन्तरपालिका स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- निषेधित प्लाष्टिकजन्य वस्तुको नियन्त्रण गर्ने सम्बन्धमा स्थानीय पत्रपत्रिका, एफ.एम. लगायतका सञ्चार माध्यममा र कार्यालयबाट माइकिङ गरी सचेतनामूलक जिङ्गल प्रचारप्रसार एवं प्रसारण गरिएको छ ।
- नगर प्रमुखज्यूको अध्यक्षतामा सरसफाई व्यवस्थापन सम्बन्धी वडा नं.१, २, ३, ४ र ५ का टोल विकास संस्थाको अध्यक्ष एवं सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- स्वरोजगार व्यवसायीहरुसँग फुटपाथ व्यापार नियमन तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- जल, जलचर तथा जलीय विविधता संरक्षण सम्बन्धमा पहिलो चरणमा विज्ञहरुबाट जनप्रतिनिधि, सरोकारवाला बीच र जलस्रोत र जलचरमा आश्रित रही जीविकोपार्जन गर्ने माछा मार्ने समुदायका बोटे, दरै, कुमाल तथा अन्य नदी खोला किनारका बासिन्दाहरुलाई १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी लोककल्याणकारी सूचना स्थानीय पत्रपत्रिका, एफ.एम. लगायतका सञ्चार माध्यममा प्रकाशन गरिएको छ । साथै करेन्ट लगाई माछा मार्ने २ समूहलाई रु.१०,०००। का दरले रु.२०, ०००। दण्ड जरिवाना गरिएको छ ।
- फोहोरमैलालाई स्थायी व्यवस्थापन गर्दै दीर्घकालीन समाधान गर्न अपनाउनुपर्ने भरपर्दो विधि र प्रक्रियाका सम्बन्धमा विज्ञबाट जनप्रतिनिधि र सरोकारवाला बीच १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

<u>प्रतिवेदन पेश गर्ने :</u>

संयोजकः श्री रन सिं नेपाली, कार्यपालिका सदस्य

सदस्यः श्री मणिजंग बस्नेत, वडा सदस्य व्यास १

सदस्यः श्री श्रीमाया वि.क., वडा सदस्य व्यास ३

सदस्यः श्री सुन्दर वाग्ले, वडा सदस्य व्यास ५

सदस्यः श्री सूर्यकान्त काफ्ले, वडा सदस्य व्यास ६

सदस्यः श्री ईश्वरप्रसाद पौडेल, वडा सदस्य व्यास १०

सदस्य सचिव श्री विष्णुकुमार श्रेष्ठ, बरिष्ठ प्रशासन सहायक

# ४५ औं नगर सभामा विधायन समितिबाट प्रस्तुत प्रतिवेदन

नगर सभाका सभाध्यक्षज्यू,
नगर सभा सदस्यज्यूहरु,

व्यास नगरपालिकाको ४५ औं नगर सभामा विधानय समितिको तर्फबाट विधायन समितिले आ.व.२०८२।०८३ मा गरेका कामहरुको बारेमा जानकारी गराउने उद्देश्यले तयार गरिएको प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छौ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुरुप गठित यस विधायन समितिले आ.व.२०८२।०८३ मा ६ वटा बैठक बसी २ वटा ऐन नयाँ निर्माण, २ वटा ऐन संशोधन, २ वटा नियमावली संशोधन, ५ वटा कार्यविधि नयाँ निर्माण र ७ वटा संशोधन, १ वटा निर्देशिका नयाँ निर्माण र २ वटा संशोधन, १ वटा मापदण्ड नयाँ निर्माण गर्नका लागि कार्यपालिका र सभा समक्ष पेश गरी पारित भएका छन् भने आर्थिक विधेयक २०८३, विनियोजन विधेयक २०८३ र उर्जा विकास विधेयक २०८३ पारितका लागि सम्मानित सभा समक्ष पेश भएको व्यहोरा अवगत गराउन चाहन्छौं । यस आर्थिक वर्षमा पारित भएका कानुनहरुको विवरण देहाय बमोजिम रहेको छ :

| सि.नं. | विवरण | पारित मिति |
|---|---|---|
| १. | आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि, २०८२ | २०८२।४।२२ |
| २. | व्यास नगरपालिका केही कार्यविधिलाई संशोधन गर्ने कार्यविधि, २०८२ | २०८२।४।२२ |
| ३. | व्यास नगरपालिका नर्सिङ शिक्षा अध्ययन छात्रबृत्ति कार्यविधि २०८२ | २०८२।५।८ |
| ४. | व्यास नगर कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | २०८२।६।२२ |
| ५. | व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र (नियमित गर्ने) कार्यविधि (दशौं संशोधन), २०८२ | २०८२।७।१६ |
| ६. | सहकारी मार्फत मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका (दोस्रो संशोधन), २०८२ | २०८२।७।१६ |
| ७. | दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका (तेस्रो संशोधन), २०८२ | २०८२।७।१६ |
| ८. | व्यास नगरपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली (प्रथम संशोधन), २०८२ | २०८२।७।१६ |
| ९. | व्यास नगरपालिका उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ | २०८२।८।७ |
| १०. | व्यास नगरपालिका जेष्ठ नागरिक स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८२ | २०८२।९।७ |
| ११. | व्यास नगरपालिका नगर प्रहरी नियमावली (प्रथम संशोधन) २०८२ | २०८२।९।२२ |
| १२. | व्यास नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०८२ | २०८२।९।२२ |
| १३. | व्यास नगरपालिका आर्थिक ऐन (प्रथम संशोधन), २०८२ | २०८२।९।२५ |
| १४. | व्यास नगरपालिका विनियोजन ऐन (प्रथम संशोधन), २०८२ | २०८२।९।२५ |
| १५. | व्यास नगरपालिका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ | २०८२।९।२५ |

| सि.नं. | विवरण | पारित मिति |
|---|---|---|
| १६. | व्यास नगरपालिका वन ऐन, २०८२ | २०८२।९।२५ |
| १७. | व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि (दोस्रो संशोधन), २०८२ | २०८२।१०।७ |
| १८. | व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि (पाँचौं संशोधन), २०८२ | २०८२।१०।२३ |
| १९. | व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०८२ | २०८२।१२।४ |
| २०. | भूमि बैंक स्थापना कार्यविधि, २०८२ | २०८२।१२।४ |
| २१. | व्यास नगरपालिका बजेट तथा योजना तर्जुमा मापदण्ड, २०८३ | २०८३।१।६ |
| २२. | व्यास नगरपालिका अटो रिक्सा सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०८३ | २०८३।१।२२ |
| २३. | व्यास नगरपालिका आर्थिक विधेयक २०८३ | प्रस्तावित |
| २४. | व्यास नगरपालिका विनियोजन विधेयक, २०८३ | प्रस्तावित |
| २५. | व्यास नगरपालिका उर्जा विकास विधेयक, २०८३ | प्रस्तावित |

अब हामी प्रस्तावित विधेयक समेत हालसम्म निर्माण भएका कानुनहरुको संख्यात्मक संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छौ । साथै उक्त कानुनहरु नगरपालिकाको वेवसाइटमा राखिएको व्यहोरा समेत अवगत गराउन चाहन्छौ ।

| सि. नं. | कानुनको विवरण | संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कानुन | संशोधन | खारेज | चालु अवस्थाका | |
| १ | ऐन | ५३ | २९ | ४ | ४९ | चालु अवस्थाका ४९ वटा ऐन मध्ये आर्थिक ऐन र विनियोजन ऐन १८ वटा |
| २ | नियमावली | १० | १० | १ | ९ | |
| ३ | कार्यविधि | ९८ | ३६ | १४ | ८४ | |
| ४ | निर्देशिका | १६ | ६ | २ | १४ | |
| ५ | मापदण्ड र अन्य | १२ | २ | ३ | ९ | |
| | **जम्मा** | **१८९** | **८३** | **२४** | **१६५** | |

अन्त्यमा उल्लेखित कानुनहरुको मस्यौदा निर्माणमा यस समितिलाई सहयोग पुऱ्याउनु हुने आदरणीय नगर प्रमुख एवं यस गरिमामय सभाका सभाध्यक्षज्यू, उपप्रमुखज्यू, कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका पदाधिकारीज्यूहरु एवं शाखागत समितिका पदाधिकारी र शाखा प्रमुखहरु लगायत सम्बन्धित महानुभावहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छौ ।

प्रतिवेदन पेश गर्ने
संयोजक: श्री रमेशचन्द्र हड्खले, वडाध्यक्ष व्यास १
सदस्य: श्री काजीमान श्रेष्ठ, वडाध्यक्ष व्यास १४
सदस्य: श्री युवराज गुरुङ, वडाध्यक्ष व्यास ८
सदस्य: श्री गौकुमारी न्यौपाने, वडा सदस्य व्यास ४
सदस्य सचिव: श्री गोकर्णराज वाग्ले, कम्प्युटर अधिकृत
मिति: २०८३।३।२७

# ४५ औं नगर सभामा जलश्रोत समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

**नगर सभा सदस्यज्यूहरु,**

व्यास नगरपालिकाको ४५ औं नगर सभामा व्यास नगरपालिका जलश्रोत समितिको तर्फबाट हालसम्म गरेका कामहरुको बारेमा जानकारी गराउन तयार पारिएको प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुरुप व्यास नगरपालिका जलश्रोत कार्यविधि, २०७८ जारी गरी सो अनुरुप यस समितिले आ.व.२०८२/०८३ मा निम्नानुसार बैठक बसी निर्णय गरेको व्यहोरा अवगत गराउन चाहन्छौ :

| बैठक बसेको मिति | निर्णय संख्या | निर्णयको छोटकरी व्यहोरा |
|---|---|---|
| २०८२ श्रावण-२०८३ आषाढ मसान्तसम्म १९ वटा बैठक । | ३२ | - विभिन्न वडाहरुमा ९ वटा नयाँ पानीको मूल दर्ता, २७ वटा जिल्ला जलश्रोत समिति तनहुँमा दर्ता भई सोको नवीकरण गर्ने निर्णय भएको । |

व्यास नगरपालिका जलश्रोत कार्यविधि, २०७८ निर्माण भई विगतमा जिल्ला जलश्रोत समितिले गर्दै आएका कामहरु यस समितिद्वारा सम्पादन हुँदै आइरहेको छ। व्यास नगरपालिका क्षेत्रभित्र खानेपानीका नयाँ मूल दर्ता गर्ने, जिल्ला जलश्रोत समितिमा दर्ता भएका मूल दर्ताको नवीकरण गर्ने मुख्य जिम्मेवारी रहेको यस समितिले स्थापनादेखि नै विभिन्न आरोह अवरोह पार गर्दै अहिलेसम्म कानुनद्वारा निर्धारित समयमा खानेपानी मूल दर्ता प्रक्रियामा सेवाग्राहीको गुनासो रहित ढङ्गले सेवा प्रवाह गर्दै आइरहेको छ ।

अन्तमा यस समितिले हालसम्म आफ्नो जिम्मेवारी वहन गर्ने सिलसिलामा सहयोग गर्नु हुने उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू एवं अन्य शाखा, उपशाखा प्रमुखज्यूहरु प्रति हार्दिक अभार प्रकट गर्न चाहन्छौ ।

**<u>प्रतिवेदन पेश गर्ने</u>**

-संयोजक : श्री वैकुण्ठ न्यौपाने, नगर प्रमुख
-सदस्य : श्री सुरेश थापा, वडाध्यक्ष व्यास ९
-सदस्य : श्री खेमराज पोखेल, वडाध्यक्ष व्यास १०
-सदस्य : श्री बमबहादुर आले , वडाध्यक्ष व्यास १२
-सदस्य : श्री बसन्तबहादुर आले , वडाध्यक्ष व्यास १३
-सदस्य : श्री चन्द्रमायाँ परियार, कार्यपालिका सदस्य
-सदस्य : श्री नरिमायाँ राना, कार्यपालिका सदस्य
-सदस्य : श्री निला घिमिरे, कार्यपालिका सदस्य
-सदस्य सचिव : श्री सुकदेव लम्साल, प्र.प.अ.

***

# ४५ औं नगर सभामा अनुगमन तथा सुपरीवेक्षण समितिबाट प्रस्तुत प्रतिवेदन

नगर सभाका अध्यक्षज्यू
नगर सभाका सदस्यज्यूहरु

व्यास नगरपालिकाको ४५ औं नगर सभामा नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको तर्फबाट चालु आर्थिक वर्षमा सम्पादन भएका कार्यहरुको बारेमा जानकारी गराउने उद्देश्यले तयार गरिएको यस प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु ।

व्यास नगरपालिका कार्यालयद्धारा चा.लु आ.व २०८२।८३ मा संचालित विभिन्न योजनाहरुको समग्र अनुगमन तथा जाँसपास गर्ने प्रयोजनका लागि गठित तपसिलमा उल्लेखित योजना जाँचपास तथा अनुगमन समितिले योजनाहरुको विभिन्न मितिमा गरेको स्थलगत अनुगमन, निरीक्षण तथा नगरवासीहरुको छलफलको आधारमा विभिन्न राय, सुझाव, आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरी यस समितिमा ती राय, सुझव, सूचना तथा तथ्याङ्कहरुको व्यापक रुपमा छलफल तथा समीक्षा गरी निष्किएको निचोडको अधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

**<u>अनुगमनको लक्ष्य  र उद्देश्य</u> :**

- आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,
- कार्यतालिका बमोजिम आयोजना कार्यान्वयन भए-नभएको यकिन गरि नभएको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,
- विभिन्न आयोजनाहरुको कार्य सञ्चालनको स्थिति, गुणस्तरको अवस्था तथा उपभोक्ताहरुको राय सुझाव समेतको आधारमा आयोजनाहरुको अनुगमनका क्रममा देखिएका समस्याहरुको लेखाजोखा गरी आवश्यक सुझाव सहित प्रतिवेदन तयार पारि नगर प्रमुख समक्ष पेश गर्ने,
- विषयगत कार्यालय तथा अन्य सरकारी तथा गैरसरकारी संस्थाबाट नगरक्षेत्र भित्र सञ्चालित आयोजना तथा कार्यक्रमहरु समेतको अनुगमन गरी प्रतिवेदन तयार पार्ने ।

**<u>अनुगमनको विधि</u> :**

अनुगमन समितीलाई कार्यालयले प्रदान गरेको कार्य जिम्मेवारी बमोजिम आयोजना स्थलमा सरोकारवाला समेतको सहभागितामा प्रत्यक्षरुपमा निरीक्षण गर्ने, सम्बद्ध निकाय तथा व्यक्तिहरुसँग छलफल, अन्तरकृया गर्ने, कार्यालयको विभागीय ल.ई.को अध्ययन तथा सो अनुसार फिल्डमा कार्य भए-नभएको, सञ्चालित आयोजनाको वर्तमानमा आवश्यकता र महत्वको बारेमा समेत व्यापक रुपमा स्थानीयसँग छलफल र परामर्श गरी सोही आधारमा आयोजनाहरुको विविध पक्षहरुको व्यापक व्याख्या

र विश्लेषण गरिएको छ । चालु आर्थिक वर्षमा यस समितिले रु.५ लाखभन्दा माथिका नगरस्तरीय र वडास्तरीय योजनाहरुको अनिवार्य रुपमा अनुगमन गरिएको थियो ।

**<u>अनुगमनका क्रममा देखिएका केही समस्या र सुझावहरु</u> :**

- समितिले गरेको अनुगमनको सिलसिलामा कतिपय आयोजाहरुको हकमा लागत ईष्टिमेट तयार नगरी बजेट विनियोजन भएको कारण साना-साना योजना पनि एक आ.व. मा सम्पन्न गर्न नसकिने र एउटै सानो योजनामा हरेक वर्ष बजेट विनियोजन गर्नुपर्ने अवस्था देखियो ।
- उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको निरीक्षण गर्न स्थानीय उपभोक्ताहरुको भेलाबाट गठित योजना अनुगमन समितिका पदाधिकारीहरु निष्कृय रहेको साथै निर्माण समितिमा पनि अध्यक्ष  सचिव र कोषाध्यक्ष बाहेक अन्य सदस्यहरु प्रकृया पूरा गर्न मात्र समितिमा बसेको तर योजनाको लागत ईष्टिमेट र बजेटको सीमा सम्बन्धमा अनविज्ञ रहेको देखियो ।
- भौतिक पूर्वाधार निर्माण  विशेष गरी भवन निर्माण सम्बन्धी योजनाहरुलाई बजेट विनियजन भई लागत ईष्टिमेट तयार गरी उपभोक्ता समितिसँग योजना सञ्चालन सम्बन्धी सम्झौता  भएको तर भवनको डिजाइन नक्सा प्राविधिकहरुले उपलब्ध नगराएकोले काम गर्न असहज भएको भन्ने उपभोक्ताहरुको गुनासो रहेको पाइयो ।
- नगरपालिका कार्यालयबाट सञ्चालन भएका कतिपय ठूला प्रकृतिका योजनाहरु कार्यतालिका बमोजिम काम सम्पन्न नभई पटक पटक म्याद थप गरिएको अवस्था देखियो ।
- समग्रमा यस अनुगमन समितिले आर्थिक वर्षको अन्त्यमा गरेको अनुगमनको सिलसिलामा माथि उल्लेखित केही कमिकमजोरी बाहेक योजनाहरु गुणस्तरीय रुपमा सम्पन्न भएको देखियो ।
- जिल्ला दररेटले निर्धारण गरेको ज्यामीको ज्याला र वास्तविक ज्यालामा अन्तर हुँदा लागत अनुमान बमोजिम काम गर्न कठिन देखिएको ।
- जग्गा विवाद, खानेपानीको हकमा मूलको विवाद जस्ता समस्या ।
- ग्रामिण क्षेत्रमा युवा जनशक्ति नरहेकोले महिला र बुढाबुढीहरु निर्माण समितिमा रहने हुँदा काम गर्न समस्या ।
- ईष्टिमेट भन्दा बाहिरको काम हुने जस्ता समस्या ।
- स्थानीय स्तरमा जनश्रमदान तथा लागत सहभागिता जुटाउन समस्या ।
- लागत सहभागिताका ठूला प्रकृतिका योजनाहरु उपभोक्ता समितिलाई जिम्मा दिंदा समितिसँग त्यस्तो प्रकृतिको कामको अनुभव नरहने तथा सामग्रीहरु जुटाउन पनी नसक्ने अवस्था हुँदा ठेकेदारलाई मोलमोलाई गरी जिम्मा दिने गरेको देखियो ।

**<u>निष्कर्ष र सुझावहरु</u> :**

- बहुवर्षीय योजनाहरु बाहेकका अन्य योजनाहरु सोही आर्थिक वर्षमा सम्पन्न नभएमा भएको कामको मूल्याङ्कन गरी भुक्तानी दिने र सम्झौता अन्त्य गर्नुपर्ने ।

- चालु आर्थिक वर्षको लागि स्वीकृत योजनाहरुको सम्झौता नभएको अवस्थामा आगामी आर्थिक वर्षको लागि निरन्तरता नदिने ।
- ठेक्कापट्टाबाट सञ्चालन हुने योजनाको हकमा स्थानीयसँग ठेक्का हुनुभन्दा पहिले र ठेक्का स्वीकृत भएपछि परामर्श र छलफल गर्नुपर्ने,
- ठेक्कापट्टाबाट सञ्चालन हुने योजनाको लागि स्थानीय व्यक्तिहरु सदस्य रहने गरी अनिवार्य रुपमा अनुगमन समिति गठन गर्नुपर्ने,
- योजना स्वीकृत भएपछि समितिका सदस्यहरुलाई अनिवार्य रुपमा आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तालिम प्रदान गर्नुपर्ने,
- उपभोक्ता समिति वा ठेक्काबाट सञ्चालित योजनाहरुको लागत स्टीमेट, आयोजना सञ्चालन मिति लगायतका विषयहरुलाई समेटी सूचना पार्टी निर्माण स्थलमा अनिवार्य राख्न लगाउने ।
- उपभोक्ताहरुलाई निर्माण अवधिका समयमा कुनै प्राविधिक कठिनाई आइपरि खबर भएमा सम्बन्धित प्राविधिकले समयमा नै सहजीकरण गर्नुपर्ने,
- कतिपय उपभोक्तालाई नगरपालिकाबाट छनौट भएका योजना तथा बजेटको बारेमा जानकारी नहुने हुँदा समयमानै पत्राचार गरी जानकारी गराउनुपर्ने,
- नगरपालिकाले योजना तथा बजेट विनियोजन गर्दा उक्त योजनको बारेमा  सरोकारवाला बीच छलफल गरी विवाद रहित ढङ्गबाट योजना सञ्चालन हुने यकिन भएपछि मात्र योजना छनौट गर्ने,
- कतिपय योजनालाई अन्य निकायबाट समेत बजेट विनियोजन हुने हुँदा अन्तर निकाय समन्वय गरी योजनाको लागत र डिजाइन तयार गर्ने,
- समयमा नै गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्ने निर्माण व्यवसायी तथा समितिलाई नगरपालिकाले प्रोत्साहन स्वरुप पुरस्कृत गर्नुपर्ने ।

अन्त्यमा व्यास नगरपालिका अनुगमन तथा सुपरीवेक्षण समितिबाट उल्लेखित कार्यहरु सम्पन्न गर्नको लागि यस समितिलाई सहयोग पुऱ्याउनु हुने आदरणीय नगर प्रमुख एवं यस गरिमामय सभाका सभाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका विभिन्न विषयगत समितिहरुका पदाधिकारीहरु तथा कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छौ ।

<u>प्रतिवेदन पेश गर्ने</u>
संयोजक : श्री इन्दिरा दरै, उपप्रमुख
सदस्य : श्री सुकदेव लम्साल, प्र.प्र.अधिकृत
सदस्य : श्री सुरेश थापा, वडा अध्यक्ष व्यास ९
सदस्य : श्री कृष्ण दुरा गुरुङ, कार्यपालिका सदस्य
सदस्य सचिव : डा. राजु पौडेल, सि.डि.ई.

***